# नगर शिक्षा योजना-२०८३


## २०८३/८४ देखि २०९२/९३











## सुन्दरबजार नगरपालिका,
## नगर कार्यपालिकाको कार्यालय
## सुन्दरबजार, लमजुङ

# नगर शिक्षा योजना-२०८३

**(२०८३/२०८४ – २०९२/२०९३)**

**सुन्दरबजार नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

सुन्दरबजार , लमजुङ

# सल्लाहकार

नगर प्रमुखः श्री कृष्ण प्रसाद कोइराला

उप प्रमुखः श्री भवानी के.सी.

# शिक्षा योजना निर्माण समिति

संयोजकः श्री रमेश घर्ति, प्रमुख प्रशासकीय अधिकृत

सदस्यः श्री दिपकराज ढकाल, सदस्य, सामाजिक विकास समिति

सदस्यः बिरेन्द्र गौतम, शिक्षा शाखा प्रमुख

सदस्यः श्री रविन्द्र पौडेल, स.शिक्षा अधिकृत

सदस्य-सचिवः श्री ललित बाबु तिवारी, स्रोतव्यक्ति

# योजना मस्यौदा उप समिति

संयोजकः बिरेन्द्र गौतम, शिक्षा शाखा प्रमुख

सदस्यः सूर्यबहादुर केसी, प्र.अ., श्री विद्याज्योति मावि

सदस्यः ओमबहादुर भुजेल, प्र.अ., श्री भक्ति नमूना मावि

सदस्यः रविन्द्र पौडेल, स.शिक्षा अधिकृत

सदस्यः उत्तम बसेल, प्र.अ., श्री शान्ति मावि

सदस्यः मेनबहादुर घले, प्रिन्सिपल, ग्लोबल भिजन आमावि

सदस्यः तुलसी गुरुङ, प्र.अ., श्री अकला आवि

सदस्यः सानुमाया दुरा, शिक्षक, श्री सौभाग्यसदन मावि

सदस्य-सचिवः ललित बाबु तिवारी, स्रोतव्यक्ति

# नगर प्रमुखको शुभकामना

"समृद्ध सुन्दरबजार, खुसी नगरवासी" को मूल गन्तव्यतर्फ अग्रसर हाम्रो नगरपालिकाको चौतर्फी विकासका लागि शिक्षा सबैभन्दा शक्तिशाली माध्यम हो । शिक्षा केवल व्यक्तिगत वृत्तिविकासको साधन मात्र नभई सभ्य समाज निर्माण, आर्थिक समृद्धि र दिगो विकासको मेरुदण्ड पनि हो । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हकको स्थानीय स्तरमा सफल कार्यान्वयन गर्दै प्रत्येक बालबालिकालाई गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा प्रदान गर्नु स्थानीय सरकारको रूपमा हाम्रो पहिलो र सर्वोपरी दायित्व हो । यसै दायित्वलाई आत्मसात् गर्दै सुन्दरबजार नगरपालिकाले आगामी दिनको स्पष्ट मार्गचित्र समेटिएको यो **नगर शिक्षा योजना** तर्जुमा गरी प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

नगर क्षेत्रभित्र शैक्षिक पहुँचको विस्तारमा हामीले उल्लेखनीय सफलता हासिल गरे तापनि सिकाइ उपलब्धिलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनु, सामुदायिक विद्यालयहरूको भौतिक तथा प्राज्ञिक सबलीकरण गर्नु र प्राविधिक एवं व्यावसायिक शिक्षामा जोड दिनु आजको मुख्य आवश्यकता हो । हाम्रा सामु रहेका भौगोलिक, सामाजिक र आर्थिक चुनौतीहरूलाई चिर्दै लैङ्गिक समानता, अपाङ्गतामैत्री पूर्वाधार र समावेशी सिकाइ वातावरण सुनिश्चित गर्न यो योजना एक कोशेढुङ्गा सावित हुनेछ भन्ने मेरो दृढ विश्वास छ ।

यो शिक्षा योजना राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्यहरूसँग समेत तादात्म्यता राख्दै हाम्रा स्थानीय सम्भावना र आवश्यकताहरूलाई सम्बोधन गर्ने गरी निर्माण गरिएको छ । शिक्षालाई ज्ञान, सीप र संस्कारसँग जोड्दै हाम्रा बालबालिकाहरूलाई एक्कासौँ शताब्दीको विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिकवान् र देशभक्त नागरिक बनाउनु नै यस योजनाको मूल ध्येय हो ।

कुनै पनि उत्कृष्ट योजनाको सार्थकता त्यसको पूर्ण र इमानदार कार्यान्वयनमा निर्भर रहन्छ । यस योजनालाई सफल बनाउन नगर कार्यपालिका, वडा समितिहरू, विषयगत शाखाहरू, प्रधानाध्यापक तथा शिक्षक शिक्षिकाहरू, व्यवस्थापन समिति, शिक्षाप्रेमी, राजनैतिक दल, अभिभावक, विद्यार्थी, नागरिक समाज र सम्पूर्ण नगरवासीको निरन्तर साथ, सहकार्य र प्रतिबद्धता आवश्यक पर्दछ । हामी सबैको एकीकृत र सामूहिक प्रयासबाट मात्र सुन्दरबजारलाई एक उदाहरणीय र उत्कृष्ट शैक्षिक गन्तव्य (Educational Hub) का रूपमा विकास गर्न सम्भव छ । यो योजना अन्य स्थानीय सरकार एवं बुद्धिजिवीहरुलाई पनि थप सिकाइ हुने अपेक्षा गर्दछु ।

अन्तमा, यो दूरगामी नगर शिक्षा योजना तर्जुमा कार्यमा प्रत्यक्ष एवं परोक्ष रूपमा अहोरात्र खटिएर योगदान पुर्‍याउनुहुने जनप्रतिनिधिहरू, शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखाका कर्मचारीहरू, विज्ञ समूह, शिक्षक, प्रधानाध्यापक र सम्पूर्ण सरोकारवाला महानुभावहरू प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । यस योजनाको सफल कार्यान्वयनको कामना गर्दै सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कृष्णप्रसाद कोइराला
नगर प्रमुख

# उप प्रमुखको शुभकामना

परिवर्तन र चेतनाको संवाहक शिक्षा नै मानवीय क्षमता उजागर गर्ने र समाजलाई न्यायपूर्ण, सशक्त र चलायमान बनाउने अचुक कडी हो। शिक्षा क्षेत्रको विकास विना अन्य भौतिक विकासका आयामहरू सधैँ अधुरा रहन्छन्। नेपालको संविधानले सुम्पेको स्थानीय तहको अधिकार र जिम्मेवारीलाई आत्मसात् गर्दै सुन्दरबजार नगरपालिकाले नगरको शैक्षिक विकासलाई प्रणालीगत, समतामूलक र पारदर्शी बनाउने उद्देश्यका साथ यो **नगर शिक्षा योजना** तर्जुमा गरेकोमा गौरवको अनुभूति भएको छ।

अनुगमन र सुशासनको दृष्टिकोणबाट हेर्दा, शैक्षिक लगानीको सही सदुपयोग र लक्षित वर्गसम्म यसको न्यायोचित पहुँच सुनिश्चित गर्नु आजको टड्कारो आवश्यकता हो। नगरभित्रका विद्यालयहरूको भौतिक, प्रशासनिक र प्राज्ञिक पक्षलाई जवाफदेही बनाउँदै, सिकाइ मैत्री वातावरण निर्माण गर्न यो योजना मार्गदर्शक बन्नेछ। हाम्रा भौगोलिक चुनौती, आर्थिक विपन्नता र सामाजिक अवरोधहरूलाई चिर्दै बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई मूल प्रवाहमा ल्याई "कसैलाई पनि पछाडि नछाड्ने" (Leaving no one behind) समतामूलक शैक्षिक प्रणालीको जग बसाल्नु हाम्रो मूल दायित्व हो।

यो योजना केवल एउटा दस्तावेज मात्र होइन, यसले सुन्दरबजार नगरपालिकाका बालबालिकाको उज्ज्वल भविष्यको सुनिश्चितताका लागि योजनाबद्ध सुधारको वकालत गर्दछ। शिक्षालाई सीप, उद्यमशीलता र स्थानीय मौलिकतासँग जोड्दै सदाचारयुक्त र मर्यादित नागरिक उत्पादन गर्ने दिशामा यो योजनाले स्पष्ट दिशाबोध गरेको छ। विद्यालय तहदेखि नै लैङ्गिक सचेतना, मैत्रीपूर्ण व्यवहार र सामाजिक न्यायको संस्कार सिकाउनु यस योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो।

यस योजनाको मर्मलाई मूर्तरूप दिन योजनाबद्ध अनुगमन, स्रोतको विवेकपूर्ण परिचालन र व्यवस्थापकीय सुशासन अपरिहार्य रहन्छ। तसर्थ, यस योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी संयन्त्र, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा नागरिक समाजलाई आ-आफ्नो तहबाट इमानदार प्रयत्न र सक्रिय योगदान पुऱ्याउनुहुन हार्दिक आह्वान गर्दछु।

यो दूरगामी र व्यावहारिक शिक्षा योजना निर्माणको प्रक्रियामा अहोरात्र खटिएर आफ्नो अमूल्य सुझाव, श्रम र विज्ञता प्रदान गर्नुहुने योजना निर्माण समिति, शिक्षा शाखाका कर्मचारीहरु, परामर्शदाता, शिक्षक संगठन, र सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस योजनाको अक्षरसः कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्दछु।

भवानी केसी
उप प्रमुख

# प्रमुख प्रशासकीय अधिकृतको सन्देश

शिक्षा मानव जीवनको ऊर्जा र समाज विकासको आधारशिला हो । कुनै पनि सभ्य, सुदृढ र गतिशील समाजको दिगो विकास, समृद्धि एवं सामाजिक रूपान्तरणको मूल संवाहक नै समावेशी, गुणस्तरीय र व्यावहारिक शिक्षा हो । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गर्दै यसको कार्यान्वयन, संरक्षण र व्यवस्थापनको अहम् जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ । यसै संवैधानिक म्यान्डेट र नागरिकप्रतिको उत्तरदायित्वलाई आत्मसात् गर्दै सुन्दरबजार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक विकासलाई संस्थागत, योजनाबद्ध र परिणाममुखी बनाउन यस **'नगर शिक्षा योजना'** निर्माण गरेको छ ।

नगर क्षेत्रमा शिक्षाको पहुँच विस्तार हुनु सुखद पक्ष रहे तापनि सिकाइ उपलब्धिमा अभिवृद्धि, गुणस्तरमा सुधार, शैक्षिक साम्यताको सुनिश्चितता, आधुनिक सूचना प्रविधिको जिम्मेवारपूर्ण प्रयोग, शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि र विद्यालय सुशासनको सुदृढीकरण जस्ता बहुआयामिक क्षेत्रमा अझै गुणात्मक फड्को मार्नुपर्ने आवश्यकता छ । हाम्रो भौगोलिक विशिष्टता, सामाजिक-आर्थिक विविधता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी विद्यमान चुनौतीहरूका माझ प्रत्येक बालबालिकालाई समतामूलक र न्यायोचित ढंगले गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नु हाम्रो प्रमुख चुनौती र दायित्व दुवै हो ।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, आन्तरिक स्रोत-साधन र सम्भावनाहरूलाई वस्तुनिष्ठ ढंगले केलाउँदै शिक्षा क्षेत्रको समग्र गुणात्मक सुधारका लागि स्पष्ट मार्गचित्र (Roadmap) प्रस्तुत गरेको छ । साथै, यस योजनालाई राष्ट्रिय विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्य (SDGs) सँग तादात्म्यता कायम गर्दै दीर्घकालीन, समावेशी र उपलब्धिमूलक शैक्षिक प्रणाली निर्माणतर्फ निर्देशित गरिएको छ ।

हाम्रो दृढ विश्वास छ - शिक्षा केवल अक्षर ज्ञान वा प्रमाणपत्र आर्जन गर्ने माध्यम मात्र होइन, यो त जीवनपर्यन्त चलिरहने रूपान्तरणको महाअभियान हो । त्यसैले, बालमैत्री, समावेशी, सुरक्षित एवं प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण, शिक्षकहरूको निरन्तर क्षमता विकास, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र सुशासनयुक्त व्यवस्थापनबाट मात्रै अपेक्षित शैक्षिक गुणस्तर हासिल गर्न सम्भव छ ।

अन्तमा, यस महत्त्वाकाङ्क्षी योजनाको सफल एवं प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक शिक्षिकाहरू, अभिभावक, विद्यार्थी, नागरिक समाज, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवालाहरूबीच सुदृढ सहकार्य, निरन्तर समन्वय र साझा प्रतिबद्धता अपरिहार्य रहन्छ । यस योजनाको कार्यान्वयन मार्फत सुन्दरबजार नगरपालिकालाई एक उत्कृष्ट, समावेशी र सिकाइमैत्री शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न सफलता मिल्ने विश्वास लिएको छु ।

धन्यवाद ।

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

# हाम्रो भनाइ

शिक्षा मानव सभ्यताको उन्नयन, सामाजिक रूपान्तरण तथा समृद्ध समाज निर्माणको आधारशिला हो । ज्ञान, सीप, मूल्य र संस्कारयुक्त नागरिक उत्पादन गर्नु शिक्षा प्रणालीको प्रमुख उद्देश्य हो । गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको सुनिश्चितताबाट मात्र दिगो विकास, सामाजिक न्याय र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । नेपालको संविधानले शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यही संवैधानिक दायित्व, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई आधार मानी सुन्दरबजार नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो ।

सुन्दरबजार नगरपालिका प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताले समृद्ध क्षेत्र हो । विगतका वर्षहरूमा विद्यालय पहुँच विस्तार, भौतिक पूर्वाधार विकास तथा शैक्षिक अवसर वृद्धिमा उल्लेखनीय प्रगति भए पनि सिकाइ उपलब्धि सुधार, शिक्षण–सिकाइ प्रक्रियाको गुणस्तरीकरण, प्रविधिको प्रभावकारी उपयोग, शिक्षकको पेशागत क्षमता विकास, विद्यालय सुशासन तथा शैक्षिक समानताको क्षेत्रमा अझ योजनाबद्ध प्रयास आवश्यक रहेको यथार्थलाई यस योजनाले आत्मसात गरेको छ । साथै, भौगोलिक, सामाजिक–आर्थिक तथा लैङ्गिक असमानता, विपन्नता र अपाङ्गताजस्ता चुनौतीका कारण कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने लक्ष्यलाई यस योजनाले विशेष प्राथमिकतामा राखेको छ ।

यो नगर शिक्षा योजना स्थानीय स्रोत–साधन, सम्भावना, आवश्यकता तथा चुनौतीहरूको विश्लेषणमा आधारित रणनीतिक दस्तावेज हो । यसले प्रारम्भिक बालविकासदेखि माध्यमिक, प्राविधिक तथा व्यावसायिक, समावेशी, वैकल्पिक तथा आजीवन शिक्षासम्मका क्षेत्रलाई समेट्दै आगामी दशकका लागि स्पष्ट दृष्टिकोण, उद्देश्य, रणनीति र कार्यदिशा निर्धारण गरेको छ । साथै, दिगो विकास लक्ष्य (SDGs) तथा विद्यालय शिक्षा क्षेत्र योजनासँग प्रभावकारी समन्वय कायम गरिएको छ ।

शिक्षा जीवनपर्यन्त चलिरहने सिकाइको प्रक्रिया हो । बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण, शिक्षकको पेशागत सक्षमता, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, नवप्रवर्तनमा आधारित शैक्षिक अभ्यास तथा उत्तरदायी शासकीय व्यवस्थामार्फत शिक्षा क्षेत्रमा अपेक्षित रूपान्तरण सम्भव हुनेछ ।

यस योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, विद्यालय परिवार, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, निजी क्षेत्र, नागरिक समाज तथा विकास साझेदारहरूको सक्रिय सहभागिता र साझा प्रतिबद्धता आवश्यक रहनेछ । सामूहिक प्रयास, सुशासन र निरन्तर सुधारको संस्कृतिमार्फत सुन्दरबजार नगरपालिकालाई गुणस्तरीय, समावेशी, नवप्रवर्तनशील तथा सिकाइमैत्री शिक्षाको नमुना स्थानीय तहका रूपमा स्थापित गर्ने हाम्रो दृढ संकल्प रहेको छ ।

शिक्षा, युवा तथा खेलकुद शाखा
सुन्दरबजार नगरपालिका

# विषय सूची

Contents

नगर प्रमुखको शुभकामना ........ क

उप प्रमुखको शुभकामना ........ ख

प्रमुख प्रशासकीय अधिकृतको सन्देश ........ ग

हाम्रो भनाइ ........ घ

योजनाको सारांश ........ ञ

क) विषय प्रवेश ........ ट
ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ ठ
ग) शिक्षा योजना निर्माणका आधार........ ड
घ) योजनाको दस्तावेजको स्वरूप........ ण

परिच्छेद १........ 1

परिचय ........ 1

१.१ भौगोलिक अवस्थिति ........ 1
१.१.१ परिचय ........ 1
१.१.२ नगरपालिकाको नक्साः........ 2

१.२ जनसाङ्ख्यिक संरचना........ 2
१.२.१ कुल जनसंख्या........ 2
१.२.२ वडा अनुसार जनसंख्या ........ 3

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ 3

१.४ आर्थिक अवस्था........ 5

१.५ शैक्षिक अवस्था ........ 6
१. परिचय ........ 6
१.६ सबल पक्षहरु........ 11
१.७ शिक्षा क्षेत्रका समस्याहरू ........ 12
१.८ अवसरहरू........ 13
१.९ चुनौतीहरू ........ 15

परिच्छेद २........ 17

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 17

२.१ दूरदृष्टि ........ 17
२.२ लक्ष्य ........ 17
२.३ उद्देश्य........ 17
२.४ रणनीतिहरु........ 17
२.५ अपेक्षित उपलब्धि........ 20
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 20

परिच्छेद ३........ 23

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र...... 23**

३.१ प्रारम्भिक बालविकास र शिक्षा...... 23

३.१.१ परिचयः ...... 23

३.१.२ वर्तमान अवस्थाः ...... 23

३.१.३ उदेश्यः ...... 25

३.१.४ रणनीतिहरू...... 25

३. १.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ...... 26

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण...... 26

३.२ आधारभतू शिक्षा ...... 28

३.२.१ परिचय ...... 28

३. २. २ वर्तमान अवस्था ...... 28

३. २. ३ उद्देश्य ...... 29

३. २. ४ रणनीतिहरू...... 29

३. २.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... 31

३.३ माध्यमिक शिक्षा ...... 33

३. ३. १ परिचय ...... 33

३. ३. २ वर्तमान अवस्था ...... 34

३. ३. ३ उद्देश्य ...... 35

३. ३. ४ रणनीतिहरू...... 35

३. ३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... 36

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ...... 36

३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ...... 39

३.४.१ परिचय ...... 39

३.४.२ वर्तमान अवस्था...... 39

३.४.३ उद्देश्य ...... 40

३.४.४ रणनीतिहरू...... 40

३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ...... 41

**परिच्छेद ४...... 44**

**अन्तरसम्बन्धित विषय क्षेत्रहरु ...... 44**

४.१ पाठ्यक्रम र मूल्याङ्कन ...... 44

४. १. १ परिचय ...... 44

४. १. २ वर्तमान अवस्था...... 45

४. १. ३ उद्देश्य ...... 45

४. १. ४ रणनीतिहरू...... 46

४. १.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... 46

४.२ शिक्षक व्यवस्थापन र विकास...... 49

४.२. १ परिचय...... 49

४.२. २ वर्तमान अवस्था ........ 49
४.२.३ उद्देश्य ........ 50
४.२.४ रणनीतिहरू........ 50
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 51
४.३ समता र समावेशीकरण ........ 54
४.३.१ परिचय ........ 54
४. ३. २ वर्तमान अवस्था........ 54
४. ३. ३ उद्देश्य ........ 55
४.३.४ रणनीतिहरू........ 55
४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........ 56
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम........ 58
४.४.१ परिचय ........ 58
४.४.२ बर्तमान अवस्था........ 58
४.४.३ उद्देश्यहरु........ 59
४.४.४ रणनीतिहरू........ 59
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........ 60
४.५ आपतकालीन अवस्थामा शिक्षा ........ 62
४.५. १ परिचय........ 62
४.५.२ वर्तमान अवस्था........ 63
४.५. ३ उद्धेश्य ........ 63
४.५. ४ रणनीति ........ 63
४.५. ५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 64
४. ६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 66
४. ६. १ परिचय........ 66
४. ६. २ वर्तमान अवस्था........ 67
४. ६. ३ उद्देश्य ........ 67
४. ६. ४ रणनीतिहरू........ 68
४. ६. ५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य ........ 68
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि........ 71
४.७. १ परिचय........ 71
४.७. २ वर्तमान अवस्था ........ 71
४.७. ३ उद्देश्य ........ 72
४.७. ४ रणनीतिहरू........ 72
४.७. ५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 73
ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 73
**परिच्छेद ५........ 75**
**विद्यालय सुशासन तथा व्यवस्थापन ........ 75**

५.१ संस्थागत क्षमता विकास ........ 75
५.१.१ परिचय ........ 75
५.१.२ वर्तमान अवस्था ........ 76
५.१.३ उद्देश्य ........ 77
५.१.४ रणनीतिहरू ........ 77
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 78
ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 78
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 80
५.२.१ परिचय ........ 80
५.२.२ वर्तमान अवस्थाः ........ 81
५.२.३ उद्देश्यहरुः ........ 81
५.२.४ रणनीतिहरू ........ 82
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 82
५.३ अनुगमन तथा मूल्याङ्कन ........ 84
५.३.१ परिचय ........ 84
५.३.२ वर्तमान अवस्था ........ 85
५.३.३ उद्देश्य ........ 85
५.३.४ रणनीतिहरू ........ 85
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 86
**परिच्छेद ६ ........ 89**
**लगानी र स्रोत व्यवस्थापन ........ 89**
६.१ परिचय ........ 89
६.२ वर्तमान अवस्था ........ 90
६.३ उद्देश्य ........ 91
६.४ रणनीतिहरू ........ 91
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 92
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको ........ 92
बजेट विवरण ........ 92
**परिच्छेद ७ ........ 102**
**कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ........ 102**
७.१ परिचय ........ 102
७.२ वर्तमान अवस्था ........ 103
७.३ उद्देश्य ........ 104

**७.४ रणनीतिहरू** ........ 105

**७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य** ........ 105

अनुसूचीहरु ........ **108**

# योजनाको सारांश

शिक्षा मानव विकास, सामाजिक रूपान्तरण र समृद्ध समाज निर्माणको आधारशिला हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपालको संविधानले सुनिश्चित गरेको शिक्षाको अधिकार, दिगो विकास लक्ष्य तथा राष्ट्रिय शिक्षा नीतिका मार्गनिर्देशक सिद्धान्तलाई आत्मसात गर्दै सुन्दरबजार नगरपालिकाको समग्र शैक्षिक विकासका लागि यो **नगर शिक्षा योजना** तर्जुमा गरिएको हो। बदलिँदो सामाजिक अवस्था, आर्थिक, प्राविधिक तथा ज्ञानमा आधारित विश्व परिवेशमा स्थानीय शिक्षालाई समयसापेक्ष, गुणस्तरीय, समावेशी र जीवनोपयोगी बनाउने दूरदृष्टिसहित यस योजनाले नगर क्षेत्रको शैक्षिक रूपान्तरणको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

यो योजना प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत, माध्यमिक, प्राविधिक तथा व्यावसायिक शिक्षा, वैकल्पिक तथा आजीवन शिक्षासम्मका सम्पूर्ण शैक्षिक आयामलाई समेट्ने एकीकृत तथा दीर्घकालीन रणनीतिक दस्तावेज हो। योजनाले शिक्षामा सर्वसुलभ पहुँच, समता र सहभागिता सुनिश्चित गर्नुका साथै सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षक तथा शैक्षिक जनशक्तिको व्यावसायिक क्षमता विकास, विद्यालय सुशासन तथा व्यवस्थापन सुदृढीकरण, प्रविधिमैत्री शिक्षण सिकाइको प्रवर्द्धन तथा सुरक्षित, समावेशी र बालमैत्री सिकाइ वातावरण निर्माणलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको छ।

योजना निर्माण प्रक्रियामा नगरपालिकाभित्रको शैक्षिक अवस्था, उपलब्धि, चुनौती तथा सम्भावनाको गहन विश्लेषण गरिएको छ। विद्यालयस्तरीय तथ्याङ्क अध्ययन, शैक्षिक सूचकहरूको विश्लेषण, सरोकारवालासँगको व्यापक परामर्श, समुदायका अपेक्षा तथा स्थानीय आवश्यकता पहिचानका आधारमा योजनाका लक्ष्य, रणनीति तथा कार्यक्रमहरू निर्धारण गरिएको छ। विशेषतः विद्यालय भर्ना र निरन्तरता वृद्धि, सिकाइको गुणस्तर सुधार, विद्यालय छोड्ने दर न्यूनीकरण, तथा बालिका, दलित, अपाङ्गता भएका बालबालिका, आर्थिक तथा सामाजिक रूपमा सीमान्तकृत समुदायलगायत लक्षित वर्गका लागि समान अवसर सुनिश्चित गर्न विशेष कार्यक्रमहरू प्रस्तावित गरिएको छ।

योजनाले स्पष्ट लक्ष्य, मापनयोग्य उपलब्धि सूचक, परिणाममुखी कार्यक्रम तथा कार्यान्वयन रणनीति अवलम्बन गरेको छ। वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीमार्फत योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। साथै स्थानीय स्रोत तथा साधनको अधिकतम परिचालन, संघ–प्रदेश–स्थानीय तहबीचको समन्वय, समुदायको सक्रिय सहभागिता तथा सार्वजनिक–निजी साझेदारीलाई योजनाको सफलताको आधारभूत पक्षका रूपमा जोड दिइएको छ।

समग्रमा, यो नगर शिक्षा योजना स्थानीय तहको शैक्षिक विकासलाई दिगो, समावेशी, गुणस्तरीय र परिणाममुखी दिशातर्फ उन्मुख गराउने मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनबाट प्रत्येक बालबालिका तथा नागरिकले समान शैक्षिक अवसर प्राप्त गर्ने, गुणस्तरीय सिकाइ तथा जीवनोपयोगी सीप हासिल गर्ने र शिक्षा क्षेत्रमार्फत सामाजिक न्याय, मानव पूँजी विकास तथा समृद्ध नगर निर्माणको साझा लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## क) विषय प्रवेश

नेपालको संविधानद्वारा परिकल्पित संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना निर्माण, व्यवस्थापन, नियमन तथा कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा क्षेत्रसँग सम्बन्धित विद्यमान कानुनी, नीतिगत र संस्थागत व्यवस्थाहरूले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा भाषिक विशिष्टताअनुरूप शिक्षा नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेका छन् । यस परिप्रेक्ष्यमा स्थानीय शिक्षा योजना शिक्षा क्षेत्रको समग्र विकासलाई दिशानिर्देश गर्ने रणनीतिक तथा मार्गदर्शक दस्तावेजका रूपमा स्थापित भएको छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, किशोरकिशोरी, युवा तथा वयस्क नागरिकहरूका लागि समावेशी, गुणस्तरीय, जीवनोपयोगी, प्रविधिमैत्री तथा समान अवसरमा आधारित शिक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन विकास रूपरेखा हो । यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षादेखि विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, वैकल्पिक तथा अनौपचारिक शिक्षा, निरन्तर सिकाइ तथा आजीवन शिक्षासम्मका सम्पूर्ण आयामलाई समेट्दै स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताका आधारमा लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा लगानीका स्पष्ट दिशाहरू निर्धारण गर्दछ ।

स्थानीय शिक्षा योजना संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा राष्ट्रिय विकासका दीर्घकालीन आकाङ्क्षासँग तादात्म्यता कायम गर्दै स्थानीय शिक्षा प्रणालीलाई सुदृढ, उत्तरदायी र परिणाममुखी बनाउन मार्गनिर्देशन गर्ने महत्वपूर्ण साधन हो । यसले शिक्षामा पहुँच, सहभागिता, निरन्तरता, सिकाइ उपलब्धि, समता र गुणस्तर अभिवृद्धिका प्रयासहरूलाई एकीकृत तथा समन्वित ढङ्गले अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्य, प्रमाण र यथार्थ आवश्यकतामा आधारित, सहभागितामूलक तथा समावेशी हुन आवश्यक छ । यसका लागि विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, जनप्रतिनिधि, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको अर्थपूर्ण सहभागिता अपरिहार्य मानिन्छ । यस्तो प्रक्रियाबाट तयार हुने योजनाले शिक्षा क्षेत्रमा विद्यमान चुनौती, अवसर र सम्भावनाहरूको वस्तुगत विश्लेषण गर्दै पहुँच तथा समताको अभाव, सिकाइ उपलब्धिको न्यूनता, लैङ्गिक तथा सामाजिक विभेद, अपाङ्गतामैत्री व्यवस्थाको आवश्यकता,

प्रविधिमा पहुँच, डिजिटल रूपान्तरण, जलवायु परिवर्तनका प्रभाव तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली निर्माण जस्ता समकालीन मुद्दाहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्षम हुन्छ ।

यसका अतिरिक्त स्थानीय शिक्षा योजनाले शिक्षा क्षेत्रमा गरिने सार्वजनिक लगानीको प्राथमिकता निर्धारण, स्रोत–साधनको न्यायोचित तथा प्रभावकारी परिचालन, संस्थागत क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनका लागि स्पष्ट आधार प्रदान गर्दछ । योजनामा समेटिएका दीर्घकालीन दृष्टिकोण, मापनयोग्य लक्ष्य, नतिजामूलक सूचक तथा कार्यान्वयन रणनीतिहरूले शिक्षा विकासलाई व्यवस्थित, उत्तरदायी र दिगो बनाउने आधार तयार गर्दछन् ।

तसर्थ, स्थानीय शिक्षा योजना केवल प्रशासनिक वा प्राविधिक दस्तावेज मात्र नभई स्थानीय तहको समग्र मानव विकास, सामाजिक रूपान्तरण तथा समृद्धिको आधारशिला हो । स्पष्ट दूरदृष्टि, साझा प्रतिबद्धता, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट यस्तो योजनाले प्रत्येक नागरिकका लागि गुणस्तरीय, समावेशी, न्यायपूर्ण र दिगो शिक्षा सुनिश्चित गर्दै समुन्नत समाज निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन

घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण GESI (Gender Equality and Social Inclusion) उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

## ग) शिक्षा योजना निर्माणका आधार

सुन्दरबजार नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्न बमोजिमका दस्तावेजलाई मुख्य आधार बनाइएको छ भने अन्य सान्दर्भिक सामग्रीहरुको समेत सहयोगमा योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना (२०८१/८२-२०८५/८६)
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य (सन २०१६-२०३०)

ञ) आर्थिक सर्वेक्षण २०८२/८३

ट) गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क प्रतिवेदन २०८२

ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ड) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ण) राजनीतिक दलको घोषणापत्र

त) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

सुन्दरबजार नगरपालिकाको नगर शिक्षा योजना निर्माणका लागि देहायका प्रकृयाहरु अवलम्बन गरिएको थियो ।

क) सुन्दरबजार नगरपालिका कार्यपालिकाको मिति २०८३ बैशाख २८ को निर्णयबाट प्रमुख प्रशासकीय अधिकृत श्री रमेश घर्तिको अध्यक्षतामा देहाय बमोजिम ५ सदस्यीय योजना निर्माण समिति गठन गरेको थियो ।

संयोजकः श्री रमेश घर्ति, प्रमुख प्रशासकीय अधिकृत

सदस्यः दिपकराज ढकाल, संयोजक सामाजिक विकास समिति

सदस्यः बिरेन्द्र गौतम, शिक्षा शाखा प्रमुख

सदस्यः रविन्द्र पौडेल, स.शिक्षा अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा

सदस्य-सचिवः ललित बाबु तिवारी, स्रोतव्यक्ति

योजना निर्माण समितिले मिति २०८३ जेष्ठ ८ गतेको निर्णयबाट नगर शिक्षा योजनाको मस्यौदा तयार गर्न तपसिल अनुसार योजना निर्माण कार्यदल गठन गरेको

संयोजकः बिरेन्द्र गौतम, शिक्षा शाखा प्रमुख

सदस्यः सूर्यबहादुर केसी, प्र.अ., श्री विद्याज्योति मावि

सदस्यः ओमबहादुर भुजेल, प्र.अ., श्री भक्ति नमूना मावि

सदस्यः रविन्द्र पौडेल, स.शिक्षा अधिकृत

सदस्यः उत्तम बसेल, प्र.अ., श्री शान्ति मावि

सदस्यः मेनबहादुर घले, प्रिन्सिपल, ग्लोबल भिजन आमावि

सदस्यः तुलसी गुरुङ, प्र.अ., श्री अकला आवि

सदस्यः सानुमाया दुरा, शिक्षक, श्री सौभाग्यसदन मावि

सदस्य-सचिवः ललित बाबु तिवारी, स्रोतव्यक्ति

ख) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णयः

- मिति २०८३ जेष्ठ २३ र २४ तथा २०८३ जेष्ठ २७ र २८ गते सञ्चालन भएको सामुदायिक विद्यालयका शिक्षकहरुको ६ वटा विषयका विषयगत शिक्षक समूहको पेसागत विकास तालिममा नगर शिक्षा योजनाका बारेमा जानकारी तथा सुझाव माग गरिएको थियो।
- मिति २०८३ जेष्ठ २२ गते विषयगत शिक्षक नगर सञ्जालको बैठकमा नगर शिक्षा योजनाका विविध विषयमा अन्तर्कृयात्मक छलफल गरी सुझाव संकलन गरिएको थियो।
- मिति २०८३ आषाढ २७ गते सामाजिक विकास समितिको बैठकमा नगर शिक्षा योजनाका विषयमा छलफल गरियो।
- मिति २०८३ जेष्ठ ३१ गते नगर प्रमुख, उप प्रमुख, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु, नगर शिक्षा समितिका सदस्यहरु, शिक्षा योजना निर्माण समिति सहितको कार्यशाला सञ्चालन गरी प्रस्तावित नगर शिक्षा योजनाको विभिन्न परिच्छेद र शीर्षकहरुमा समूह विभाजन गरी दफावार छलफल गरी समूहहरुबाट प्राप्त राय सुझावलाई योजनामा लिपिबद्ध गरियो।
- सुन्दरबजार नगरपालिका नगर शिक्षा समितिको मिति २०८३ आषाढ २ गतेको बैठकमा शिक्षा योजनाको प्रारम्भिक ड्राफ्ट पेश भएको थियो र राय सुझाव संकलन गरिएको थियो।

ग) योजना निर्माण समितिले कुल २१ पटक बैठक गरी काम गरेको।

घ) मिति २०८३ आषाढ ३ गते नगर शिक्षा योजनाको प्रथम मस्यौदा तयारी सम्पन्न भएको थियो।

ङ) नगर शिक्षा योजनालाई मिति २०८३ आषाढ ३ गतेको कार्यपालिका बैठकबाट स्वीकृत गरिएको।

## घ) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्या, चुनौती र अवसरहरु उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

# परिच्छेद १

# परिचय

## १.१ भौगोलिक अवस्थिति

### १.१.१ परिचय

सुन्दरबजार नगरपालिका गण्डकी प्रदेश अन्तर्गत लमजुङ जिल्लामा अवस्थित छ । जिल्लामा रहेका भागहरु (साविकका गा.वि.स. कुन्छा, परेवाडाँडा, तार्कु, दुराडाँडा, चन्द्रेश्वर, धुसेनी, सिन्दुरे, सुन्दरबजार र भोटेवडार) समेटी सुन्दरबजार नगरपालिकाको वि.सं. २०७३ मा घोषणा भएको हो । नगरपालिकाको पूर्वमा राइनास नगरपालिका र दोर्दी गाउँपालिका, पश्चिममा मध्यनेपाल नगरपालिका, उत्तरमा बेसिशहर नगरपालिका र दक्षिणमा तनहुँ जिल्लाको भानु नगरपालिका पर्दछन् । ११ वटा वडा रहेको यो नगरपालिका २८ डिग्री ०७ मिनेट १९ सेकेन्ड उत्तरी अक्षांश देखि २८ डिग्री ११ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८४ डिग्री २२ मिनेट ९ सेकेन्ड पूर्वी देशान्तर देखि ८४ डिग्री २७ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित छ जसको क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर रहेको छ । यसको भू-बनोट समुन्द्री सतहबाट ५०० मिटर पाउँदीबजार देखि १५०६ मिटर मूलकोट उचाइसम्म फैलिएको छ ।

रणनीतिक रूपमा मध्यपहाडी लोकमार्गले साविक धुसेनी गाविस हुँदै पाउँदी बजारसम्म र डुम्रे-बेसिशहर चामे सडकले पाउँदीबजारदेखि रामादीसम्म राष्ट्रिय मार्ग र सहायक मार्गले छोएको क्षेत्रमा व्यापार, आवास र सेवा क्षेत्र विस्तारको सम्भावना उच्च रहेको छ । यस नगरपालिकालाई राइनास नगरपालिका र दोर्दी गाउँपालिकासँग मर्स्याङ्दी नदीले र भानु नगरपालिकासँग नाउँदी खोलाले सिमाना छुट्याएको छ ।

### १.१.२ नगरपालिकाको नक्साः




## १.२ जनसाङ्ख्यिक संरचना

### १.२.१ कुल जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार सुन्दरबजार नगरपालिकाको कुल जनसंख्या २७,०४३ रहेको छ। महिलाको संख्या १४५३२ (५३.७%) र पुरुषको संख्या १२५११ (४६.३%) रहेको छ। घरपरिवारमा औसत सदस्य संख्या ३.४५ रहेको छ।

| क्र.सं | लिङ्ग | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १२५११ | ४६.३% |
| २ | महिला | १४५३२ | ५३.७% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### १.२.२ वडा अनुसार जनसंख्या

नगरपालिकाको वडागत क्षेत्रफल, जनसंख्या तथा परिवारको आकार तालिकामा उल्लेख गरिएको छ।

| वडा नं | घरधुरी | क्षेत्रफल | जनसंख्या | | | परिवारको आकार |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | ४५४ | ७.२२ | ७७७ | ६६१ | १४३८ | ३.१७ |
| २ | ७५८ | १०.२२ | १३७७ | १२०७ | २५८४ | ३.४० |
| ३ | ४७३ | ८.४१ | ८४३ | ७३५ | १५७८ | ३.३४ |
| ४ | ४८४ | ५.८४ | ८०४ | ७१८ | १५२२ | ३.१४ |
| ५ | ४७२ | ९.५२ | ८९१ | ७७१ | १६६२ | ३.५२ |
| ६ | ११६९ | ४.६९ | २३०२ | २०२८ | ४३३० | ३.७० |
| ७ | १११५ | ३.२१ | २०९२ | १७७४ | ३८६६ | ३.४७ |
| ८ | ४९८ | ५.०५ | ८७५ | ७६२ | १६३७ | ३.२९ |
| ९ | १८१३ | ३.४२ | ३४९० | २९९६ | ६४८६ | ३.५८ |
| १० | ३०० | ५.४३ | ५०९ | ४०७ | ९१६ | ३.०५ |
| ११ | २९३ | ९.०२ | ५७२ | ४५२ | १०२४ | ३.४९ |
| जम्मा | ७८२९ | ७२.०३ | १४५३२ | १२५११ | २७०४३ | ३.४५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सुन्दरबजार नगरपालिका सामाजिक तथा सांस्कृतिक र शैक्षिक दृष्टिले लमजुङ जिल्लाकै एक महत्वपूर्ण नगरका रूपमा परिचित छ। प्राकृतिक सौन्दर्य, बहुजातीय बसोबास, ऐतिहासिक पहिचान तथा सामाजिक सद्भावका कारण यस नगरले विशेष पहिचान बनाएको छ। यहाँ ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, दलित लगायत अल्पसंख्यक दुरा जातिको समेत बसोबास रहेको पाइन्छ। विविध भाषा, धर्म, संस्कार र जीवनशैलीका मानिसहरूबीचको आपसी सहकार्य र सद्भाव यहाँको सामाजिक जीवनको प्रमुख विशेषता हो।

परम्परागत रूपमा कृषि नै यहाँको मुख्य पेशा भए पनि पछिल्लो समय व्यापार, सेवा, वैदेशिक रोजगार तथा साना उद्यम व्यवसायतर्फ जनसंख्याको आकर्षण बढ्दो छ। वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले स्थानीय जीवनस्तरमा परिवर्तन ल्याएको देखिन्छ। सडक सञ्जाल, सञ्चार, शिक्षा तथा प्रविधिको पहुँच विस्तार भएसँगै नगरको सामाजिक संरचनामा पनि आधुनिकताको प्रभाव क्रमशः बढ्दै गएको छ।

सुन्दरबजार नगरपालिका शिक्षा क्षेत्रका हिसाबले पनि अग्रणी मानिन्छ। विशेषगरी दुराडाँडा क्षेत्रलाई नेपालको शैक्षिक जागरणसँग जोडेर हेर्ने गरिन्छ। विद्यालय, क्याम्पस तथा विभिन्न शैक्षिक संस्थाको उपस्थितिले नगरलाई शैक्षिक केन्द्रका रूपमा स्थापित गरेको छ। शिक्षा प्रतिको चेतना बढ्दै जाँदा महिला शिक्षा, बालअधिकार तथा सामाजिक सहभागितामा समेत सकारात्मक परिवर्तन देखिएको छ।

सांस्कृतिक दृष्टिले यो नगरपालिका समृद्ध छ । यहाँ मुख्य रुपमा हिन्दू, बौद्ध, ईसाइ र इस्लाम लगायत धर्मावलम्बीहरूको सामाजिक सद्भावसहितको मिश्रित बसोबास रहेको छ । दशैं, तिहार, तीज, माघे संक्रान्ति, जनैपूर्णिमा, ल्होसार, इद, क्रिसमस लगायतका पर्वहरू विभिन्न समुदायले आफ्नै परम्परा अनुसार उल्लासपूर्वक मनाउने गर्दछन् । विशेषगरी गुरुङ समुदायका सोरठी, घाँटु, नेवार समुदायको लाखे तथा विभिन्न लोकनृत्यहरूले यहाँको सांस्कृतिक जीवनलाई जीवन्त बनाएका छन् । त्यस्तै पञ्चेबाजा, भजन–कीर्तन, लोकगीत तथा जात्रा–पर्वहरूले स्थानीय मौलिक संस्कृतिलाई निरन्तर संरक्षण गरिरहेका छन् ।

नगरपालिकाभित्र रहेका ऐतिहासिक मठमन्दिर, चौतारा, पाटी–पौवा तथा परम्परागत बस्तीहरूले यहाँको सांस्कृतिक विरासतलाई अझ समृद्ध बनाएका छन् । दुराडाँडा, सुन्दरबजार, भोटेओडार, कुन्छा, खत्रीठाँटी, परेवाडाँडा, तुर्लुङ जस्ता क्षेत्रहरू सामाजिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्व बोकेका बस्तीहरू मानिन्छन् । समग्रमा, सुन्दरबजार नगरपालिका परम्परागत संस्कृतिको संरक्षण गर्दै आधुनिक विकासतर्फ अघि बढिरहेको बहुसांस्कृतिक र सामाजिक सद्भावयुक्त नगरका रूपमा परिचित रहेको छ ।

सुन्दरबजार नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ । बहुजातीय संरचना र ऐतिहासिक पहिचान यसको मुख्य विशेषता हुन् ।

**जातजाति अनुसारको जनसंख्या**

| क्र.सं | जातजाति | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | ५३३४ | २१.८ |
| २ | गुरुङ | ४७०९ | १९.१ |
| ३ | क्षत्री | ४१६१ | १६.९ |
| ४ | विश्वकर्मा | १९७३ | ८.० |
| ५ | मिजार | १७२९ | ७.० |
| ६ | दुरा | १६९२ | ६.९ |
| ७ | नेवार | १४३७ | ५.८ |
| ८ | तामाङ | १३५७ | ५.५ |
| ९ | घर्ति/भुजे | ११६४ | ४.७ |
| १० | परियार | १०३४ | ४.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**धर्म अनुसारको जनसंख्या**

| क्र.सं | धर्म | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १९८०१ | ७३.२ |
| २ | बौद्ध | ६३३१ | २३.४ |

| क्र.सं | धर्म | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ३ | इसाई | ४०७ | १.५ |
| ४ | इस्लाम | २५६ | ०.९ |
| ५ | बोन | २४६ | ०.९ |
| ६ | किरात | १ | ० |
| ७ | शिख | १ | ० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.४ आर्थिक अवस्था

सुन्दरबजार नगरपालिकाको आर्थिक अवस्था कृषि, वैदेशिक रोजगार, व्यापार तथा सेवा क्षेत्रमा आधारित मिश्रित अर्थतन्त्रका रूपमा देखिन्छ। यहाँको अर्थतन्त्र पूर्ण रूपमा औद्योगिक नभई ग्रामीण-अर्धशहरी संरचनामा आधारित छ।

नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेको छ। धान, मकै, गहुँ, कोदो, तरकारी यहाँको मुख्य कृषि उत्पादन हुन् । कृषि पद्धति निर्वाहमुखी प्रणालीमा आधारित छ । सिँचाइ, यान्त्रिकीकरण, बजारीकरणबाट व्यवशायीकरण हुँदै गइरहेको छ। पशुपालनमा समेत नगरपालिका आत्मनिर्भर तर्फ उन्मुख हुँदै गएको छ। सिँचाइ, आधुनिक प्रविधि, बजार पहुँच तथा पूँजी अभावका कारण कृषि उत्पादनले जीवन निर्वाहमा मात्र सीमित भूमिका खेलेको देखिन्छ।

पछिल्लो समय वैदेशिक रोजगार यहाँको अर्थतन्त्रको प्रमुख आधार बनेको छ। धेरै युवा विदेश जाने क्रम बढेसँगै घरपरिवारमा रेमिट्यान्स भित्रिने गरेको छ, जसले घर निर्माण, शिक्षा, स्वास्थ्य तथा उपभोगमा उल्लेखनीय प्रभाव पारेको छ। यसले स्थानीय जीवनस्तर उकास्न मद्दत गरे पनि उत्पादनमुखी अर्थतन्त्र विकासमा भने सीमित प्रभाव पारेको छ।

नगर क्षेत्रमा व्यापार, साना पसल, निर्माण सेवा, यातायात तथा सरकारी-गैरसरकारी सेवामा पनि आर्थिक गतिविधि विस्तार हुँदै गएको छ। विशेषगरी सुन्दरबजार, भोटेओडार जस्ता बजार केन्द्रहरू आर्थिक गतिविधिको केन्द्रका रूपमा विकसित भइरहेका छन्।

औद्योगिक विकास भने अझै प्रारम्भिक चरणमै रहेको छ। केही साना तथा घरेलु उद्योग, होटल–व्यवसाय, मिल तथा सेवा क्षेत्रहरू सञ्चालनमा रहे पनि ठूला उद्योगको अभाव छ।

सुन्दरबजारमा प्राकृतिक सौन्दर्य, धार्मिक सम्पदा र सांस्कृतिक विरासतमा आधारित केही आकर्षक पर्यटकीय स्थलहरू रहेका छन् । तुर्लुङकोट, गहते मुलकोट, तार्कुकोट, गढी कालिका, दुराडाँडा, परेवाडाँडा, खत्रीठाँटी लगायतका स्थलहरू आन्तरिक तथा बाह्य पर्यटनका लागि क्रमशः आकर्षक बन्दै गएका छन्।

सुन्दरबजार क्षेत्रको प्रमुख आकर्षणमध्ये दुराडाँडा क्षेत्र विशेष रूपमा उल्लेखनीय मानिन्छ। हरियाली डाँडाकाँडा, हिमश्रृङ्खलाको दृश्यावलोकन र शान्त वातावरणका कारण यो क्षेत्र अध्ययन भ्रमण तथा प्राकृतिक पर्यटनका लागि उपयुक्त मानिन्छ। यहाँबाट अन्नपूर्ण र मनास्लु हिमश्रृङ्खलाका केही भागहरू स्पष्ट रूपमा देख्न सकिन्छ। त्यस्तै, भोटेओडार बजार क्षेत्र ऐतिहासिक व्यापारिक मार्गसँग तथा भोटबाट आउने व्यापारीहरुको व्यापार थलोको रुपमा चिनिन्छ। यहाँको मिश्रित समुदाय, परम्परागत जीवनशैली र स्थानीय बजार संस्कृति पर्यटकका लागि आकर्षण बन्ने गर्छ। मौरीपालन व्यवशायमा परिचित हुँदै गइरहेको गहते लगायतका गाउँहरु मौरी पर्यटनलाई प्रवर्धन गरिरहेका छन्।

समग्रमा, सुन्दरबजार नगरपालिका प्राकृतिक दृश्य, सांस्कृतिक विविधता र ग्रामीण जीवनशैलीको संगम भएको क्षेत्र भएकाले यहाँ पर्यटन विकासको राम्रो सम्भावना रहेको छ। उचित पूर्वाधार विकास र प्रचार–प्रसार भएमा यो क्षेत्र भविष्यमा महत्वपूर्ण पर्यटन गन्तव्य बन्न सक्ने देखिन्छ।

**सक्रीय जनसंख्याको आधारमा विभिन्न पेशा अंगाल्नेहरुको जनसंख्या**

| क्र.सं | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दक्ष कृषि, वन तथा मत्स्य व्यवसायी कामदार | ६६६२ | ४९ |
| २ | सामान्य श्रमिक | ३०३१ | २२.३ |
| ३ | सेवा तथा बिक्रीसम्बन्धी कामदार | १०७८ | ७.९ |
| ४ | पेशागत विज्ञ | ७६० | ५.६ |
| ५ | व्यवस्थापक | ६४९ | ४.८ |
| ६ | हस्तकला तथा सम्बन्धित व्यापारिक कामदार | ५७६ | ४.२ |
| ७ | प्लान्ट तथा मेसिन सञ्चालक र संयोजक | ३५२ | २.६ |
| ८ | प्राविधिक तथा सहायक पेशागत विज्ञ | १९४ | १.४ |
| ९ | कार्यालय सहायक | १६५ | १.२ |
| १० | सशस्त्र बल | ९० | ०.७ |
| ११ | उल्लेख नभएको | ३५ | ०.३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.५ शैक्षिक अवस्था

### १. परिचय

सुन्दरबजार नगरपालिका शहरोन्मुख क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर रुपान्तरणको चरणमा रहेको देखिन्छ। यस नगरपालिकामा सामुदायिक तर्फ १३ वटा माध्यमिक विद्यालय, ३ वटा

आधारभूत विद्यालय (१-८ सञ्चालित), १२ वटा आधारभूत विद्यालयहरु (१-५/१-३ सञ्चालित) र ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो । संस्थागत विद्यालय तर्फ ७ वटा माध्यमिक र १ वटा आधारभूत विद्यालय रहेका छन् । यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ । नगरपालिकाले आफ्नो शिक्षा नीतिमा **शत प्रतिशत भर्ना दर** पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा पर्याप्त शिक्षक व्यवस्थापन गर्न सकिएको छैन । यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको छ । महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ ।

सुन्दरबजार नगरपालिकामा विद्यार्थी भर्ना दर राम्रो रहेको छ तरपनि केही बालबालिका विद्यालय नगएका वा बीचैमा छोड्ने समस्या कायम छ । गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले कक्षा छाड्ने दर प्रभावित हुन सक्छ । "भर्ना दर शतप्रतिशत" र "कक्षा छाड्ने दर शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ । सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधिको पहुँच अपरिहार्य छन् ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ । फरक क्षमता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ । शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो ।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ । यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ ।

## शैक्षिक संस्थाहरुको विवरण

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्रमात्र सञ्चालित | २ | ० | २ |
| आधारभूत तह (१-३) सञ्चालित | ४ | ० | ४ |
| आधारभूत तह (१-५) सञ्चालित | ८ | ० | ८ |
| आधारभूत तह (१-८) सञ्चालित | ३ | २ | ५ |
| माध्यमिक तह (१-१०) सञ्चालित | ८ | ३ | ११ |
| माध्यमिक तह (१-१२) सञ्चालित | ५ | ३ | ८ |
| क्याम्पस | १ | २ | ३ |
| **जम्मा** | **३१** | **८** | **३९** |

**स्रोतः IEMIS Report**

## शैक्षिक सत्र २०८२ मा विद्यालय गईरहेका विद्यार्थी

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| बालविकास | ७७७ | ५४४ | १३२१ |
| कक्षा १-५ | १३६६ | १११० | २४७६ |
| कक्षा ६-८ | ८२५ | ७२९ | १५५४ |
| कक्षा ९-१० | ५०२ | ४७४ | ९७६ |
| कक्षा ११-१२ | ३३४ | ३२३ | ६५७ |
| कक्षा १-१२ | ३०२७ | २६३६ | ५६६३ |
| बालविकास – १२ जम्मा | ३८०४ | ३१८० | ६९८४ |

**स्रोतः IEMIS Report**

शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (SEE) नतिजा

| क्र.सं | कोड | विद्यालय | जम्मा विद्यार्थी | 4.0 | 3.61-4.0 | 3.21-3.60 | 2.81-3.20 | 2.41-2.80 | 2.01-2.40 | 1.60-2.0 | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४०००१ | पाणिनि संस्कृत मावि | ३ | | | १ | १ | | | | १ |
| २ | ४०००३ | शान्ति मावि | २२ | | १ | ७ | ६ | ५ | २ | | १ |
| ३ | ४०००४ | सर्वोदय मावि | २३ | | | ६ | ८ | ८ | | | १ |
| ४ | ४००१७ | भक्ति नमूना मावि | ५१ | | ४ | ९ | १३ | १५ | ३ | | ७ |
| ५ | ४००२३ | आदर्श बाल मावि | ५४ | | १४ | १२ | १८ | ६ | | | ४ |
| ६ | ४००२९ | सरस्वती सदन मावि | ९ | | | १ | ४ | ३ | | | १ |
| ७ | ४००५२ | विद्याज्योति मावि | ६७ | | ५ | २० | १८ | ७ | | | १७ |

| क्र.सं | कोड | विद्यालय | जम्मा विद्यार्थी | 4.0 | 3.61-4.0 | 3.21-3.60 | 2.81-3.20 | 2.41-2.80 | 2.01-2.40 | 1.60-2.0 | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ४००५७ | संस्कृति सदन मावि | १६ | | २ | ७ | ५ | १ | १ | | |
| ९ | ४००५८ | कान्ति मन्दिर मावि | ५ | | | | २ | ३ | | | |
| १० | ४००६० | सौभाग्यसदन मावि | ११ | | | १ | ३ | ५ | २ | | |
| ११ | ४००७५ | महेन्द्र मन्दिर मावि | १५ | | | १ | ८ | ४ | | | २ |
| १२ | ४००७९ | भारती सदन मावि | १४ | | १ | ६ | ४ | | | | ३ |
| १३ | ४००८४ | भविष्य निर्माण मावि | २१ | | | | | ६ | २ | | १३ |
| **सामुदायिक जम्मा** | | | **३११** | | **२७** | **७१** | **९०** | **६३** | **१०** | | **५०** |
| १४ | ४००८४ | फ्युचर स्टार आमावि | ५६ | | १८ | १९ | ९ | ४ | | | ६ |
| १५ | ४००६१ | भूपू सैनिक आमावि | १७ | | २ | ७ | ५ | | | | ३ |
| १६ | ४००९६ | ग्लोबल भिजन आमावि | ४१ | | ५ | १२ | १२ | १० | २ | | |
| १७ | ४००९९ | इनसाइट भिजन एकेडेमी | ८ | | २ | २ | १ | | | | ३ |
| १८ | ४०१०१ | लाली गुँरास आमावि | ११ | | | ३ | ५ | १ | | | २ |
| **संस्थागत जम्मा** | | | **१३३** | | **२७** | **४३** | **३२** | **१५** | **२** | | **१४** |

**शैक्षिक सत्र २०८२ को आधारभूत तह कक्षा – ८ उत्तीर्ण परीक्षाको नतिजा**

| **क्र.सं** | **विद्यालय** | **4.0** | **3.6-4.0** | **3.2-3.6** | **2.8-3.2** | **2.4-2.8** | **2.0-2.4** | **1.6-2.0** | **NG** | **Abs** | **Total** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरस्वती सदन मावि | ० | ० | १ | १ | १ | १ | ० | ० | ० | ४ |
| २ | महेन्द्र मन्दिर मावि | ० | ० | ४ | १ | ८ | १ | ० | १ | ० | १५ |
| ३ | इनसाइट भिजन एकेडेमी | ० | ३ | ११ | ४ | ० | ० | ० | ० | ० | १८ |
| ४ | सयपत्री आमावि | ० | ३ | ८ | ६ | ० | ० | ० | ० | ० | १७ |
| ५ | विद्याज्योति मावि | ० | ४ | २० | ३३ | ० | ० | ० | ० | ० | ५७ |
| ६ | अकला आधारभूत विद्यालय | ० | ० | ० | २ | १ | १ | ० | ० | ० | ४ |
| ७ | भारती सदन मावि | ० | ० | ३ | ५ | १ | ० | ० | ० | ० | ९ |

| क्र.सं | विद्यालय | 4.0 | 3.6-4.0 | 3.2-3.6 | 2.8-3.2 | 2.4-2.8 | 2.0-2.4 | 1.6-2.0 | NG | Abs | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | फ्युचर स्टार आमावि | ० | ४ | २९ | ३३ | ० | ० | ० | ५ | ० | ७१ |
| ९ | सौभाग्यसदन मावि | ० | ० | ५ | ५ | ० | ० | ० | ० | ० | १० |
| १० | भविष्य निर्माण मावि | ० | ० | १ | २ | ५ | ९ | ० | ० | १ | १८ |
| ११ | कान्ति मन्दिर मावि | ० | ० | २ | ३ | १ | ० | ० | ० | ० | ६ |
| १२ | भूपू सैनिक आमावि | ० | ३ | ६ | ७ | ० | ० | ० | ० | ० | १६ |
| १३ | पाणिनि संस्कृत मावि | ० | ० | २ | ० | १ | ० | ० | ० | ० | ३ |
| १४ | सर्वोदय मावि | ० | ० | ८ | ६ | ० | ० | ० | ३ | ० | १७ |
| १५ | भक्ति नमूना मावि | ० | ३ | ७ | १४ | १६ | ० | ० | ५ | ० | ४५ |
| १६ | ग्लोबल भिजन आमावि | ० | ६ | ३३ | २० | ४ | ० | ० | ० | ० | ६३ |
| १७ | लाली गुराँस आमावि | ० | १ | ९ | ६ | ० | ० | ० | २ | ० | १८ |
| १८ | शान्ति मावि | ० | १ | ३ | ४ | ३ | ० | ० | २ | १ | १४ |
| १९ | मर्स्याङ्दी आमावि | ० | ० | ४ | २ | ४ | ० | ० | ० | १ | ११ |
| २० | आदर्श बाल मावि | ० | ५ | २२ | २४ | ० | ० | ० | ० | ० | ५१ |
| २१ | संस्कृति सदन मावि | ० | ४ | १ | १० | ३ | ० | ० | १ | ७ | २६ |
| जम्मा | | ० | ३७ | १७९ | १८८ | ४८ | १२ | ० | १९ | १० | ४९३ |

## सक्रीय जनसंख्याको आधारमा वडागत साक्षरता दर

| वडा नं | साक्षर संख्या | साक्षरता प्रतिशत |
|---|---|---|
| १ | १०२९ | ७६.८ |
| २ | १८२५ | ७५.३ |
| ३ | ११२९ | ७६.१ |
| ४ | १११४ | ७७.१ |
| ५ | १२०९ | ७६.९ |
| ६ | ३४४१ | ८४.८ |
| ७ | ३१२० | ८५.७ |
| ८ | १२६९ | ८१ |
| ९ | ५२६६ | ८६.५ |
| १० | ६५१ | ७५.६ |
| ११ | ६६७ | ६८.६ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.६ सबल पक्षहरु

सुन्दरबजार नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय, सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, जेहेन्दार विद्यार्थी छात्रवृत्ति कार्यक्रम, दिवा खाजा कार्यक्रम, विद्यालयमा मिनि पार्क, प्रतिभा पहिचान, लागत साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन् । यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुर्‍याएका छन् । शिक्षाको ज्योति बलेको ठाउँ दुराडाँडा र लमजुङ कृषि क्याम्पसले यहाँको शैक्षिक इतिहासमा उल्लेखनीय योगदान दिएका छन् ।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ । सिकाइलाई व्यवहारिक, वातावरणसँग जोड्न पढ्दै कमाउँदै कार्यक्रम, खाना महोत्सब, हरित विद्यालय, एक माध्यमिक विद्यालय एक टनेल जस्ता कार्यक्रम सञ्चालन गरिएको छ जसले सिकाइलाई व्यहारमुखी र जीवनोपयोगी बनाउने प्रयास गरेका छन् । सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइअनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधिमा विशेष ध्यान दिइएको छ । स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि आधारभूत शिक्षा सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्मार्ट बोर्ड, स्मार्ट टेलिभिजन, ल्यापटप, प्रिन्टर वितरण गरिएको छ । "मनोसामाजिक परामर्शदाता" को उपलब्धताले समाजमा आइपर्ने मनोसामाजिक समस्यालाई न्युनिकरण गर्न र विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, फरक क्षमता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ । अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ । महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुर्‍याएको छ ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराइएको छ ।

समग्रमा, सुन्दरबजार नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको छ । यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गरी स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित गर्न सकिन्छ ।

## १.७ शिक्षा क्षेत्रका समस्याहरू

सुन्दरबजार नगरपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर उल्लेख्य भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सचेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ । फरक क्षमता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ । अभिभावक शिक्षाको अभावले घर–विद्यालय बिच हुनुपर्ने सुमधुर सम्बन्ध पर्याप्त छैन । समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ ।

**ख) गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको निरन्तरता देखिन्छ । विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षणका अभ्यास सीमित मात्र छन् । विषयगत रुपमा प्रयोगात्मक अभ्यास, परियोजना कार्य र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ । स्थानीय सन्दर्भ समेट्ने पूर्ण पाठ्यसामग्रीको अभावमा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ । यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन । विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ । शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि-मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन् ।

**घ) भौतिक पूर्वाधार**

अधिकाँश विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन् । कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ । आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन् । यसले डिजिटल शिक्षण-सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय विषयको पाठ्यसामग्री विकास नहुँदा प्रभावकारी कार्यान्वयनमा कठिनाइ भइरहेकोछ । सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ । विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण प्रणाली पर्याप्त र सुदृढ छैन । परीक्षा केन्द्रित अभ्यासले निरन्तरता पाउँदा सिर्जनात्मकता र रचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन ।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ । लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन् । समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ । अटीजम भएका बालवालिकाको सन्दर्भमा विशेष व्यवस्था हुन सकेको छैन ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनको प्रभावकारिता कमी देखिन्छ । पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ । विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको **चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को अभाव छ । शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ । माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने **लगानी र बजेटको व्यवस्थापन** चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा सुन्दरबजार नगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ । प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

## १.८ अवसरहरू

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा शिक्षा सम्बन्धी प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई शिक्षा क्षेत्रको योजना निर्माण, व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका प्रदान

गरेको छ । यसले सुन्दरबजार नगरपालिकालाई स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताअनुसार शिक्षा प्रणालीलाई रूपान्तरण गर्ने महत्वपूर्ण अवसर उपलब्ध गराएको छ।

संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय तथा सहकार्यको संरचनाले शिक्षा क्षेत्रमा लगानी वृद्धि, स्रोत परिचालन र कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरण सिर्जना गरेको छ । साथै, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायसँगको सहकार्यमार्फत थप स्रोत, प्रविधि र प्राविधिक सहयोग प्राप्त गर्ने सम्भावना समेत रहेको छ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकासले शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागितामूलक र विद्यार्थीकेन्द्रित बनाउने अवसर प्रदान गरेको छ। डिजिटल कक्षा, ई–सिकाइ सामग्री, अनलाइन सिकाइ प्लेटफर्म, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) मा आधारित शैक्षिक अभ्यास तथा प्रविधिमैत्री मूल्याङ्कन प्रणालीको प्रयोगबाट शिक्षाको पहुँच र गुणस्तरलाई नयाँ उचाइमा पुऱ्याउन सकिने अवस्था विकसित हुँदै गएको छ।

सुन्दरबजार नगरपालिकाको भौगोलिक, सांस्कृतिक तथा जैविक विविधता स्थानीय पाठ्यक्रम विकासका लागि महत्वपूर्ण आधार बनेको छ। स्थानीय इतिहास, संस्कृति, भाषा, कला, कृषि प्रणाली, पर्यटन, उद्यमशीलता, रैथाने ज्ञान तथा परम्परागत सीपलाई पाठ्यक्रम र सिकाइ अभ्याससँग एकीकृत गर्न सकिने भएकाले शिक्षा र स्थानीय जीवनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने अवसर रहेको छ। यसले विद्यार्थीमा स्थानीय पहिचानप्रति गौरवबोध, सिर्जनशीलता तथा व्यवहारिक दक्षता विकास गर्न योगदान पुऱ्याउनेछ।

विश्वव्यापी रूपमा बढ्दो जलवायु परिवर्तन, वातावरणीय संरक्षण तथा दिगो विकासका सवाललाई मध्यनजर गर्दै हरित विद्यालय, विपद् उत्थानशील शिक्षा, वातावरणमैत्री अभ्यास तथा जीवनोपयोगी सीपमा आधारित शिक्षालाई संस्थागत गर्न सकिने पर्याप्त सम्भावना रहेको छ । यसले भावी पुस्तालाई जिम्मेवार, सचेत र दिगो विकासप्रति प्रतिबद्ध नागरिकका रूपमा विकास गर्न सहयोग पुऱ्याउनेछ।

समावेशी शिक्षा, वैकल्पिक सिकाइ प्रणाली तथा आजीवन सिकाइका अवधारणाको विस्तारले आर्थिक, सामाजिक, भौगोलिक वा शारीरिक कारणले शिक्षाको मूल प्रवाहबाट बाहिर रहेका बालबालिका तथा समुदायलाई सिकाइको अवसरसँग जोड्ने आधार प्रदान गरेको छ। यसबाट शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र उपलब्धि सुनिश्चित गर्दै आशातित लक्ष्य हासिल गर्न थप सहयोग पुग्नेछ।

यसैगरी, प्राविधिक तथा व्यावसायिक शिक्षा, सीपमूलक तालिम, उद्यमशीलता विकास तथा रोजगारीमुखी शिक्षालाई स्थानीय आर्थिक सम्भावनासँग आबद्ध गर्न सकिने अवस्था सिर्जना भएको छ । यसबाट शिक्षालाई उत्पादन, स्वरोजगार र स्थानीय आर्थिक विकाससँग जोड्दै युवाशक्तिलाई सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी बनाउने अवसर प्राप्त भएको छ।

यसरी संवैधानिक अधिकारको सुनिश्चितता, स्रोत परिचालनको सम्भावना, प्रविधिको तीव्र विस्तार, स्थानीय ज्ञान–सीपको संरक्षण तथा उपयोग, समावेशीकरणको बढ्दो अभ्यास र दिगो विकासप्रतिको प्रतिबद्धताले सुन्दरबजार नगरपालिकाको शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, नवप्रवर्तनशील, जीवनोपयोगी तथा भविष्यउन्मुख बनाउने प्रशस्त अवसरहरू सिर्जना गरेका छन्।

## १.९ चुनौतीहरू

सुन्दरबजार नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, समता, गुणस्तर तथा सुशासन सुनिश्चित गर्ने दिशामा उल्लेखनीय प्रयासहरू गर्दै आएको भए तापनि शिक्षा प्रणालीलाई अपेक्षित स्तरमा रूपान्तरण गर्न विभिन्न संरचनागत, सामाजिक, आर्थिक तथा व्यवस्थापकीय चुनौतीहरूको सामना गरिरहेको छ।

नगरपालिकाको भौगोलिक विविधता, बस्तीहरूको छरिएको वितरण तथा सामाजिक–आर्थिक असमानताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा उपलब्ध गराउनु अझै चुनौतीपूर्ण रहेको छ। विशेषगरी लैङ्गिक अवस्था, जातीय तथा भाषिक विविधता, आर्थिक विपन्नता, अपाङ्गता तथा अन्य सामाजिक कारणहरूले शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र उपलब्धिमा असमानता सिर्जना गरिरहेका छन्।

परिवर्तित जनसाङ्ख्यिकीय प्रवृत्ति, घट्दो जन्मदर, तीव्र बसाइँसराइ तथा विद्यार्थी सङ्ख्यामा आएको उतारचढावले विद्यालय व्यवस्थापन, विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको वैज्ञानिक पुनर्संरचनाको आवश्यकता बढाएको छ। विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थाअनुसार विद्यालय तथा शिक्षक स्रोतको न्यायोचित वितरण सुनिश्चित गर्नु शिक्षा व्यवस्थापनको महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ।

संविधानले निःशुल्क तथा अनिवार्य शिक्षाको प्रत्याभूति गरे तापनि सीमित आर्थिक स्रोत, बढ्दो सञ्चालन खर्च तथा पूर्वाधार विकासका आवश्यकताका कारण सो अधिकारको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ। शिक्षा क्षेत्रमा आवश्यक लगानी वृद्धि, स्रोतको दिगो व्यवस्थापन तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग अझै सुदृढ हुन आवश्यक छ।

शिक्षण–सिकाइ प्रक्रियामा गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार, प्रविधिमैत्री शिक्षाको विस्तार तथा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दक्ष, सक्षम र उत्प्रेरित जनशक्तिको आवश्यकता रहेको छ। शिक्षकको निरन्तर पेशागत विकास, नवप्रवर्तनशील शिक्षण पद्धतिको प्रयोग तथा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी एकीकरण अझै चुनौतीपूर्ण रहेको अवस्था विद्यमान छ।

जलवायु परिवर्तन, प्राकृतिक विपद् तथा अन्य आकस्मिक संकटहरूले शिक्षा प्रणालीको निरन्तरतामा प्रत्यक्ष प्रभाव पार्ने गरेका छन्। बाढी, पहिरो, महामारी तथा अन्य आपत्कालीन परिस्थितिमा पनि सिकाइलाई अविच्छिन्न राख्न सक्ने वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणालीको विकास र संस्थागतकरण अपरिहार्य आवश्यकता बनेको छ।

नगरपालिकाभित्र रहेको सामाजिक, सांस्कृतिक तथा जनसाङ्ख्यिकीय विविधतालाई सम्मान गर्दै समावेशी तथा आजीवन सिकाइका अवसरहरू सबै नागरिकसम्म समान रूपमा पुर्‍याउनु अर्को महत्वपूर्ण चुनौती हो। औपचारिक शिक्षासँगै वैकल्पिक, निरन्तर तथा सीपमूलक सिकाइ कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गर्न थप प्रयास आवश्यक देखिन्छ।

सबै विद्यालयमा राष्ट्रिय मापदण्डअनुसार सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री तथा प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्न पर्याप्त स्रोत परिचालन गर्नु चुनौतीपूर्ण रहेको छ। साथै, हरित विद्यालय अवधारणाको कार्यान्वयन, वातावरण संरक्षण, ऊर्जा दक्षता तथा जलवायु परिवर्तन अनुकूलनका अभ्यासलाई विद्यालय व्यवस्थापनमा संस्थागत गर्नु समयको आवश्यकता बनेको छ।

यसैगरी, शिक्षा र स्थानीय आर्थिक विकासबीचको सम्बन्धलाई सुदृढ बनाउँदै प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षाको विस्तार, युवा पुस्तामा सीप, उद्यमशीलता र रोजगारमुखी क्षमताको विकास तथा सिकाइलाई व्यवहारिक जीवनसँग जोड्ने कार्य अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन।

यी समग्र चुनौतीहरूको समयानुकूल, समन्वित र परिणाममुखी व्यवस्थापनमार्फत मात्र सुन्दरबजार नगरपालिकामा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, दिगो तथा जीवनोपयोगी शिक्षा प्रणालीको निर्माण सम्भव हुनेछ।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र जीवनोपयोगी शिक्षा; सक्षम जनशक्ति, समृद्ध सुन्दरबजार हाम्रो अपेक्षा"

## २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिकवान र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने ।

## २.३ उद्देश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,

घ) विद्यालय शिक्षामा सुशासन, सक्षमता र प्रभावकारिता सुनिश्चित गर्नु,

## २.४ रणनीतिहरु

**उद्देश्य १: सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

**रणनीतिहरू:**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **अनिवार्य र निःशुल्क** बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा **"विद्यार्थी भर्ना घरदैलो अभियान"** सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न **दिवा खाजा, छात्रवृत्ति र पोसाक** वितरण गर्ने,

घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार **छात्रावास**को व्यवस्था गर्ने,

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) **ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर** जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि **समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,**

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यक्रम**लाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन **नियमित तालिम** प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

ञ) विद्यार्थीहरुलाई उनीहरुको रुची र खुवी अनुसारको वृत्ति मार्ग छनौटका लागि वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्नु

**उद्देश्य २: सबै बालबालिकाको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु,**

**रणनीतिहरू:**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन **स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट** सुविधाको विस्तार गर्ने

ग) शिक्षाको गुणस्तर कायम गर्न **नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को विकास गर्ने

घ) स्थानीय पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) **शिक्षण सिकाइमा** खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज) नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

**उद्देश्य ३ :औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ) नगरस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर सुन्दरबजार नगरपालिकालाई **"पूर्ण साक्षर तथा शिक्षित पालिका"** घोषणा गर्ने

**उद्देश्य ४: विद्यालय शिक्षामा सुशासन, सक्षमता र प्रभावकारिता सुनिश्चित गर्नु,**

रणनीतिहरू

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको **सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध** गर्ने

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न **परिणाममा आधारित जवाफदेहिता प्रणाली**को विकास गर्ने

ग) **प्र**धानाध्यापक छनोट प्रणालीलाई **योग्यता र क्षमताका आधारमा** हुने गरी परिमार्जन गर्ने

घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणलाई पूर्णरुपमा **एकीकृत शैक्षिक तथ्याङ्क प्रणाली (IEMIS)मा आबद्ध गरी** थप सुदृढीकरण गर्ने

छ) निजी (संस्थागत) र गुठी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको **नियमित अनुगमन र नियमन** गर्ने

ज) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट **आचारसंहिता** निर्माण गरी लागू गर्ने

झ) नगरपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी **दरबन्दी मिलान र पुनर्वितरण** गर्ने

ञ) **प्र**धानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित **तालिम र नेतृत्व विकास** कार्यक्रमहरू सञ्चालन गर्ने

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ

घ) विद्यालय शिक्षामा सुशासन, सक्षमता र प्रभावकारिता सुनिश्चित भएको हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ९४ | ९६ | ९८ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ९१ | ९३ | ९६ | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९५ | ९६ | ९८ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ११२ | १०८ | १०५ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९४.४ | ९६ | ९८ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२१ | ११५ | १०८ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ९६ | ९७ | ९८ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १११ | १०८ | १०५ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९६ | ९७ | ९९ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ९८ | ९९ | १०० | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ९२ | ९४ | ९६ | १०० |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०१ | १.०१ | १ | १ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९८ | ९९ | १०० | १० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२० | ११५ | १०८ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ९१ | ९३ | ९६ | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ९२ | ९३ | ९६ | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | १ | १ | १ | १ |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | ०.२ | ०.१ | ० | ० |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ४२ | ४३ | ४५ | ५० |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ७५ | ८२ | ९० | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८१ | ८६ | ९२ | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | ०.९ | १.० | १.० | १.० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ९८ | ९९ | १०० | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ७८ | ८५ | ९० | १०० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ६५ | ७५ | ८५ | १०० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | १२ | १५ | २० | २५ |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ८३ | ८७ | ९० | ९५ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ८० | ८४ | ८९ | ९४ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९५ | ९७ | ९८ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | १.०२ | १.०१ | १ | १ |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ७:१ | १०:१ | १५:१ | २०:१ |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १५:१ | २०:१ | २५:१ | ३०:१ |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ९:१ | ११:१ | १६:१ | २५:१ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १३:१ | १८:१ | २५:१ | ३५:१ |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १९:१ | २२:१ | २८:१ | ३७:१ |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ भने विद्यमान कानुनी व्यवस्थाले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न आधारका रूपमा स्वीकार गरेको छ। बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सिर्जनात्मक विकास गर्दै आधारभूत शिक्षाका लागि तयार पार्ने प्रारम्भिक बालविकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो र महत्वपूर्ण चरण हो।

जीवनको प्रारम्भिक अवस्थामै गुणस्तरीय सिकाइ अवसर सुनिश्चित गर्नु भावी शैक्षिक सफलता, व्यक्तित्व विकास तथा जीवनपर्यन्त सिकाइको आधार भएकाले यस क्षेत्रलाई विशेष प्राथमिकता दिन आवश्यक छ । यही आवश्यकता र संवैधानिक दायित्वलाई आत्मसात गर्दै सुन्दरबजार नगरपालिकाको यस नगर शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, गुणस्तर, समावेशिता र प्रभावकारिता अभिवृद्धि गर्ने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

सुन्दरबजार नगरपालिकामा हाल जम्मा ५४ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ४६ र संस्थागत विद्यालयतर्फ ८ केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल १३२१ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये ७७७ जना छात्र र ५४४ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्या ११८० रहेको आधारमा सहजै देखिने भर्नादर ११२ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या ५०३ रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ९१ प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या २९७ (२२.५ प्रतिशत), जनजाति बालबालिकाको संख्या ५३५ (४०.५ प्रतिशत) र कुनै न कुनै एक अपाङ्गता भएका बालबालिकाको संख्या १४ रहेको छ। यी तथ्याङ्कले

समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ । विशेषगरी फरक क्षमता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या ८ रहेको छ, जुन कुल संस्थागत विद्यालयको १०० प्रतिशत हो । न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन् । हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ ।

समग्रमा हेर्दा सुन्दरबजार नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ४६ | २५८ | १९७ | ४५५ | ७७ | ७१ | १४८ | ११ | ३ | १४ |
| संस्थागत | ८ | ५१९ | ३४७ | ८६६ | ९० | ५८ | १४८ | १८ | १४ | ३२ |
| जम्मा | ५६ | ७७७ | ५४४ | १३२१ | १६७ | १२९ | २९६ | २९ | १७ | ४६ |

सुन्दरबजार नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ । यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ । नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ । सुन्दरबजार नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको केही कमी देखिएको छ । धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ । नगरपालिकाले  चालु आर्थिक वर्ष २०८२/८३ मा बालविकास कक्षाहरुको बसाई व्यवस्थापन, खेलमैदानका लागि मिनि पार्क, स्मार्ट टेलिभिजन, सिकाइ कुना व्यवस्थापन जस्ता सामग्री व्यवस्था र कार्यक्रम मार्फत केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र वडा कार्यालयहरुसँगको अनुमतिमा केही संस्थागत मन्टेश्वरी संस्थाहरु पनि सञ्चालन शुरु भएकाले निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ ।

### ३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत **केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित** गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

च) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

छ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ज) लागत सहभागिता अभिवृद्धि गर्ने,

झ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ञ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ट) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

ठ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ड) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

ढ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धिः** सुन्दरबजार नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ । यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ । साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

#### १. प्रारम्भिक बालविकास तथा शिक्षा पहुँच विस्तार

सुन्दरबजार नगरपालिकाभित्र ३–४ वर्ष उमेर समूहका सबै बालबालिकाको तथ्यांक अद्यावधिक गरी विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरिनेछ । भौगोलिक रूपमा टाढा, विपन्न, दलित, जनजाति, फरक क्षमता भएका तथा जोखिममा रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्न साथै नक्साङ्कनका आधारमा नयाँ प्रारम्भिक बालविकास केन्द्र स्थापना तथा आवश्यक स्थानमा केन्द्र समायोजन गरिनेछ । विद्यालयमा आधारित र समुदायमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमलाई सुदृढ बनाउँदै सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास शिक्षामा आबद्ध गरिनेछ ।

#### २. गुणस्तर सुधार तथा सिकाइमैत्री वातावरण निर्माण

प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री, सुरक्षित, समावेशी र खेलमैत्री वातावरण निर्माण गर्न आवश्यक भौतिक पूर्वाधार, फर्निचर, खेल सामग्री तथा सिकाइ सामग्रीको व्यवस्थापन गरिनेछ । राष्ट्रिय प्रारम्भिक सिकाइ तथा विकास मापदण्डअनुसार सिकाइ क्रियाकलाप सञ्चालन गरी बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा भाषिक विकासमा केन्द्रित कार्यक्रम लागू गरिनेछ ।

#### ३. सहजकर्ता/शिक्षक क्षमता विकास

बालविकास सहजकर्ता तथा शिक्षकहरूको नियमित तालिम, पुनर्ताजगी तालिम, कक्षा अवलोकन तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । बालमनोविज्ञान, खेलमार्फत सिकाइ, समावेशी शिक्षा, बाल संरक्षण तथा प्रारम्भिक साक्षरतासम्बन्धी विषयमा विशेष क्षमता विकास गरिनेछ ।

#### ४. अभिभावक तथा समुदाय सहभागिता अभिवृद्धि

अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी बालबालिकाको प्रारम्भिक सिकाइमा घरपरिवारको भूमिका सुदृढ बनाइनेछ । विद्यालय व्यवस्थापन समिति, महिला समूह, स्वास्थ्य संस्था तथा समुदायसँग सहकार्य गरी नियमित सचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ । "घर-विद्यालय साझेदारी" अवधारणालाई व्यवहारमा कार्यान्वयन गरिनेछ ।

**५. स्वास्थ्य, पोषण र संरक्षण कार्यक्रम**

प्रारम्भिक बालविकास कार्यक्रमलाई स्वास्थ्य तथा पोषण सेवासँग एकीकृत गरी बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, खोप, पोषण अवस्था निगरानी तथा मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। बालमैत्री तथा हिंसामुक्त वातावरण सुनिश्चित गर्न बाल संरक्षण संयन्त्र सक्रिय बनाइनेछ।

**६. अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन**

बालविकास केन्द्रहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा सिकाइ उपलब्धि मूल्याङ्कन प्रणाली विकास गरिनेछ। EMIS/IEMIS मा आधारित बालविकास तथ्याङ्क अद्यावधिक गरी योजना निर्माण र बजेट व्यवस्थापनलाई तथ्यमा आधारित बनाइनेछ।

**७. सिकाइ सामग्री तथा खेल सामग्री उपलब्धता**

बालविकास केन्द्रहरुमा बालबालिकाहरुको रुची र चाहना अनुसार उनीहरुलाई मनोरञ्जन तथा खेलका लागि पर्याप्त खेल तथा सिकाइ सामग्रीहरुको उपलब्धता हुनेछ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | ४-५ वर्ष उमेर समूहको बालविकास कक्षामा बालबालिका | ६५% | ७५% | ८५% | १००% |
| २ | कम्तीमा १ वर्ष ईसीडी अनुभव प्राप्त बालबालिका | ९६% | ९७% | ९८% | १००% |
| ३ | प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि न्युनतम मापदण्ड, पाठ्यक्रम कार्यान्वयन र क्षमता विकास तालिम (पटक) | १ | २ | २ | २ |
| ४ | तालिमप्राप्त सहजकर्ता | ७०% | ८०% | ९०% | १००% |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | ४२% | ६४% | ८५% | १००% |
| ६ | बालविकास केन्द्र नक्साङ्कन, स्थानान्तरण र मर्ज (पटक) | १ | १ | १ | १ |
| ७ | नियमित अनुगमन प्रणाली | ७८% | ८२% | ८७% | १००% |
| ८ | सिकाइ सामग्री तथा खेल सामग्रीको व्यवस्था | ८५% | ८७% | ९३% | १००% |
| ९ | बाल उद्यान तथा सामग्री व्यवस्था (वटा) | | १४ | | २८ |
| १० | सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम (पटक) | | १ | १ | १ |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ बमोजिम प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार रहेको छ। यस संवैधानिक व्यवस्थाले सबै बालबालिकाका लागि समान, समावेशी, गुणस्तरीय तथा न्यायपूर्ण शैक्षिक अवसर सुनिश्चित गर्ने दायित्व राज्यलाई प्रदान गरेको छ।

राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकास, जीवनोपयोगी सीप, नैतिक मूल्य तथा व्यवहारिक ज्ञानको आधारका रूपमा परिभाषित गर्दै पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्न विशेष जोड दिएको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत शिक्षालाई प्रत्येक बालबालिकाको सुनिश्चित अधिकारका रूपमा स्थापित गर्दै यसको कार्यान्वयनका लागि राज्य, स्थानीय तह, विद्यालय र अभिभावकको स्पष्ट जिम्मेवारी निर्धारण गरेको छ।

यस संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमार्फत सबै बालबालिकालाई गुणस्तरीय, समावेशी र जीवनोपयोगी आधारभूत शिक्षा प्रदान गर्नु सुन्दरबजार नगरपालिकाको प्रमुख दायित्व तथा प्रतिबद्धता रहेको छ।

### ३.२.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या १६८६ , शिक्षक दरबन्दी १९१ र शिक्षक-विद्यार्थी अनुपात १:९ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ५२७ , जनजाति ६६८  र अपाङ्गता भएका बालबालिका २१ रहेका छन्। केही विद्यालयमा केही कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान  र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी संख्या २३४४, शिक्षक दरबन्दी  र शिक्षक–विद्यार्थी अनुपात सामुदायिकको तुलनामा केही बढी रहेको छ। संस्थागत विद्यालयहरुमा दलित २८८, जनजाति ११९२ र अपाङ्गता भएका बालबालिका २८ लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। ती विद्यालयहरुमा कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान  र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ।

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २८ | ८५२ | ८३४ | १६८६ | २६६ | २६१ | ५२७ | १० | ११ | २१ |
| संस्थागत | ८ | १३३९ | १००५ | २३४४ | १६३ | १२५ | २८८ | १४ | १४ | २८ |
| जम्मा | ३६ | २१९१ | १८३९ | ४०३० | ४२९ | ३८६ | ८१५ | २४ | २५ | ४९ |

सुन्दरबजार नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । सुन्दरबजार नगरपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन् । सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ । विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य** बनाउनु
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने
ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने
ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने
च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने
छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने

ज) शिक्षण-सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

ट) मूल्याङ्कनलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने

त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने

ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने

प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने

ब) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

भ) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने

म) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

य) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक–सांस्कृतिक विविधताको सम्मान गर्ने

र) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

ऱ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

सुन्दरबजार नगरपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ८५ प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्य**:

**१. विद्यालय पहुँच विस्तार तथा भर्ना सुनिश्चितता**

नगरपालिकाले विद्यालय उमेर समूहका सबै बालबालिकाको पहिचान गरी विद्यालय भर्ना सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गर्नेछ। विद्यालय बाहिर रहेका, जोखिममा रहेका, श्रममा संलग्न, दलित, जनजाति, विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री, छात्रवृत्ति, पोषण तथा दिवा खाजा कार्यक्रममार्फत विद्यालयप्रति आकर्षण बढाइनेछ।

**२. गुणस्तरीय शिक्षण सिकाइ सुधार कार्यक्रम**

विद्यालयमा बालकेन्द्रित, प्रविधिमैत्री तथा सहभागितामूलक शिक्षण विधिको प्रयोग बढाउन शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षकहरूलाई विषयगत तालिम, ICT प्रयोग, निरन्तर मूल्याङ्कन तथा समावेशी शिक्षणसम्बन्धी पेशागत सहयोग उपलब्ध गराइनेछ। सिकाइ उपलब्धि सुधारका लागि remedial teaching, अतिरिक्त कक्षा, पठन संस्कृति विकास तथा नियमित शैक्षिक परीक्षण सञ्चालन गरिनेछ।

**३. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार**

सबै विद्यालयलाई बालमैत्री, समावेशी तथा सुरक्षित बनाउन विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, बालमैत्री शौचालय, खेलमैदान तथा अपाङ्गमैत्री संरचना निर्माण तथा सुधार गरिनेछ। विद्यालयमा पुस्तकालय, विज्ञान सामग्री, ICT ल्याब तथा डिजिटल सिकाइ सामग्रीको व्यवस्थापन गरी शैक्षिक वातावरणलाई आकर्षक र प्रभावकारी बनाइनेछ।

### ४. समावेशी तथा समानतामूलक शिक्षा प्रवर्द्धन

लैङ्गिक समानता, समावेशी शिक्षा तथा बाल अधिकारलाई शिक्षाको मूल आधारका रूपमा स्थापित गरिनेछ। फरक क्षमता भएका, विशेष आवश्यकता भएका तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाका लागि सहायक सामग्री, स्रोत कक्षा तथा विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा बाल संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई संस्थागत गरिनेछ।

### ५. समुदाय र अभिभावक सहभागिता अभिवृद्धि

विद्यालय सुधारमा अभिभावक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्न अभिभावक शिक्षा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा विद्यालय–समुदाय सहकार्य कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी उत्तरदायी र पारदर्शी विद्यालय व्यवस्थापन प्रणाली विकास गरिनेछ।

### ६. प्रविधिमैत्री तथा नवप्रवर्तनशील शिक्षा

सूचना प्रविधिको प्रयोगमार्फत सिकाइलाई प्रभावकारी बनाउन विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर तथा डिजिटल सामग्रीको पहुँच विस्तार गरिनेछ। ई-लर्निङ, डिजिटल कक्षा सञ्चालन तथा शिक्षक–विद्यार्थीलाई ICT सीप विकास तालिम प्रदान गरिनेछ। स्थानीय ज्ञान, संस्कृति तथा जीवनोपयोगी सीपलाई पाठ्यक्रमसँग जोडेर व्यवहारिक शिक्षा प्रवर्द्धन गर्ने कोशिष गरिनेछ।

### ७. अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन

शिक्षाको गुणस्तर सुधारका लागि नियमित विद्यालय अनुगमन, सिकाइ उपलब्धि परीक्षण तथा तथ्यमा आधारित योजना निर्माण प्रणाली विकास गरिनेछ। शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई प्रविधिमैत्री बनाउँदै विद्यालयको प्रगति मापन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ। उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने व्यवस्था लागू गरिनेछ।

## लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | आधारभूत तहको खुद भर्नादर NER | ९१ | ९४ | ९६ | १०० |
| २ | आधारभूत तहको टिकाउ दर | ९२ | ९४ | ९५ | १०० |
| ३ | आधारभूत तहको सिकाइ उपलब्धी दर | ७० | ७५ | ८० | ८५ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ४ | डिजिटल शिक्षण सिकाइ हुने विद्यालय | ३७% | ६०% | ७०% | ८०% |
| ५ | पुस्तकालय भएका विद्यालय | ८३% | ८५% | ९०% | १००% |
| ६ | अभिभावक शिक्षा सञ्चालन भएका विद्यालय | ४२% | ६४% | ८५% | १००% |
| ७ | विद्यालय नक्साङ्कन तथा समायोजन (पटक) | | १ | | १ |
| ८ | विद्यालय कार्यसम्पादन परीक्षण (विद्यालय) | | १० | १० | १० |
| ९ | स्थानीय पाठ्यक्रम प्रवोधिकरण (पटक) | १ | १ | १ | १ |
| १० | शिक्षक पेशागत विकास क्षमता विकास र सहायता (संख्या) | ५० | १०० | १०० | १०० |
| ११ | जेहेन्दार छात्रा छात्रवृत्ति (संख्या) | २० | २० | २० | २० |
| १२ | विव्यस शिअसंघ पदाधिकारीहरु तथा अभिभावक क्षमता विकास अभिमुखीकरण (पटक) | | १ | १ | १ |
| १३ | विद्यालय सुधार योजना निर्माण क्षमता अभिवृद्धि तालिम | | १ | १ | १ |
| १४ | शैक्षिक तथा सिकाइ सामग्री निर्माण कार्यशाला (विद्यालय) | १५ | १० | १० | १० |
| १५ | न्युन सिकाइ तथा सिकाइ क्षमता भएका विद्यार्थी सहायता सञ्चालित विद्यालय | २५ | २० | २० | २० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले माध्यमिक शिक्षाको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता राज्यको दायित्वका रूपमा स्थापित गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै नागरिकको गुणस्तरीय माध्यमिक शिक्षामा समान र निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशील, नवप्रवर्तनशील, अध्ययनशील, सकारात्मक सोच भएका, सदाचारी, सीपयुक्त तथा उत्पादनशील जनशक्ति विकास गर्ने लक्ष्य लिएको छ ।

माध्यमिक शिक्षालाई श्रमप्रति सम्मान, उद्यमशीलता, व्यावसायिक दक्षता तथा जीवनोपयोगी सीप विकासको आधारका रूपमा लिइएको छ । यस तहमा साधारण, प्राविधिक तथा व्यावसायिक र संस्कृत शिक्षा गरी विभिन्न धारमार्फत विद्यार्थीको रुचि, क्षमता र भविष्यको आवश्यकता अनुरूप अध्ययनका अवसर उपलब्ध गराइएको छ

। विशेषगरी कक्षा ९–१२ मा सञ्चालन गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षाले विद्यार्थीलाई रोजगारी, स्वरोजगार तथा उच्च शिक्षाका लागि आवश्यक ज्ञान, सीप र दक्षता प्रदान गर्ने आधार तयार गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप कार्यान्वयनमा रहेको पाठ्यक्रमले ज्ञान, सीप, मूल्य र व्यवहारबीच सन्तुलन कायम गर्दै शिक्षालाई जीवन, उत्पादन र समाजसँग जोड्ने प्रयास गरेको छ । साथै, विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै वैज्ञानिक सोच, अनुसन्धान संस्कार, नवप्रवर्तन क्षमता तथा स्थानीय मौलिक ज्ञान, प्रविधि र सीपको संरक्षण एवं प्रवर्द्धनमा जोड दिएको छ ।

यस परिप्रेक्ष्यमा माध्यमिक शिक्षा केवल उच्च शिक्षाको आधार मात्र नभई सक्षम, प्रतिस्पर्धी, जिम्मेवार तथा राष्ट्र निर्माणमा योगदान दिन सक्ने नागरिक उत्पादन गर्ने महत्वपूर्ण माध्यमका रूपमा स्थापित भएको छ ।

### ३.३.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ११९७ , शिक्षक दरबन्दी ६६ र शिक्षक–विद्यार्थी अनुपात १:१८.१ रहेको देखिन्छ । विद्यार्थीमध्ये दलित ३१४, जनजाति ७८३ र अपाङ्गता भएका बालबालिका १४ रहेका छन् । केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन । यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ । तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी संख्या ४३६, सोही अनुसार शिक्षक दरबन्दी  र शिक्षक–विद्यार्थी अनुपात सामुदायिक भन्दा केही बढी रहेको छ । दलित ३६, जनजाति २२८ लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन् । विद्यालय पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन । यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ ।

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १३ | ५८१ | ६१६ | ११९७ | १५४ | १६० | ३१४ | १३ | ११ | १४ |
| संस्थागत | ७ | २५५ | १८१ | ४३६ | २० | १६ | ३६ | १२ | १० | २२ |
| जम्मा | २० | ८३६ | ७९७ | १६३३ | १७४ | १७६ | ३५० | २५ | २१ | ३६ |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको सुन्दरबजार नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने

आधारका रूपमा परिभाषित गरेको छ । नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ।

### ३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) जीवनोपयोगी सीप, प्रविधिमैत्री अभ्यास र उत्कृष्ट सिकाइ उपलब्धिसहित माध्यमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता सुदृढ गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) वैज्ञानिक विद्यालय नक्साङ्कन तथा संरचनागत सुधारमार्फत माध्यमिक शिक्षा सुदृढ गर्नु

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण–सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य–दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्तीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छनोट गरिएका विद्यालयहरूमा अङ्ग्रेजी माध्यमको शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी तिनलाई उत्कृष्ट तथा नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) विद्यार्थीहरूमा सदाचार, अनुशासन, नैतिक आचरण र सामाजिक उत्तरदायित्वको भावना विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

भ) परम्परागत ज्ञान, सिप र प्रविधिको पुस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ । यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ । सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याउनेछ ।

ख) **प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

**१. माध्यमिक शिक्षामा पहुँच विस्तार तथा समावेशी भर्ना अभियान**

यस नगरपालिकामा माध्यमिक तहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गरिनेछ । आर्थिक, सामाजिक, भौगोलिक तथा लैङ्गिक कारणले विद्यालय बाहिर रहेका किशोर–किशोरीको पहिचान गरी विद्यालयमा भर्ना तथा टिकाइराख्ने कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा जोखिममा रहेका विद्यार्थीका लागि छात्रवृत्ति, शैक्षिक सामग्री, पोषण तथा यातायात सहयोगजस्ता लक्षित कार्यक्रम लागू गरिनेछ ।

**२. गुणस्तरीय तथा सान्दर्भिक शिक्षण सिकाइ प्रवर्द्धन**

माध्यमिक शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, प्रविधिमैत्री तथा रोजगारमुखी बनाउन शिक्षण सिकाइ प्रक्रियामा सुधार आवश्यक हुन्छ । विषयगत दक्षता, आलोचनात्मक सोच, समस्या समाधान क्षमता तथा सिर्जनशीलता विकास गर्ने शिक्षण विधिलाई प्राथमिकता दिइनेछ । शिक्षकहरूका लागि विषयगत तालिम, ICT प्रयोग, नवप्रवर्तनशील शिक्षण विधि तथा निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढीकरण

सबै माध्यमिक विद्यालयलाई सुरक्षित, बालमैत्री तथा समावेशी बनाउन कक्षाकोठा सुधार, प्रयोगशाला, पुस्तकालय, ICT ल्याब, खेलमैदान, खानेपानी तथा सुविधा सम्पन्न शौचालयको व्यवस्था गरिनेछ। विद्यालय भवनलाई विपद् सुरक्षित तथा अपाङ्गतामैत्री बनाउँदै आधुनिक शिक्षण सिकाइका लागि आवश्यक सामग्री उपलब्ध गराइनेछ।

### ४. आधारभूत मापदण्ड तथा गुणस्तर सुनिश्चितता

माध्यमिक विद्यालयहरूले तोकिएका न्यूनतम आधारभूत मापदण्ड पूरा गर्न नियमित मूल्याङ्कन तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय व्यवस्थापन, शिक्षक दरबन्दी, विषयगत शिक्षक उपलब्धता, सिकाइ सामग्री तथा शैक्षिक व्यवस्थापनलाई गुणस्तर मापदण्डअनुसार व्यवस्थित बनाइनेछ। गुणस्तर सुधार योजना तयार गरी विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइनेछ।

### ५. जीवनोपयोगी सीप तथा रोजगारमुखी शिक्षा प्रवर्द्धन

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई जीवनोपयोगी सीप, उद्यमशीलता, वित्तीय साक्षरता, कृषि, प्रविधि तथा व्यावसायिक अभिमुखीकरण कार्यक्रमसँग जोड्ने प्रयास गरिनेछ। स्थानीय आवश्यकता र सम्भावनाअनुसार सीपमूलक तथा प्राविधिक शिक्षा कार्यक्रम विस्तार गरी विद्यार्थीलाई आत्मनिर्भर र सक्षम नागरिकका रूपमा विकास गर्ने योजनाअनुरुप अगाडि बढिनेछ।

### ६. किशोरमैत्री तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

विद्यालयमा किशोर-किशोरीमैत्री वातावरण निर्माण गर्दै मानसिक स्वास्थ्य, परामर्श सेवा, स्वास्थ्य शिक्षा, पोषण तथा सरसफाइ कार्यक्रम, विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिनेछ। खेलकुद, योग, सिर्जनात्मक गतिविधि तथा अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासलाई प्रवर्द्धन गरिनेछ।

### ७. अभिभावक तथा समुदाय सहभागिता सुदृढीकरण

विद्यालय सुधार तथा विद्यार्थी उपलब्धिमा अभिभावक र समुदायको सहभागिता बढाउन नियमित अन्तरक्रिया, अभिभावक शिक्षा तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरी उत्तरदायी तथा पारदर्शी विद्यालय प्रशासन सुनिश्चित गरिनेछ।

### ८. प्रविधिमैत्री शिक्षा तथा डिजिटल रूपान्तरण

सूचना प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सबै माध्यमिक विद्यालयमा इन्टरनेट, कम्प्युटर तथा डिजिटल सामग्रीको पहुँच विस्तार गरिनेछ। स्मार्ट कक्षा, ई-लर्निङ तथा डिजिटल मूल्याङ्कन प्रणाली लागू गर्दै विद्यार्थी तथा शिक्षकको डिजिटल साक्षरता अभिवृद्धि गरिनेछ।

### ९. अनुगमन, मूल्याङ्कन तथा नतिजा व्यवस्थापन

विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमित अनुगमन, मेन्टरिङ, परीक्षा सञ्चालनमा एकरुपता, सिकाइ उपलब्धि परीक्षण तथा नतिजा विश्लेषण प्रणाली लागू गरिनेछ। तथ्यमा आधारित योजना निर्माण, EMIS अद्यावधिक तथा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था लागू गरिनेछ।

**लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तहको खुद भर्नादर | ८०.४ | ८२ | ८४ | ९० |
| २ | विषयगत शिक्षक समूह गठन र परिचालन | १ | १ | १ | १ |
| ३ | शिक्षक पेशागत विकास र क्षमता अभिवृद्धि तालिम | १० | २० | २० | २० |
| ४ | विद्यालय नक्साङ्कन तथा समायोजन र स्तरोन्नति (पटक) | | १ | १ | १ |
| ५ | विषयगत शिक्षक उपलब्धता | ६९% | ८०% | १००% | १००% |
| ६ | डिजिटल शिक्षा | ३७% | ६०% | ७०% | ९०% |
| ७ | प्रयोगशाला तथा पुस्तकालय | ८५% | ९०% | ९५% | १००% |
| ८ | अभिभावक शिक्षा सञ्चालन हुने विद्यालय | ४२% | ६४% | ८५% | १००% |
| ९ | सूचना सञ्चार र प्रविधि तथा कृतिम बुद्धिमता सम्बन्धि तालिम | १ | १ | १ | १ |
| १० | विद्यालय स्वास्थ्य परीक्षण (पटक) | १ | १ | १ | १ |
| ११ | शैक्षिक तथा सिकाइ सामग्री निर्माण कार्यशाला (विद्यालय) | १३ | १३ | १३ | १३ |
| १२ | शिक्षक प्रोत्साहन कार्यक्रम | २ | २ | २ | २ |
| १३ | प्रधानाध्यापक क्षमता विकास र सुविधा विकास | १ | १ | १ | १ |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

### ३.४.१ परिचय

अनौपचारिक तथा आजीवन शिक्षा औपचारिक शिक्षा प्रणालीको सीमाभन्दा बाहिर विभिन्न उमेर समूहका नागरिकलाई आवश्यकता, रुचि र जीवन परिस्थितिअनुसार प्रदान गरिने सिकाइ प्रक्रिया हो । यो केवल साक्षरता हासिल गर्ने माध्यम मात्र नभई व्यक्तिलाई जीवनभर ज्ञान, सीप, मूल्य र व्यवहारिक दक्षता आर्जन गर्ने अवसर प्रदान गर्ने निरन्तर सिकाइ प्रणाली हो। बदलिँदो सामाजिक, आर्थिक तथा प्रविधिगत परिवेशमा व्यक्तिलाई समयानुकूल, सक्षम र आत्मनिर्भर बनाउने महत्वपूर्ण आधारका रूपमा अनौपचारिक तथा आजीवन शिक्षालाई लिइन्छ।

अनौपचारिक शिक्षाले व्यक्तिलाई आफ्ना जीवनका अनुभव, समस्या, आवश्यकता र सम्भावनासँग जोडेर सिक्ने अवसर प्रदान गर्दछ। यसमार्फत नागरिकहरूले दैनिक जीवन, जीविकोपार्जन, सामाजिक सहभागिता, उद्यमशीलता तथा समुदाय विकाससँग सम्बन्धित ज्ञान र सीप हासिल गर्न सक्दछन्। साक्षरतादेखि साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, सीपमूलक तालिम तथा आयआर्जनसँग आबद्ध सिकाइ कार्यक्रममार्फत शिक्षित, सक्षम र आत्मनिर्भर समाज निर्माणमा यसले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको हक, राष्ट्रिय शिक्षा नीतिको मार्गदर्शन तथा दिगो विकास लक्ष्यहरूको प्राप्तिमा अनौपचारिक तथा आजीवन शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ । औपचारिक शिक्षाको पहुँचबाट बाहिर रहेका, विद्यालय शिक्षा पूरा गर्न नसकेका तथा निरन्तर सिकाइको आवश्यकता भएका नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउँदै समावेशी र न्यायपूर्ण समाज निर्माणमा यसले सहयोग पुऱ्याउँछ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पूर्ण साक्षर नेपाल निर्माण, आजीवन सिकाइ संस्कृतिको विकास, वैकल्पिक तथा खुला शिक्षाको विस्तार, सीपमूलक शिक्षाको प्रवर्द्धन तथा फरक क्षमता भएका व्यक्तिसहित सबै नागरिकका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्य निर्धारण गरेको छ । यस परिप्रेक्ष्यमा अनौपचारिक तथा आजीवन शिक्षा ज्ञानमा आधारित, सीपयुक्त, आत्मनिर्भर, प्रतिस्पर्धी तथा मर्यादित जीवनयापन गर्न सक्षम नागरिक निर्माण गर्ने महत्वपूर्ण माध्यमका रूपमा स्थापित भएको छ।

### ३.४.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले १५ देखि ६० वर्ष उमेर समूहका विद्यालय पहुँचबाहिर रहेका नागरिकलाई लक्षित गरी विभिन्न समयमा सञ्चालन गरेका साक्षरता कार्यक्रमहरूको सकारात्मक प्रभावस्वरूप नगरको साक्षरता दर ८३ प्रतिशतभन्दा माथि पुगेको छ। हाल नगरपालिकाभित्र ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्, जसले साक्षरता, निरन्तर शिक्षा, सीप विकास तथा समुदायमा सिकाइ संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

नगरपालिकाले विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका बालबालिका, युवा तथा वयस्क नागरिकका लागि अनौपचारिक शिक्षा, वैकल्पिक सिकाइ तथा आजीवन शिक्षाको अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको छ । शिक्षालाई सबै उमेर समूहको अधिकारका रूपमा स्थापित गर्दै जीवनपर्यन्त सिकाइ संस्कृतिको विकास र ज्ञानमा आधारित समाज निर्माणलाई प्राथमिकतामा राखिएको छ ।
यद्यपि, औपचारिक शिक्षाको मूल प्रवाहभन्दा बाहिर रहेका नागरिकलाई प्रभावकारी रूपमा समेट्न सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत सुदृढीकरण, कार्यक्रमको गुणस्तर अभिवृद्धि तथा सेवाको पहुँच विस्तार आवश्यक देखिएको छ । हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालयहरूले सकारात्मक भूमिका निर्वाह गरिरहेका भए तापनि सबै वडा तथा समुदायमा समान रूपमा पहुँच विस्तार गर्न थप प्रयास आवश्यक छ ।

त्यसैगरी मदरसा, गुरुकुल, गुम्बा, विहार, वेद विद्याश्रम लगायत वैकल्पिक तथा परम्परागत शिक्षण संस्थाहरूसँग समन्वय, सहकार्य र स्रोत सुदृढीकरण गरी शिक्षाको समावेशी दायरा विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ । साथै, प्रौढ साक्षरता, खुला तथा दूर शिक्षा, डिजिटल सिकाइ तथा सीपमूलक कार्यक्रमहरूमा नागरिकको सहभागिता अभिवृद्धि गर्दै सबैका लागि निरन्तर सिकाइको अवसर सुनिश्चित गर्नु समयको महत्वपूर्ण आवश्यकता बनेको छ ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने,

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने,

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने,

ङ) “एक वडा एक पुस्तकालय” अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने,

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने,

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

थ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

**१. साक्षरता तथा आधारभूत शिक्षा अभियान सञ्चालन**

सुन्दरबजार नगरपालिकाले सबै उमेर समूहका निरक्षर नागरिकहरूको पहिचान गरी साक्षरता अभियान सञ्चालन गरिनेछ । विशेष गरी महिला, दलित, जनजाति, विपन्न समुदाय, ज्येष्ठ नागरिक तथा विद्यालय शिक्षा प्राप्त गर्न नपाएका व्यक्तिहरूलाई लक्षित गरी आधारभूत साक्षरता तथा कार्यमूलक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । पढ्न, लेख्न, गणना गर्न तथा दैनिक जीवनमा प्रयोग हुने व्यवहारिक ज्ञान प्रदान गर्ने कार्यक्रमलाई समुदायस्तरमा विस्तार गरिनेछ ।

**२. निरन्तर शिक्षा तथा पुनःसिकाइ कार्यक्रम**

औपचारिक शिक्षा प्राप्त गर्न नसकेका वा बीचमै अध्ययन छोडेका किशोर–किशोरी तथा वयस्कहरूका लागि निरन्तर शिक्षा तथा पुनःसिकाइ कार्यक्रम सञ्चालन गरिनेछ । खुला तथा वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र तथा लचिलो सिकाइ प्रणालीमार्फत उनीहरूलाई पुनः शिक्षाको अवसर उपलब्ध गराइनेछ ।

### ३. सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण

सामुदायिक सिकाइ केन्द्र (CLC) हरूलाई आजीवन सिकाइको केन्द्रका रूपमा विकास गरिनेछ। पुस्तकालय, डिजिटल सामग्री, सीप विकास तालिम तथा सूचना प्रवाह सेवासहितका कार्यक्रम सञ्चालन गरी समुदायलाई सिकाइ, सूचना तथा सीपको पहुँच उपलब्ध गराइनेछ। स्थानीय समुदाय, विद्यालय तथा संघसंस्थासँग सहकार्य गरी CLC हरूलाई सक्रिय र प्रभावकारी बनाइनेछ।

### ४. जीवनोपयोगी तथा सीपमूलक शिक्षा प्रवर्द्धन

नागरिकलाई आत्मनिर्भर र उत्पादनमुखी बनाउन कृषि, उद्यमशीलता, वित्तीय साक्षरता, प्रविधि, हस्तकला, पर्यटन, घरेलु उद्योग तथा अन्य स्थानीय सम्भावनामा आधारित सीपमूलक तालिम सञ्चालन गरिनेछ। जीवनोपयोगी सीप, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, लैङ्गिक समानता तथा नागरिक चेतनासम्बन्धी कार्यक्रमलाई पनि निरन्तर शिक्षासँग जोडिनेछ।

### ५. समावेशी तथा समान पहुँच सुनिश्चितता

अनौपचारिक शिक्षा कार्यक्रमलाई समावेशी, पहुँचयोग्य तथा समानतामूलक बनाउन अपाङ्गता भएका व्यक्ति, विपन्न समुदाय, महिलाहरू तथा सीमान्तकृत समूहका लागि विशेष सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। मातृभाषा तथा स्थानीय सन्दर्भमा आधारित सिकाइ सामग्री विकास गरी सबै समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

### ६. रोजगार, उद्यमशीलता तथा आत्मनिर्भरता अभिवृद्धि

सीपमूलक तथा आजीवन सिकाइ कार्यक्रमलाई स्थानीय रोजगार तथा स्वरोजगारसँग जोड्नुपर्छ। तालिम प्राप्त व्यक्तिलाई सहुलियतपूर्ण ऋण, उद्यम परामर्श, बजार व्यवस्थापन तथा उत्पादनमूलक कार्यसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय उद्योग, सहकारी तथा निजी क्षेत्रसँग साझेदारी गरी रोजगारमुखी तालिमलाई प्रभावकारी बनाइनेछ।

### ७. जनचेतना तथा समुदाय सहभागिता अभिवृद्धि

"सिकाइ जीवनभर" भन्ने अवधारणालाई समुदायस्तरसम्म विस्तार गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। अभिभावक, युवा समूह, महिला समूह, सहकारी तथा सामाजिक संघसंस्थाको सहभागितामा सिकाइ संस्कृति विकास गरिनेछ। स्थानीय रेडियो, सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत साक्षरता र निरन्तर शिक्षाको महत्व प्रचार–प्रसार गरिनेछ।

### ८. अनुगमन, मूल्याङ्कन तथा साझेदारी सुदृढीकरण

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ । संघीय तथा प्रदेश सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा विकास साझेदारसँग समन्वय गरी कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाइनेछ । उत्कृष्ट सिकाइ केन्द्र, प्रशिक्षक तथा सहभागीलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | साक्षरता कार्यक्रम | नियमित सञ्चालन | | | |
| २ | सामुदायिक सिकाइ केन्द्रको संख्या | ४ | ४ | ६ | ११ |
| ३ | सासिके सञ्चालन तथा व्यवस्थापन अनुदान (सासिके) | ४ | ४ | ६ | ११ |
| ४ | महिला सहभागिता दर | ४० | ५० | ५० | ५५ |
| ५ | पुस्तकालय तथा सूचना पहुँच दर | ४३ | ५० | ६० | ७० |
| ६ | खुला इ-पुस्तकालय सञ्चालन (वटा) | ० | २ | २ | ३ |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन र अभिलेखन | १ | १ | १ | १ |
| ८ | नवसाक्षरहरुका लागि सुचना तथा सञ्चार प्रविधि र उद्यमशिलता तालिम सञ्चालन (संख्या) | ४ | ८ | ८ | ८ |
| ९ | आय आर्जन समूह परिचालन (वटा) | ४ | ८ | १२ | २० |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा सम्बन्धी प्रचलित कानुन तथा नीतिगत व्यवस्थाले पाठ्यक्रम र मूल्याङ्कनलाई गुणस्तरीय शिक्षाको मूल आधारका रूपमा स्वीकार गरेका छन् । पाठ्यक्रमले विद्यार्थीमा ज्ञान, सीप, मूल्य, सिर्जनशीलता तथा जीवनोपयोगी दक्षताको विकास गर्ने लक्ष्य राख्दछ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, क्षमता विकास तथा समग्र प्रगतिलाई मापन गरी शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने कार्य गर्दछ । यसले शिक्षा प्रणालीमा उत्तरदायित्व, पारदर्शिता, समावेशिता तथा निरन्तर गुणस्तर सुधारको आधार तयार गर्दछ ।

नेपालमा विद्यालय तहको पाठ्यक्रम विकास र व्यवस्थापनलाई संस्थागत रूप दिन वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनापछि पाठ्यक्रम विकास केन्द्र स्थापना गरिएको थियो । त्यसयता विद्यालय शिक्षालाई समयसापेक्ष, व्यवहारिक तथा राष्ट्रिय आवश्यकता अनुरूप बनाउने उद्देश्यले पाठ्यक्रमको विकास, परिमार्जन र अद्यावधिक कार्य निरन्तर रूपमा हुँदै आएको छ । वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनमा आएपछि विद्यालय शिक्षाको पाठ्यक्रम विकासलाई थप व्यवस्थित बनाइएको थियो भने विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले शिक्षालाई ज्ञानमुखी मात्र नभई सीपमुखी, प्रविधिमैत्री, जीवनोपयोगी तथा दक्षतामा आधारित बनाउने दिशामा मार्गनिर्देशन गरेको छ ।

यस प्रारूपअनुसार विकसित नयाँ पाठ्यक्रम वि.सं. २०७७ देखि चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याई वि.सं. २०८० सम्म विद्यालय तहका कक्षा १ देखि १२ सम्म पूर्ण रूपमा विस्तार गरिएको छ । नयाँ पाठ्यक्रमले विद्यार्थीको समग्र क्षमता विकास, व्यवहारिक सिकाइ, अनुसन्धान, नवप्रवर्तन तथा स्थानीय सन्दर्भमा आधारित शिक्षामा विशेष जोड दिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १–८) मा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको व्यवस्था गरेको छ । यस व्यवस्थाले स्थानीय इतिहास, भूगोल, संस्कृति, भाषा, कला, कृषि, पर्यटन, वातावरण संरक्षण, रैथाने ज्ञान, सीप तथा स्थानीय जीवनपद्धतिलाई शिक्षण–सिकाइ प्रक्रियासँग जोड्ने अवसर प्रदान गरेको छ । स्थानीय तहको विशिष्ट पहिचान, आवश्यकता र सम्भावनालाई पाठ्यक्रममा समेट्दै शिक्षालाई थप सान्दर्भिक, व्यवहारिक, जीवनोपयोगी तथा समुदायमुखी बनाउने महत्वपूर्ण आधारका रूपमा स्थानीय पाठ्यक्रम रहेको छ ।

### ४.१.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय, जीवनोपयोगी र परिणाममुखी शिक्षाको आधारका रूपमा विकास गर्ने लक्ष्यसहित विभिन्न सुधारात्मक प्रयासहरू अघि बढाइरहेको छ। विद्यालयहरूमा स्थानीय भाषा, कला, संस्कृति, इतिहास, भूगोल, कृषि, पर्यटन तथा स्थानीय सीप र ज्ञानलाई समेटेर तयार गरिएको स्थानीय पाठ्यक्रम कार्यान्वयनमा रहेको छ। यसलाई थप प्रभावकारी र व्यवहारिक बनाउन स्थानीय सन्दर्भ सामग्री, शिक्षण स्रोत तथा सिकाइ सामग्रीहरूको विकास गर्ने लक्ष्य लिइएको छ। यसमार्फत विद्यार्थीमा जीवनोपयोगी सीप, नैतिक मूल्य, अनुशासन, सामाजिक उत्तरदायित्व, नागरिक चेतना तथा समाजसेवाको भावना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

मूल्याङ्कन तथा परीक्षा प्रणालीलाई परम्परागत ज्ञान मापनमा सीमित नराखी दक्षता, व्यवहार, सिर्जनशीलता, समस्या समाधान क्षमता तथा व्यवहारिक सीपको मूल्याङ्कन गर्न सक्ने आधुनिक र वैज्ञानिक प्रणालीका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। आधारभूत तथा माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धिमा आधारित स्पष्ट मापदण्ड तथा सूचकहरू विकास गरी मूल्याङ्कन प्रक्रियालाई थप वस्तुनिष्ठ, विश्वसनीय र नतिजामुखी बनाउने रणनीति अवलम्बन गरिएको छ।

विद्यार्थीको सिकाइ उपलब्धिसँगै शिक्षकको कार्यसम्पादन, व्यावसायिक उत्तरदायित्व तथा शैक्षिक योगदानलाई समेत मूल्याङ्कनसँग आबद्ध गर्ने, अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समावेशी मूल्याङ्कन प्रणाली विकास गर्ने तथा प्रयोगात्मक सिकाइ, परियोजना कार्य, अनुसन्धान तथा इन्टर्नसिपजस्ता व्यवहारिक अभ्यासलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्ने दिशामा नगरपालिकाले पहल गरिरहेको छ।

त्यसैगरी, परीक्षा व्यवस्थापन, शैक्षिक अनुगमन तथा सिकाइ उपलब्धिको नियमित विश्लेषणलाई थप प्रभावकारी बनाउन आवश्यक स्थानीय संयन्त्र, प्राविधिक पूर्वाधार तथा दक्ष जनशक्ति विकास गर्ने लक्ष्य राखिएको छ। यसरी सुन्दरबजार नगरपालिकाले पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेशअनुकूल, समावेशी, प्रविधिमैत्री, गुणस्तरीय तथा सिकाइ उपलब्धिमुखी बनाउँदै शिक्षा प्रणालीको समग्र गुणस्तर अभिवृद्धितर्फ अग्रसर रहेको छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ख) स्थानीय पाठ्यक्रम समयानुकुल परिमार्जन तथा कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइ उपलब्धीको मूल्याङ्कन गर्नु

#### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक, प्रयोगात्मक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई सुनिश्चित गर्ने,

ज) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

झ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ञ) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ट) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ठ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको समयानुकुल परिमार्जन र विकास एवमं कार्यान्वयन गर्ने,

ड) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने,

ढ) स्थानीय पाठ्यक्रमलाई स्थानीय उत्पादन, आयआर्जन, परम्परागत ज्ञान र सिपको हस्तान्तरणसँग जोड्ने,

ण) विद्यार्थीको सामाजिक प्रयोगात्मक सिप र व्यहारिक सिपसँग आधारित रहेर मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्ने ।

#### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

#### १. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन

नगरपालिकाले राष्ट्रिय पाठ्यक्रमलाई स्थानीय आवश्यकता, सन्दर्भ, संस्कृति तथा जीवनशैलीसँग समन्वय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । विद्यालयमा पाठ्यक्रमअनुसार वार्षिक कार्ययोजना, शिक्षण योजना तथा

सिकाइ सहजीकरण प्रक्रिया व्यवस्थित बनाइनेछ। पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न शिक्षक, विद्यालय तथा अभिभावकबीच समन्वयात्मक कार्य प्रणाली विकास गरिनेछ।

**२. स्थानीय पाठ्यक्रम तथा स्थानीय विषयवस्तु विकास**

सुन्दरबजार नगरपालिकाको इतिहास, संस्कृति, भाषा, जैविक विविधता, कृषि, पर्यटन, व्यवसाय, स्थानीय कला तथा जीवनशैलीलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेको छ। यसले विद्यार्थीलाई आफ्नो समाज, पहिचान तथा स्थानीय सम्भावनासँग जोड्दै व्यवहारिक र सान्दर्भिक शिक्षा प्रदान गर्न सहयोग पुऱ्याएको अनुभूति भएको छ। अब सो पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम अनुकुलको पाठ्यसामग्री तथा सन्दर्भ सामग्री विकास गरिदै लगिनेछ।

**३. सृजनशील तथा जीवनोपयोगी शिक्षण सिकाइ प्रवर्द्धन**

विद्यालयमा शिक्षक केन्द्रीत शिक्षण भन्दा खोज, अनुसन्धान, समस्या समाधान, समालोचनात्मक सोच तथा सिर्जनशीलता विकास गर्ने शिक्षण विधिलाई प्राथमिकता दिइनेछ। परियोजना कार्य, प्रयोगात्मक सिकाइ, समूहकार्य, प्रस्तुतीकरण तथा व्यवहारिक अभ्यासमार्फत विद्यार्थीको आत्मविश्वास, सकारात्मक सोच र नेतृत्व क्षमता विकास गरिनेछ।

**४. रोजगारमुखी तथा सीपमूलक शिक्षाको समावेश**

पाठ्यक्रमलाई जीवनोपयोगी तथा रोजगारमुखी बनाउन कृषि, प्रविधि, उद्यमशीलता, वित्तीय साक्षरता, डिजिटल सीप तथा स्थानीय सीपसँग सम्बन्धित विषयवस्तु समावेश गर्नुपर्छ। विद्यालयस्तरमै विद्यार्थीलाई स्वरोजगार, उत्पादनशीलता तथा उद्यमशील सोचतर्फ अभिमुख गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. शिक्षक पेसागत क्षमता विकास र सहयोग**

पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन शिक्षकहरूको विषयगत, शैक्षिक तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गर्नुपर्छ। आधुनिक शिक्षण विधि, ICT प्रयोग, परियोजना आधारित सिकाइ, समावेशी तथा मनोसामाजिक शिक्षण तथा निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी तालिम प्रदान गरिनेछ। शिक्षकहरूबीच अनुभव आदानप्रदान तथा पेशागत सिकाइ समूह गठन गरी निरन्तर सुधारको वातावरण निर्माण गरिनेछ।

**६. विद्यार्थी मूल्याङ्कन प्रणाली सुधार**

मूल्याङ्कन प्रणालीलाई केवल परीक्षा केन्द्रित नभई सिकाइ केन्द्रित बनाउनुपर्छ। निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS), परियोजना कार्य, प्रयोगात्मक मूल्याङ्कन, व्यवहार मूल्याङ्कन तथा सिर्जनात्मक अभिव्यक्तिलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्दै सिकाइ प्रवर्धनका लागि मूल्यांकनको अवधारणालाई व्यवहारमा कार्यान्वयन गरिनेछ।

### ७. प्रविधिमैत्री शिक्षण तथा डिजिटल मूल्याङ्कन

विद्यालयहरूमा डिजिटल शिक्षण सामग्री, स्मार्ट कक्षा तथा ई-लर्निङ प्रणाली विस्तार गरी प्रविधिमैत्री शिक्षण वातावरण निर्माण गरिनेछ । डिजिटल प्रश्न बैंक, अनलाइन परीक्षण तथा सिकाइ विश्लेषण प्रणाली विकास गरी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।

### ८. पठन संस्कृति तथा अनुसन्धान प्रवर्द्धन

विद्यार्थीमा निरन्तर सिकाइप्रतिको रुचि विकास गर्न विद्यालयमा पुस्तकालय, बुक करनर, पठन कार्यक्रम, विज्ञान प्रदर्शनी, नवप्रवर्तन प्रतियोगिता तथा अनुसन्धानात्मक गतिविधि सञ्चालन गरिनेछ । विद्यार्थीलाई "सिक्दै कमाउने, कमाउँदै सिक्ने" र "जीवनभर सिक्ने" संस्कृतितर्फ प्रेरित गर्ने वातावरण निर्माण गरिनेछ ।

### ९. अनुगमन, सुपरिवेक्षण तथा नतिजा सुधार

पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियाको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ । सिकाइ उपलब्धिको तथ्याङ्क विश्लेषण गरी विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन गर्न लगाइनेछ । उत्कृष्ट अभ्यासको आदानप्रदान तथा उत्कृष्ट शिक्षक, विद्यालय र विद्यार्थीलाई प्रोत्साहन गरिनेछ ।

### १०. अभिभावक तथा समुदायको सहभागिता

विद्यार्थी सिकाइ सुधार तथा मूल्याङ्कन प्रणालीका बारेमा अभिभावक तथा समुदायको भूमिका सुदृढ बनाउन नियमित अन्तरक्रिया, छलफल तथा समुदायमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयलाई समुदायसँग जोड्दै व्यवहारिक, उत्पादनमूखी र जीवनोपयोगी शिक्षाको वातावरण निर्माण गरिनेछ ।

**लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय पाठ्यक्रमको कार्यान्वयन | १०० | १०० | १०० | १०० |
| २ | स्थानीय पाठ्यक्रमको कार्यान्वयन | १०० | १०० | १०० | १०० |
| ३ | मूल्याङ्कन प्रणालीका बारेमा शिक्षक तालिम (पटक) | १ | २ | २ | २ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमूखीकरण (पटक) | १ | २ | २ | २ |
| ५ | प्रश्नपत्र र मूल्याङ्कन (पटक) | १ | १ | १ | १ |
| ६ | नवप्रवर्तन तथा अनुसन्धान (पटक) | १ | १ | १ | १ |
| ७ | अनुगमन तथा सुपरीवेक्षण | ७८% | ८२% | ८७% | १००% |

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| | | २०८२ | | | |
| ८ | स्थानीय पाठ्यवस्तुको विकास | ० | हुने | हुने | हुने |
| ९ | स्थानीय पाठ्यक्रम परिमार्जन र विकास (पटक) | | | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर निर्धारण गर्ने सबैभन्दा महत्वपूर्ण पक्षमध्ये शिक्षक व्यवस्थापन तथा पेसागत विकास एक हो। सक्षम, योग्य, उत्प्रेरित, उत्तरदायी, समर्पित र व्यावसायिक दक्षतायुक्त शिक्षक नै प्रभावकारी शिक्षण–सिकाइ प्रक्रियाका प्रमुख संवाहक हुन्। शिक्षकको विषयगत ज्ञान, शिक्षण सीप, नैतिक आचरण, सिर्जनशीलता तथा विद्यार्थीमैत्री व्यवहारले विद्यार्थीको सिकाइ उपलब्धि, व्यक्तित्व विकास र समग्र शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्दछ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकको पेसागत क्षमता निरन्तर अभिवृद्धि गर्नु, नवीनतम शिक्षण विधि तथा प्रविधिको प्रयोगमा दक्ष बनाउनु र कार्यसम्पादनप्रति जवाफदेही बनाउनु अपरिहार्य छ। यसका लागि शिक्षक व्यवस्थापनलाई आवश्यकता, विषयगत दक्षता तथा विद्यार्थी सङ्ख्याका आधारमा व्यवस्थित गर्दै प्राथमिक तहमा शिक्षक–विद्यार्थी अनुपात र माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको छ।

सुन्दरबजार नगरपालिकाले शिक्षकको निरन्तर पेसागत विकासलाई प्राथमिकतामा राख्दै तालिम, कार्यशाला, विषयगत छलफल, मेन्टरिङ, सहकर्मी सिकाइ, शैक्षिक अवलोकन भ्रमण तथा सूचना–प्रविधिमा आधारित शिक्षण अभ्यासको प्रवर्द्धन गर्दै आएको छ। साथै, शिक्षकमा नवप्रवर्तनशील सोच, अनुसन्धान संस्कृति, नेतृत्व क्षमता तथा परिणाममुखी कार्यसम्पादनको विकास गरी शिक्षण पेशालाई सम्मानित, आकर्षक र प्रतिस्पर्धी पेशाका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ। शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण–सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न आवश्यक छ।

त्यस्तै, हाल कार्यरत शिक्षकहरुका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी छ। नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त मात्रामा छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि नगरपालिका भित्रका शिक्षक दरबन्दीको न्यायोचित वितरण, मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्नुपर्ने देखिन्छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकता अनुसार पुनर्वितरण गर्ने
ख) रिक्त भएको शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने
ग) दक्ष र तालिमप्राप्त शिक्षकहरुको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने
घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने
ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने
च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट पेसागत सहयोग, परामर्श तथा मेन्टरिङ्ग उपलब्ध गराउने
छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने
ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रम मार्फत प्रेरित गर्ने
झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व विकास, विद्यालय व्यवस्थापन, लेखा तथा संशाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियालाई योग्यता र अनुभवमा आधारित बनाउने

ड) कार्ययोजना, शैक्षिक योग्यता र नेतृत्व क्षमताका आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत पेसागत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा कोठामा बिताउने समय सुनिश्चित गरी अनुगमन कार्यमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमता प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**१. विषयगत तथा कक्षागत शिक्षक दरबन्दी व्यवस्थापन**

सुन्दरबजार नगरपालिकामा विषयगत शिक्षक अभावलाई व्यवस्थापन गर्न तथा विद्यमान विद्यालयगत शिक्षक दरवन्दीलाई मापदण्डका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गर्न विद्यार्थी सङ्ख्या, भुगोल, तह, विषय तथा आवश्यकता एवं नक्साङ्कनको आधारमा कार्यविधि निर्माण गरी प्रभावकारी रूपमा निरन्तर रुपमा सञ्चालन गरिदै लगिनेछ । विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी, ICT तथा प्राविधिक विषयका दक्ष शिक्षक उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

**२. शिक्षक छनोट, नियुक्ति तथा पारदर्शी व्यवस्थापन**

शिक्षक व्यवस्थापन प्रक्रियालाई पारदर्शी, निष्पक्ष तथा योग्यता आधारित बनाइनेछ। अस्थायी तथा करार शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्दै विद्यालयमा आवश्यक जनशक्ति समयमै उपलब्ध गराउने प्रणाली विकास गरिनेछ । शिक्षक सरुवा, पदस्थापन तथा जिम्मेवारी निर्धारणलाई स्पष्ट मापदण्डमा आधारित बनाइनेछ। शिक्षकहरु लामो विदामा रहँदा सिकाइ निरन्तरतालाई क्षति हुन नदिन शिक्षक बैंक मार्फत व्यवस्थापन गरिनेछ।

**३. निरन्तर पेशागत विकास (CPD) कार्यक्रम सञ्चालन**

शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिनेछ। विषयगत तालिम, शिक्षण विधि, ICT प्रयोग, समावेशी शिक्षा, विद्यार्थी मूल्याङ्कन, परियोजनामा आधारित सिकाइ तथा बालमनोविज्ञानसम्बन्धी तालिम नियमित रूपमा सञ्चालन गरिनेछ।

**४. विद्यालय सुपरिवेक्षण तथा शैक्षिक सहयोग प्रणाली सुदृढीकरण**

विद्यालय सुपरिवेक्षणलाई सहयोगात्मक र सुधारमुखी बनाइनेछ । प्रधानाध्यापक, स्रोत व्यक्ति तथा शिक्षा शाखामार्फत नियमित कक्षाकोठा अवलोकन, शिक्षण परामर्श सञ्चालन गरिनेछ। विद्यालयमा सिकाइ उपलब्धि सुधार तथा शिक्षक कार्यसम्पादन अभिवृद्धिमा केन्द्रित निरन्तर सुपरिवेक्षण प्रणाली लागू गरिनेछ।

**५. शिक्षक सक्षमतालाई व्यवहारमा कार्यान्वयन**

शिक्षकका लागि निर्धारण गरिएका पेशागत दक्षता तथा सक्षमतालाई व्यवहारिक शिक्षण प्रक्रियामा कार्यान्वयन गरिनेछ। शिक्षकलाई पाठ योजना निर्माण, विद्यार्थी केन्द्रित शिक्षण, ICT प्रयोग, सिर्जनात्मक मूल्याङ्कन तथा समावेशी व्यवहारमा दक्ष बनाउने कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोडेर प्रभावकारी बनाइनेछ।

**६. पेशागत सिकाइ समूह तथा अनुभव आदानप्रदान**

विद्यालय तथा विषयगत आधारमा शिक्षक पेशागत सिकाइ समूह गठन गरी अनुभव आदानप्रदान, सहकार्य तथा नवप्रवर्तन प्रवर्द्धन गरिनेछ। उत्कृष्ट शिक्षण अभ्यास अनुभव आदानप्रदान गर्ने, सहकर्मी सिकाइ तथा संयुक्त पाठ योजना निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

**७. प्रविधिमैत्री शिक्षक विकास कार्यक्रम**

सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई डिजिटल साक्षरता तथा ICT प्रयोगसम्बन्धी तालिम सञ्चालन गरिनेछ । स्मार्ट कक्षा सञ्चालन, डिजिटल सामग्री निर्माण, ई-लर्निङ तथा अनलाइन मूल्याङ्कन प्रणालीमा शिक्षकको क्षमता विकास गरिनेछ।

**८. शिक्षक उत्प्रेरणा तथा प्रोत्साहन कार्यक्रम**

उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई सम्मान, पुरस्कार तथा पेशागत अवसर प्रदान गर्ने व्यवस्था लागू गरिनेछ। नवप्रवर्तनशील शिक्षण, उत्कृष्ट नतिजा तथा विद्यालय सुधारमा योगदान गर्ने शिक्षकलाई प्रोत्साहन गर्ने प्रणाली विकास गरिनेछ।

**९. अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन**

शिक्षकलाई कार्यमूलक अनुसन्धान, नवप्रवर्तन तथा शैक्षिक गतिविधि लेखनमा प्रोत्साहित गरिनेछ । विद्यालयस्तरमा सिकाइ समस्या विश्लेषण तथा समाधानमुखी अभ्यास सञ्चालन गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याइनेछ ।

**१०. अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन**

शिक्षक व्यवस्थापन तथा पेशागत विकास कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ । शिक्षक तालिम, सुपरिवेक्षण तथा कार्यसम्पादनसम्बन्धी तथ्याङ्कलाई व्यवस्थित गर्दै नीति निर्माण तथा योजना सुधारमा प्रयोग गरिनेछ ।

**लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | तहगत तथा विषयगत शिक्षक व्यवस्थापन (पटक) | १ | १ | १ | १ |
| २ | विषयगत समूह गठन र परिचालन | भएको | हुने | हुने | हुने |
| ३ | कार्यसम्पादन करार | नभएको | हुने | हुने | हुने |
| ४ | कार्यसम्पादन मूल्याङ्कन | भएको | हुने | हुने | हुने |
| ५ | शिक्षक अनुभव आदान प्रदान | ० | १ | १ | १ |
| ६ | प्रधानाध्यापक नेतृत्व विकास तालिम | ० | १ | १ | १ |
| ७ | शिक्षक उत्प्रेरणा तथा पुरस्कार कार्यक्रम | ० | १ | १ | १ |
| ८ | शिक्षक प्रतिभा प्रस्तुती कार्यक्रम सञ्चालन | १ | २ | २ | २ |
| ९ | अनुगमन र सुपरीवेक्षण | ७८% | ८२% | ८७% | १००% |
| १० | परीक्षाको नतिजा विश्लेषण (पटक) | १ | १ | १ | १ |
| ११ | कार्यमूलक अनुसन्धान, मूल्याङ्कन र पुरस्कार | १ | १ | १ | १ |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षामा समता र समावेशीकरण गुणस्तरीय तथा न्यायपूर्ण शिक्षा प्रणालीका आधारभूत स्तम्भ हुन् । समावेशी शिक्षाले जाति, भाषा, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, भौगोलिक अवस्था वा सामाजिक पृष्ठभूमिका आधारमा कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुने सुनिश्चित गर्दछ । यसका लागि विद्यालयले पाठ्यक्रम, शिक्षण–सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रणाली तथा भौतिक वातावरणलाई विद्यार्थीको विविध आवश्यकता अनुरूप अनुकूल बनाउन आवश्यक हुन्छ ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, मानव अधिकार, समान अवसर तथा दिगो विकासको प्रवर्द्धन गर्दै समाजमा विद्यमान विभेद र असमानतालाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ । त्यसैले सबै बालबालिकालाई सम्मानजनक, सुरक्षित र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै समता र समावेशीकरणलाई शिक्षा नीति, योजना तथा कार्यक्रमहरूको मूल आधारका रूपमा स्थापित गर्नु अपरिहार्य छ ।

### ४.३.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिंदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नगरपालिकामा हाल करिब ३१ वटा सामुदायिक विद्यालय र ८ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब ६९८४ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये छात्राको संख्या करिब ४५.६ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको संख्या करिब २१ प्रतिशत रहेको अनुमान छ ।

सुन्दरबजार नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ । शैक्षिक सत्र २०८२ मा  गैह्र आवासीय तर्फ कक्षा (१-५) छात्रा छात्रवृत्ति २७१ जना, दलित छात्रवृत्ति २८४ जना र विपन्न लक्षित छात्रवृत्ति कक्षा (६-९) मा ६८ जना  तथा जेहेन्दार छात्रा छात्रवृत्ति प्राप्त गर्ने २० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका थिए । त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या पनि केही संख्यामा रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ ।

सुन्दरबजार-९ स्थित भक्ति नमूना माध्यमिक विद्यालयमा बहिरा विद्यार्थीहरुका लागि छुट्टै स्रोतकक्षा सञ्चालनमा रहेको छ जसमा २४ जना फरक क्षमता भएका विद्यार्थीहरु अध्ययनरत छन् । त्यस विशेष कक्षामा २ जना पूर्ण विशेष क्षमता भएका शिक्षकहरुबाट अध्यापन हुने गरेको छ भने २ जना आयाहरुको सहयोगमा आवासीय विद्यालय सञ्चालन भईरहेको छ ।

समग्रमा हेर्दा,  सुन्दरबजार नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।

### ४.३.३ उद्देश्य

क) सबै बालबालिकालाई शिक्षामा सबै बालबालिका तथा समुदायको समान पहुँच सुनिश्चित गर्दै औपचारिक शिक्षाबाट वञ्चित, सीमान्तकृत विपन्न, द्वन्द्वपिडित तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद नहुने र गुनासो सुन्नका लागि प्रशिक्षित 'जेन्डर फोकल पर्सन वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, शारीरिक तथा मानसिक हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य**

**१. लक्षित बालबालिकाको पहिचान तथा तथ्याङ्क व्यवस्थापन**

सुन्दरबजार नगरपालिकामा समाजमा पछाडि परेका, आर्थिक तथा सामाजिक रूपमा कमजोर, अपाङ्गता भएका, सहारा विहीन, अनाथ, श्रममा संलग्न तथा जोखिममा रहेका बालबालिकाको विस्तृत तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ। विद्यालय बाहिर रहेका तथा विद्यालय छोड्ने जोखिममा रहेका बालबालिकाको नियमित पहिचान गरी उनीहरूलाई विद्यालयमा ल्याउने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**२. समतामूलक पहुँच सुनिश्चित गर्ने विशेष सहायता कार्यक्रम**

विपन्न तथा सीमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति, निःशुल्क पोशाक, शैक्षिक सामग्री, दिवा खाजा, यातायात सहयोग तथा स्वास्थ्य सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, ब्रेल, सांकेतिक भाषा, श्रवण सामग्री तथा आवश्यक शैक्षिक सहयोग उपलब्ध गराइनेछ।

**३. समावेशी तथा अपाङ्गतामैत्री विद्यालय वातावरण निर्माण**

सबै विद्यालयलाई समावेशी, बालमैत्री तथा अपाङ्गतामैत्री बनाउने कार्यलाई प्राथमिकता दिइनेछ। विद्यालय भवन, शौचालय, खानेपानी, कक्षाकोठा तथा खेलमैदानलाई विशेष क्षमता भएका बालबालिकाले सहज रूपमा प्रयोग गर्न सक्ने बनाइनेछ। विद्यालयमा भेदभावरहित, सुरक्षित तथा सम्मानजनक वातावरण निर्माण गरिनेछ।

**४. समावेशी शिक्षण सिकाइ तथा शिक्षक क्षमता विकास**

शिक्षकहरूलाई समावेशी शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाको मनोपरामर्श, बालमनोविज्ञान तथा विभेदरहित व्यवहारसम्बन्धी तालिम प्रदान गरिनेछ। फरक क्षमता तथा पृष्ठभूमिका विद्यार्थीलाई सहभागी गराउने बालकेन्द्रित तथा समावेशी शिक्षण विधि प्रयोग गर्न प्रेरित गरिनेछ। आवश्यक परे स्रोत शिक्षक तथा विशेष सहयोग प्रणालीको व्यवस्था गरिनेछ।

**५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन**

विद्यालयमा लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी व्यवहार प्रवर्द्धन गर्न जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा सामाजिक विभेदविरुद्ध विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ ।

**६. सहाराविहीन तथा जोखिममा रहेका बालबालिकाका लागि संरक्षण कार्यक्रम**

अनाथ, सहाराविहीन, सडक बालबालिका तथा हिंसामा परेका बालबालिकाका लागि संरक्षण, परामर्श तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय तथा स्थानीय निकायबीच समन्वय गरी बाल संरक्षण संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

**७. अभिभावक तथा समुदाय सहभागिता अभिवृद्धि**

समावेशी शिक्षाको महत्वबारे अभिभावक तथा समुदायमा जनचेतना अभिवृद्धि गरिनेछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायलाई समावेशी शिक्षा प्रवर्द्धनमा सक्रिय सहभागी बनाइनेछ । सबै बालबालिकाको शिक्षामा समान अवसर सुनिश्चित गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ ।

**८. स्वास्थ्य, पोषण तथा मनोसामाजिक सहयोग**

कमजोर तथा जोखिममा रहेका बालबालिकाका लागि स्वास्थ्य परीक्षण, पोषण सहयोग तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ । विद्यालयमा बालमैत्री परामर्श सेवा तथा भावनात्मक सहयोग प्रणाली विकास गरिनेछ ।

**९. प्रविधि तथा सहायक सिकाइ सामग्रीको प्रयोग**

अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि ICT आधारित सहायक सिकाइ सामग्री तथा प्रविधिको प्रयोग विस्तार गरिनेछ । डिजिटल सामग्री, श्रव्य–दृश्य सामग्री तथा विशेष शिक्षण उपकरणको व्यवस्था गरिनेछ ।

**१०. अनुगमन, मूल्याङ्कन तथा समन्वय प्रणाली सुदृढीकरण**

समता तथा समावेशीकरणसम्बन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ । विद्यालयमा समावेशी वातावरणको अवस्था मूल्याङ्कन गरी सुधार योजना लागू गरिनेछ । सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १ | स्रोतकक्षा सञ्चालन तथा व्यवस्थापन | १ | २ | २ | २ |
| २ | छात्रवृत्ति तथा सहयोग कार्यक्रम | छ | हुनेछ | हुनेछ | हुनेछ |
| ३ | अपाङ्गतामैत्री विद्यालय | ५०% | ६०% | ७०% | ८०% |
| ४ | अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति | १००% | १००% | १००% | १००% |
| ५ | बाल संरक्षण समिति निर्माण र परिचालन | छ | हुनेछ | हुनेछ | हुनेछ |
| ६ | स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन | छ | हुनेछ | हुनेछ | हुनेछ |
| ७ | मनोसामाजिक सहयोग कार्यक्रम | छ | हुनेछ | हुनेछ | हुनेछ |
| ८ | नियमित अनुगमन | ७८% | ८२% | ८७% | १००% |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रम बालबालिकाको समग्र विकास, नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा विद्यालयमा टिकाइ दर अभिवृद्धि गर्ने महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमअन्तर्गत विद्यार्थीलाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउनुका साथै स्वास्थ्य, पोषण तथा व्यक्तिगत र वातावरणीय सरसफाइसम्बन्धी सचेतना तथा व्यवहार विकासमा जोड दिइन्छ।

सुरक्षित, स्वच्छ र बालमैत्री विद्यालय वातावरण निर्माणमार्फत बालबालिकाको स्वास्थ्य अवस्था सुधार, कुपोषण न्यूनीकरण तथा विद्यालयमा सक्रिय सहभागिता अभिवृद्धि गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ । साथै, विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई सुदृढ गर्दै स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक जीवनशैली तथा व्यवहार विकास गर्न यस कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउँछ।

### ४.४.२ बर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा समग्र विकासलाई प्राथमिकतामा राख्दै विद्यालय स्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूका लागि नेपाल सरकारको सहयोगमा दिवाखाजा कार्यक्रम सञ्चालन भइरहेको छ, जसले विशेषगरी आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाको पोषण

अवस्था सुधार तथा विद्यालयमा नियमित उपस्थितिलाई प्रोत्साहन गरेको छ।

नगरपालिकाका अधिकांश विद्यालयहरूमा छात्र र छात्राका लागि पृथक् तथा सुविधासम्पन्न शौचालय निर्माण गरिएको छ भने बाँकी विद्यालयहरूमा आवश्यक पूर्वाधार विस्तारको कार्य जारी रहेको छ। कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापनलाई सहज बनाउन निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, विद्यालयहरूमा प्राथमिक उपचार सामग्रीको व्यवस्था तथा किशोरीहरूको स्वास्थ्य र पोषण सुधारका लागि आइरन चक्की वितरण कार्यक्रमसमेत सञ्चालन हुँदै आएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार, कुपोषण न्यूनीकरण, विद्यालयमा नियमित उपस्थिती तथा सिकाइ उपलब्धि अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याएका छन्। साथै, सुरक्षित, स्वस्थ र बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै समता, समावेशीकरण तथा बालअधिकारको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

**४.४.३ उद्देश्यहरु**

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

**४.४.४ रणनीतिहरू**

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म स्थानीय सामग्रीमा आधारित पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डारमा प्रयोग हुने भाँडावर्तन र आवश्यकतानुसार परिवर्तन गर्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, विपन्न र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने ।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

ट) स्थानीय सामग्रीको प्रयोग गरी दिवाखाजा व्यवस्थापन गरी पोषणमैत्री तालिम सञ्चालन गर्ने ।

ठ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने ।

**४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**१. विद्यालय दिवाखाजा कार्यक्रमको प्रभावकारी सञ्चालन**

सुन्दरबजार नगरपालिकामा विद्यालय दिवाखाजा कार्यक्रमलाई नियमित, पोषणयुक्त तथा गुणस्तरीय बनाउन आवश्यक व्यवस्थापन गरिनेछ । स्थानीय कृषि उत्पादन तथा पोषणयुक्त खाद्यवस्तुको प्रयोगलाई प्राथमिकता दिँदै स्वस्थ, ताजा र सन्तुलित भोजन उपलब्ध गराइनेछ । दिवाखाजा व्यवस्थापनमा विद्यालय, अभिभावक, महिला समूह तथा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

**२. विद्यार्थी स्वास्थ्य परीक्षण तथा उपचार सहयोग**

विद्यालयस्तरमा नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरी विद्यार्थीको स्वास्थ्य अवस्थाको अभिलेखीकरण गरिनेछ । दृष्टि, श्रवण, दाँत, पोषण अवस्था तथा सामान्य स्वास्थ्य परीक्षण नियमित रूपमा सञ्चालन गरिनेछ । स्वास्थ्य समस्या भएका विद्यार्थीलाई आवश्यक उपचार, परामर्श तथा स्वास्थ्य संस्थासँग समन्वय गरी सहयोग उपलब्ध गराइनेछ ।

**३. पोषण सुधार तथा कुपोषण न्यूनीकरण कार्यक्रम**

विद्यार्थीमा कुपोषण, रक्तअल्पता तथा अन्य पोषणसम्बन्धी समस्यालाई न्यूनीकरण गर्न पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा पोषणमैत्री वातावरण निर्माण गर्दै फलफूल, सागसब्जी तथा स्थानीय पोषणयुक्त खाद्यान्नको प्रयोगलाई प्रोत्साहन गरिनेछ । अभिभावकलाई समेत पोषण शिक्षा कार्यक्रममार्फत सचेत बनाइनेछ ।

**४. शुद्ध खानेपानी तथा सरसफाइ सुविधा विस्तार**

सबै विद्यालयमा शुद्ध खानेपानी, हात धुने स्थान तथा पृथक बालमैत्री शौचालयको व्यवस्था सुनिश्चित गरिनेछ । विद्यालय परिसरलाई सफा, सुरक्षित तथा वातावरणमैत्री बनाउँदै नियमित सरसफाइ व्यवस्थापन प्रणाली लागू

गरिनेछ। महिनावारी स्वच्छता व्यवस्थापनलाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग जोडिनेछ। विद्यालयमा करेसावारी निर्माण गरी मौसमी/बेमौसमी तरकारी उत्पादन गर्ने व्यवस्था गरिनेछ।

**५. विद्यालय स्वास्थ्य तथा स्वास्थ्य शिक्षा कार्यक्रम**

विद्यालयमा स्वास्थ्य शिक्षा, व्यक्तिगत सरसफाइ, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, योग शिक्षा तथा वातावरणीय स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थीलाई स्वस्थ जीवनशैली, नियमित व्यायाम तथा सरसफाइका व्यवहार अपनाउन प्रेरित गरिनेछ।

**६. मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग**

विद्यालयमा विद्यार्थीको मानसिक स्वास्थ्य तथा मनोसामाजिक कुशलता अभिवृद्धिका लागि परामर्श सेवा सञ्चालन गरिनेछ । तनाव व्यवस्थापन, आत्मविश्वास विकास, जीवनोपयोगी सीप तथा भावनात्मक सहयोग कार्यक्रमलाई विद्यालय गतिविधिसँग जोडिनेछ । हिंसा, दुर्व्यवहार वा जोखिममा रहेका बालबालिकाका लागि विशेष सहयोग प्रणाली विकास गरिनेछ।

**७. सुरक्षित, बालमैत्री तथा रमाइलो सिकाइ वातावरण निर्माण**

विद्यालयलाई बालमैत्री, सुरक्षित तथा रमाइलो सिकाइ केन्द्रका रूपमा विकास गर्न खेलकुद, सिर्जनात्मक गतिविधि, बाल क्लब तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। विद्यालयमा भेदभाव, हिंसा, दुर्व्यवहार तथा बुलिङविरुद्ध स्पष्ट नीति तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**८. विद्यालय बगैंचा तथा पोषणमैत्री कार्यक्रम**

विद्यालयमा करेसाबारी तथा पोषण बगैंचा स्थापना गरी विद्यार्थीलाई व्यवहारिक पोषण शिक्षा प्रदान गरिनेछ। स्थानीय उत्पादन र जैविक खेतीलाई विद्यालय पोषण कार्यक्रमसँग जोड्दै "सिक्दै कमाउँदै" कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

**९. अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुनिश्चितता**

दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमको नियमित अनुगमन तथा गुणस्तर परीक्षण गरिनेछ । विद्यालयमा स्वास्थ्य तथा पोषणसम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी सुधार योजना कार्यान्वयन गरिनेछ। उत्कृष्ट अभ्यास गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने व्यवस्था लागू गरिनेछ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | दिवाखाजा कार्यक्रम सञ्चालन | १००% | १००% | १००% | १००% |
| २ | दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खानाको प्रयोग | ५०% | ६०% | ७०% | ८०% |
| ३ | स्वास्थ्य परीक्षण | ३५% | ५०% | ६०% | ७०% |
| ४ | सुरक्षित खानेपानीको प्रयोग | ४०% | ५०% | ६०% | ८०% |
| ५ | बालमैत्री शौचालय | ३५% | ५०% | ८०% | १००% |
| ६ | हात धुने सुविधा र तरिकाको प्रयोग | ३५% | ५०% | ८०% | १००% |
| ७ | महिनावारी स्वच्छता | ५५% | ६०% | ८०% | १००% |
| ८ | मानसिक स्वास्थ्य | ३५% | ५०% | ८०% | १००% |
| ९ | सुरक्षित विद्यालय वातावरण | ३५% | ५०% | ६०% | ८०% |
| १० | पोषण तथा स्वास्थ्य कार्यक्रममा अभिभावक सहभागिता | ४५% | ६०% | ७०% | १००% |
| ११ | सरसफाइ र फोहोर व्यवस्थापन | ६०% | ७०% | ८०% | १००% |
| १२ | अनुगमन तथा मूल्याङ्कन | ७८% | ८२% | ८७% | १००% |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक विपद्, महामारी, द्वन्द्व वा अन्य संकटका समयमा बालबालिकाको शिक्षामा निरन्तरता कायम राख्नु अत्यन्त आवश्यक हुन्छ। यस्ता परिस्थितिमा विद्यालय सञ्चालन प्रभावित भए पनि वैकल्पिक सिकाइका माध्यम, अस्थायी सिकाइ केन्द्र, सामुदायिक तथा प्रविधिमा आधारित शिक्षण व्यवस्थामार्फत सिकाइ प्रक्रियालाई अविच्छिन्न राख्नुपर्ने आवश्यकता हुन्छ।

आपतकालीन शिक्षाले बालबालिकाको सिकाइ निरन्तरता मात्र सुनिश्चित गर्दैन, उनीहरूको सुरक्षा, मनोसामाजिक सुदृढीकरण, संरक्षण तथा सकारात्मक विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याउँछ । त्यसैले सबै बालबालिकालाई संकटका समयमा पनि सुरक्षित, समावेशी तथा गुणस्तरीय सिकाइ अवसर उपलब्ध गराउँदै शिक्षा प्रणालीलाई विपद् उत्थानशील र दिगो बनाउनु आवश्यक छ।

### ४.५.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले प्राकृतिक विपद्, महामारी तथा अन्य आपतकालीन अवस्थाका समयमा बालबालिकाको शिक्षामा निरन्तरता कायम राख्न आवश्यक तयारी तथा व्यवस्थापनका प्रयासहरू गर्दै आएको छ । विद्यालय सञ्चालन प्रभावित भएका अवस्थामा वैकल्पिक सिकाइ केन्द्र, सामुदायिक सिकाइ अभ्यास तथा घरमा आधारित सिकाइका माध्यमबाट शिक्षण–सिकाइ प्रक्रियालाई निरन्तरता दिने प्रयास गरिएको छ ।
स्थानीय सरकार, विद्यालय तथा समुदायको सहकार्यमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने, वैकल्पिक माध्यममार्फत सिकाइ सहजीकरण गर्ने तथा संकटग्रस्त अवस्थाका बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्ने अभ्यासहरू अवलम्बन गरिएका छन् । साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुका साथै अभिभावक र समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहयोग पुऱ्याउन अभिमुखीकरण गरिँदै आएको छ ।
यद्यपि, दुर्गम क्षेत्रका केही बालबालिकामा प्रविधि, इन्टरनेट पहुँच, सिकाइ सामग्री तथा आवश्यक स्रोत–साधनको अभावका कारण आपतकालीन अवस्थाको सिकाइ व्यवस्थापनमा चुनौतीहरू विद्यमान छन् । त्यसैले आपतकालीन शिक्षाको पहुँच, समावेशिता, प्रविधिमैत्री सिकाइ प्रणाली तथा आवश्यक स्रोत व्यवस्थापनलाई थप सुदृढ गर्दै शिक्षा प्रणालीलाई विपद् उत्थानशील, समावेशी र दिगो बनाउने दिशामा नगरपालिका निरन्तर प्रयासरत रहेको छ ।

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु
ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने ।
ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने ।
ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने ।
घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने ।
ङ) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने ।
च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने ।
छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने ।
ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने ।
झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने ।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने ।
ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने ।
ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने ।
ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने ।
ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने ।
त) संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धीः आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

**१. विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्यक्रम**

सुन्दरबजार नगरपालिकाले विद्यालय तथा समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण र आपतकालीन पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय सुरक्षा योजना, आकस्मिक कार्ययोजना तथा जोखिम नक्साङ्कन तयार गरी नियमित अभ्यास सञ्चालन गरिनेछ । भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी तथा अन्य विपद्का समयमा विद्यालय सञ्चालनलाई निरन्तरता दिन आवश्यक रणनीति विकास गरिनेछ ।

**२. सुरक्षित तथा विपद् प्रतिरोधी विद्यालय निर्माण**

विद्यालय भवन, कक्षाकोठा तथा अन्य संरचनालाई विपद् प्रतिरोधी, सुरक्षित तथा बालमैत्री बनाइनेछ । जोखिमयुक्त विद्यालयहरूको पहिचान गरी मर्मत, पुनर्निर्माण तथा सुरक्षित स्थानान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा प्राथमिक उपचार सामग्री, आपतकालीन उद्धार सामग्री तथा सुरक्षित खुला क्षेत्रको व्यवस्था गरिनेछ ।

**३. आपतकालीन अवस्थामा सिकाइ निरन्तरता सुनिश्चितता**

विपद् वा संकटका समयमा पनि बालबालिकाको सिकाइ निरन्तरता कायम राख्न वैकल्पिक सिकाइ प्रणाली विकास गरिनेछ । रेडियो, टेलिभिजन, अनलाइन, मोबाइल तथा सामुदायिक सिकाइ केन्द्रमार्फत वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यक परे अस्थायी सिकाइ केन्द्र (Temporary Learning Center) स्थापना गरी शिक्षालाई निरन्तरता दिइनेछ ।

### ४. बाल संरक्षण तथा सुरक्षा प्रवर्द्धन

आपतकालीन अवस्थामा बालबालिका हिंसा, दुर्व्यवहार, बालश्रम, बेचबिखन तथा शोषणको जोखिममा पर्ने भएकाले बाल संरक्षण संयन्त्रलाई सुदृढ बनाइनेछ। विद्यालय तथा समुदायस्तरमा बाल संरक्षण समिति, बाल क्लब गठन गरी जोखिममा रहेका बालबालिकाको पहिचान तथा संरक्षण गरिनेछ।

### ५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग

विपद् वा आपतकालीन अवस्थाबाट प्रभावित बालबालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक कुशलतामा सहयोग पुर्‍याउन परामर्श तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। विभिन्न गैह्र सरकारी संस्थाहरुको सहयोगमा शिक्षक तथा अभिभावकलाई मनोसामाजिक सहयोगसम्बन्धी अभिमुखीकरण प्रदान गरी बालमैत्री तथा भावनात्मक रूपमा सहयोगी वातावरण निर्माण गरिनेछ।

### ६. समावेशी तथा समतामूलक शिक्षा सुनिश्चितता

आपतकालीन अवस्थामा अपाङ्गता भएका, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा विशेष ध्यान दिइनेछ । सबै बालबालिकाले सुरक्षित तथा समतामूलक रूपमा शिक्षामा पहुँच पाउने सुनिश्चित गर्न विशेष सहायता, शैक्षिक सामग्री तथा पहुँचयोग्य सिकाइ प्रणाली विकास गरिनेछ।

### ७. शिक्षक तथा विद्यालय व्यवस्थापन क्षमता विकास

शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई आपतकालीन शिक्षा व्यवस्थापन, मनोसामाजिक सहयोग, वैकल्पिक शिक्षण विधि तथा विपद् व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ । विद्यालय नेतृत्वलाई संकट व्यवस्थापन तथा सिकाइ पुनःस्थापनामा सक्षम बनाइनेछ।

### ८. स्वास्थ्य, सरसफाइ तथा सुरक्षित वातावरण प्रवर्द्धन

महामारी वा स्वास्थ्य संकटका समयमा विद्यालयमा स्वास्थ्य सुरक्षा मापदण्ड लागू गरिनेछ। सरसफाइ सामग्री, मास्क, प्राथमिक उपचार, सुरक्षित खानेपानी तथा स्वच्छ वातावरणको सुनिश्चितता गरिनेछ । विद्यालयलाई स्वास्थ्य तथा सरसफाइमैत्री बनाउँदै विद्यार्थीको नियमित स्वास्थ्य निगरानी गरिनेछ।

### ९. समुदाय तथा बहुपक्षीय समन्वय सुदृढीकरण

आपतकालीन शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय सरकार, विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, सुरक्षा निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय र सहकार्य गरिनेछ। समुदायस्तरमा जनचेतना तथा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

### १०. अनुगमन, मूल्याङ्कन तथा पुनःस्थापना योजना

आपतकालीन अवस्थामा शिक्षाको प्रभाव, सिकाइ अवस्था तथा विद्यालय सञ्चालनको नियमित अनुगमन गरिनेछ। विपद्पछि विद्यालय पुनःस्थापना, सिकाइ क्षति न्यूनीकरण तथा दीर्घकालीन सुधार योजना तयार गरी कार्यान्वयन गरिनेछ। तथ्याङ्कमा आधारित निर्णय प्रणाली विकास गरी भविष्यका जोखिम न्यूनीकरण रणनीति निर्माण गरिनेछ।

**लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | विद्यालय सुरक्षा योजना | निर्माण हुने | | | |
| २ | विपद् पूर्वतयारी | भएको | हुने | हुने | हुने |
| ३ | सुरक्षित विद्यालय संरचना | ३५% | ५०% | ६०% | ८०% |
| ४ | विपदको समयमा सिकाइ निरन्तरता | ४०% | ५०% | ६०% | ८०% |
| ५ | बालबालिकाका लागि मनोसामाजिक परामर्श सेवा | ५५% | ६०% | ७०% | १००% |
| ६ | शिक्षकलाई आपतकालीन शिक्षा तथा मनोसामाजिक सहयोग तालिम | भएको | हुने | हुने | हुने |
| ७ | अनलाइन, रेडियो तथा डिजिटल शिक्षण प्रणाली विकास | भएको | हुने | हुने | हुने |
| ८ | आपतकालीन शिक्षामा समुदाय तथा अभिभावक सहभागिता | भएको | हुने | हुने | हुने |
| ९ | सिकाइ क्षति न्यूनीकरण कार्यक्रम कार्यान्वयन | भएको | हुने | हुने | हुने |
| १० | विद्यालय पुनःस्थापना | भएको | हुने | हुने | हुने |
| ११ | तथ्याङ्क व्यवस्थापन | भएको | हुने | हुने | हुने |
| १२ | जोखिममा रहेका बालबालिकाको पहिचान तथा सहयोग कार्यक्रम | भएको | हुने | हुने | हुने |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

गुणस्तरीय, सुरक्षित तथा प्रभावकारी शिक्षण–सिकाइ वातावरण निर्माणका लागि विद्यालयको भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण आधार हो। शिक्षा नियमावली, २०५९ अनुसार प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहका लागि १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। विद्यालयका आधारभूत पूर्वाधारअन्तर्गत सुरक्षित विद्यालय

भवन, पर्याप्त कक्षाकोठा, खेलमैदान, स्वच्छ खानेपानी, छात्र–छात्रामैत्री शौचालय, सरसफाइ सुविधा, पुस्तकालय, बुक कर्नर, प्रयोगशाला तथा अन्य सिकाइमैत्री संरचनाहरू पर्दछन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयलाई बालमैत्री, समावेशी, सुरक्षित, हरित तथा विपद् उत्थानशील बनाउने लक्ष्यसहित आवश्यक शैक्षिक पूर्वाधारको विकास र व्यवस्थापनमा जोड दिएको छ । यस्ता पूर्वाधारले शिक्षामा पहुँच मात्र नभई बालबालिकाको सिकाइ उपलब्धि, स्वास्थ्य, सुरक्षा तथा समग्र विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछन् ।

### ४.६.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले सुरक्षित, गुणस्तरीय तथा बालमैत्री शिक्षण–सिकाइ वातावरण सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ । नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षाकोठा, खेलमैदान, शौचालय, स्वच्छ खानेपानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत पूर्वाधारको व्यवस्था गरिएको छ । साथै, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गर्ने मापदण्ड कार्यान्वयनमा रहेको छ ।

नगरपालिकाले विद्यालयहरूलाई सुरक्षित, समावेशी, बालमैत्री, हरित तथा विपद् उत्थानशील शैक्षिक संस्थाका रूपमा विकास गर्ने लक्ष्यअनुरूप भवन निर्माण, पूर्वाधार स्तरोन्नति तथा सरसफाइ सुविधाको विस्तारमा निरन्तर लगानी गर्दै आएको छ । यद्यपि, केही विद्यालयमा भवन सुधार, खेलमैदान व्यवस्थापन, पुस्तकालय सुदृढीकरण तथा विपद् प्रतिरोधी पूर्वाधार विकास गर्न थप प्रयास आवश्यक रहेको छ ।

समग्रमा, विद्यालय भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल भए तापनि सबै विद्यालयमा मापदण्डअनुरूपको पूर्वाधार, समावेशी पहुँच तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न थप योजना, स्रोत परिचालन र लगानी आवश्यक देखिन्छ ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, प्रविधिमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने ।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने ।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने ।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने ।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने ।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने ।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने ।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने ।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने ।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने ।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

क) उपलब्धिः सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

#### १. सुरक्षित तथा मापदण्डअनुसार विद्यालय भवन निर्माण

सुन्दरबजार नगरपालिकाले विद्यालय भवन निर्माण तथा मर्मत कार्यलाई राष्ट्रिय मापदण्डअनुसार सुरक्षित, बालमैत्री तथा विपद् प्रतिरोधी बनाउने नीति अवलम्बन गरेको छ । जीर्ण तथा जोखिमयुक्त भवनहरूको पहिचान गरी पुनर्निर्माण, मर्मत तथा स्तरोन्नति कार्यक्रम सञ्चालन गर्नेछ । भूकम्प, बाढी, पहिरो तथा आगलागीजस्ता जोखिमलाई ध्यानमा राखी विद्यालय संरचना निर्माण गरिनेछ ।

#### २. पर्याप्त तथा व्यवस्थित कक्षाकोठा व्यवस्थापन

विद्यार्थी सङ्ख्या र आवश्यकता अनुसार पर्याप्त, उज्यालो, हावापानीयुक्त तथा आरामदायी कक्षाकोठा निर्माण तथा व्यवस्थापन गरिनेछ । पूर्वाधारको अभावमा बहुकक्षा शिक्षणको समस्या न्यूनीकरण गर्दै कक्षागत तथा विषयगत सिकाइका लागि उपयुक्त वातावरण तयार गरिनेछ । फर्निचर, पंखा, प्रकाश तथा सिकाइमैत्री सजावटको व्यवस्था गरिनेछ ।

**३. शुद्ध खानेपानी तथा सरसफाइ सुविधा विस्तार**

सबै विद्यालयमा शुद्ध खानेपानी, हात धुने स्थान तथा बालमैत्री शौचालयको व्यवस्था सुनिश्चित गरिनेछ। विद्यालय परिसरको नियमित सरसफाइ, फोहोर व्यवस्थापन तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापनलाई विद्यालय पूर्वाधारसँग जोडिनेछ।

**४. अपाङ्गतामैत्री तथा समावेशी पूर्वाधार विकास**

विद्यालयका भवन, शौचालय, प्रवेशद्वार तथा सिकाइ क्षेत्रलाई अपाङ्गतामैत्री बनाउँदै सबै बालबालिकाको समान पहुँच सुनिश्चित गरिनेछ । र्याम्प, रेलिङ, विशेष शौचालय तथा सहज आवागमनका संरचना निर्माण गरिनेछ।

**५. ICT तथा आधुनिक सिकाइ पूर्वाधार विस्तार**

विद्यालयहरूमा कम्प्युटर ल्याब, इन्टरनेट, स्मार्ट बोर्ड, डिजिटल कक्षा तथा अन्य ICT पूर्वाधार विस्तार गरिनेछ। सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आवश्यक उपकरण तथा विद्युत् व्यवस्थापन गरिनेछ।

**६. पुस्तकालय, प्रयोगशाला तथा सिकाइ स्रोत केन्द्र विकास**

विद्यालयमा आधुनिक पुस्तकालय, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला तथा स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गरिनेछ । विद्यार्थीलाई व्यवहारिक तथा अनुसन्धानमूलक सिकाइमा सहभागी गराउन आवश्यक सामग्री तथा उपकरण उपलब्ध गराइनेछ।

**७. खेलमैदान तथा अतिरिक्त क्रियाकलाप पूर्वाधार निर्माण**

विद्यालयमा खेलमैदान, खेल सामग्री, सभाहल तथा सिर्जनात्मक गतिविधिका लागि आवश्यक संरचना निर्माण गरिनेछ। खेलकुद, कला, सांस्कृतिक तथा अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गरिनेछ।

**८. हरित तथा वातावरणमैत्री विद्यालय विकास**

विद्यालय परिसरलाई हरियाली, सफा तथा वातावरणमैत्री बनाउन वृक्षारोपण, करेसाबारी तथा फोहोर व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। वर्षा पानी संकलन, सौर्य ऊर्जा तथा वातावरण संरक्षणका अभ्यासलाई विद्यालय पूर्वाधार विकाससँग जोडिनेछ। माध्यमिक विद्यालयहरुमा बोटानिकल गार्डेनको स्थापना गरिनेछ।

### ९. विद्यालय पूर्वाधार मर्मत तथा व्यवस्थापन प्रणाली

विद्यालयहरुले पूर्वाधारको नियमित मर्मत, संरक्षण तथा व्यवस्थापनका लागि वार्षिक योजना निर्माण गर्नेछन् । विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सहभागितामा पूर्वाधार संरक्षण अभियान सञ्चालन गरिनेछ ।

### १०. अनुगमन, गुणस्तर सुनिश्चितता तथा साझेदारी

विद्यालय पूर्वाधार निर्माण तथा विकास कार्यको नियमित प्राविधिक अनुगमन तथा गुणस्तर परीक्षण गरिनेछ । संघीय, प्रदेश, स्थानीय सरकार, समुदाय तथा विकास साझेदारसँग सहकार्य गरी दीर्घकालीन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | सुरक्षित विद्यालय भवन निर्माण (भवन) | ४०% | ६५% | ७०% | १००% |
| २ | विद्यार्थी सङ्ख्या अनुसार पर्याप्त कक्षाकोठा | भएको | हुने | हुने | हुने |
| ३ | मापदण्डअनुसार फर्निचर उपलब्धता | ४०% | ६०% | ८०% | १००% |
| ४ | विद्यालयमा शुद्ध खानेपानी सुविधा | ४०% | ६०% | ७०% | १००% |
| ५ | अपाङ्गतामैत्री संरचना | ४०% | ५५% | ७०% | ८५% |
| ६ | विद्यालयमा ICT तथा इन्टरनेट सुविधा | भएको | हुने | हुने | हुने |
| ७ | पुस्तकालय स्थापना तथा सुदृढीकरण | ८३% | ८५% | ९०% | १००% |
| ८ | खेलमैदान तथा खेल सामग्री उपलब्धता | भएको | हुने | हुने | हुने |
| ९ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्था | ८५% | ९०% | ९५% | १००% |
| १० | वृक्षारोपण तथा हरित वातावरण विकास | शुरु भएको | हुने | हुने | हुने |
| ११ | विद्यालय मर्मत संभार | भएको | हुने | हुने | हुने |
| १२ | साझेदारी तथा सहकार्य | भएको | हुने | हुने | हुने |
| १३ | गुणस्तर अनुगमन | भएको | हुने | हुने | हुने |
| १४ | विद्यालय कम्पाउण्डीङ थप | ४ | ५ | ५ | ५ |
| १५ | विद्यालय कक्षाकोठा मर्मत | - | १० | १० | १० |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १६ | विद्यालय खेलमैदान मर्मत | - | ३ | ५ | ३ |
| १७ | वास सहितको शौचालय निर्माण | - | ३ | ३ | ३ |

## ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक अवसरमा समानता तथा ज्ञानमा आधारित समाज निर्माणका लागि सूचना तथा सञ्चार प्रविधि आजको अपरिहार्य आवश्यकता बनेको छ। शहरी तथा ग्रामीण, सुगम तथा दुर्गम, सामुदायिक तथा संस्थागत विद्यालयबीचको शैक्षिक गुणस्तरको अन्तर न्यूनीकरण गर्दै विद्यार्थीलाई विश्वव्यापी ज्ञान, सूचना र सिकाइ स्रोतसँग जोड्न सुचन तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहेको छ। नेपालको संविधानले सूचनाको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ भने सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना र प्रविधिमा सबैको पहुँच विस्तार गर्ने मार्गदर्शन गरेको छ।

शिक्षा क्षेत्रमा ICT को प्रयोगले शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागितामूलक, विद्यार्थीकेन्द्रित तथा प्रविधिमैत्री बनाउँछ। डिजिटल सामग्री, अनलाइन स्रोत, स्मार्ट कक्षा, शैक्षिक सफ्टवेयर तथा अन्तरक्रियात्मक सिकाइ अभ्यासमार्फत विद्यार्थीमा खोज, अनुसन्धान, सिर्जनशीलता, समस्या समाधान क्षमता तथा डिजिटल सीप विकास गर्न सहयोग पुग्दछ। साथै, ICT ले शिक्षामा पहुँच विस्तार, सिकाइ उपलब्धि सुधार, डिजिटल विभाजन न्यूनीकरण तथा शैक्षिक प्रशासन र व्यवस्थापनलाई थप पारदर्शी, प्रभावकारी र सुशासनमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ।

यसरी सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगले शिक्षालाई समयसापेक्ष, गुणस्तरीय तथा भविष्यमुखी बनाउँदै सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

### ४.७.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकामा विद्यालय शिक्षालाई प्रविधिमैत्री, गुणस्तरीय तथा समयसापेक्ष बनाउन सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग क्रमशः विस्तार हुँदै गएको छ। नगरपालिकाभित्रका सबै विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ भने केही आधारभूत तथा माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड तथा अन्य डिजिटल शिक्षण सामग्रीको व्यवस्था गरिएको छ। शिक्षकहरूले डिजिटल स्रोत, अनलाइन सामग्री

तथा प्रस्तुतीकरण प्रविधिको प्रयोगमार्फत शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी र आकर्षक बनाउँदै लगेका छन् ।

यद्यपि, विद्यालयहरूबीच ICT पूर्वाधार, उपकरण, इन्टरनेटको गुणस्तर तथा प्राविधिक दक्षतामा समानता कायम हुन सकेको छैन । विशेषगरी केही विद्यालयमा आवश्यक उपकरण, डिजिटल स्रोत तथा प्रशिक्षित जनशक्तिको अभावका कारण ICT को प्रभावकारी उपयोगमा चुनौतीहरू विद्यमान छन् । यस अवस्थालाई सुधार गर्न नगरपालिकाले ICT पूर्वाधार विस्तार, उपकरण व्यवस्थापन, शिक्षक क्षमता विकास तथा डिजिटल शैक्षिक सामग्रीको विकास र उपयोगमा निरन्तर प्रयास गरिरहेको छ ।

समग्रमा, ICT को प्रयोगले शिक्षण–सिकाइ प्रक्रियालाई थप सहभागितामूलक, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै विद्यार्थी तथा शिक्षकको सिकाइ अनुभव समृद्ध तुल्याएको छ । तथापि, सबै विद्यालयमा समान र प्रभावकारी पहुँच सुनिश्चित गर्न थप लगानी, स्रोत परिचालन तथा क्षमता विकास आवश्यक देखिन्छ ।

### ४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने ।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने ।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने ।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने ।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने ।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने ।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने ।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि:** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**१. विद्यालयमा ICT पूर्वाधार विस्तार**

सुन्दरबजार नगरपालिकाले सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट बोर्ड तथा डिजिटल उपकरणको थप व्यवस्थापन गरिनेछ। विद्यालयमा विद्युत् तथा वैकल्पिक ऊर्जा (सौर्य ऊर्जा) को भरपर्दो व्यवस्था गरी ICT प्रयोगका लागि आवश्यक आधारभूत पूर्वाधार विकास गर्दै लगिनेछ।

**२. डिजिटल शिक्षण सिकाइ प्रणाली विकास**

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, सहभागितामूलक तथा गुणस्तरीय बनाउन डिजिटल सामग्री, ई-लर्निङ प्लेटफर्म तथा स्मार्ट कक्षा सञ्चालन गरिनेछ। विषयगत डिजिटल पाठसामग्री, अडियो-भिडियो सामग्री तथा अन्तरक्रियात्मक सिकाइ विधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**३. शिक्षकको ICT क्षमता विकास**

शिक्षकहरूलाई कम्प्युटर सञ्चालन, डिजिटल सामग्री निर्माण, अनलाइन शिक्षण, स्मार्ट कक्षा व्यवस्थापन तथा ICT आधारित मूल्याङ्कन प्रणालीसम्बन्धी तालिम प्रदान गरिनेछ। ICT लाई दैनिक शिक्षण प्रक्रियामा प्रयोग गर्न शिक्षकलाई निरन्तर पेशागत सहयोग तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**४. विद्यार्थीको डिजिटल साक्षरता अभिवृद्धि**

विद्यार्थीलाई सूचना प्रविधिको सुरक्षित, सिर्जनात्मक तथा उत्पादनमूलक प्रयोगसम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ। कम्प्युटर शिक्षा, कोडिङ, डिजिटल अनुसन्धान, अनलाइन सिकाइ तथा प्रविधि प्रयोगसम्बन्धी व्यवहारिक कार्यक्रम सञ्चालन गरिनेछ।

**५. विद्यालय व्यवस्थापनमा डिजिटल प्रणालीको प्रयोग**

विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन, विद्यार्थी अभिलेख, उपस्थिती, परीक्षा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनलाई डिजिटल प्रणालीमा आधारित बनाइनेछ। विद्यालय सूचना व्यवस्थापन प्रणाली (EMIS) लाई अद्यावधिक तथा प्रविधिमैत्री बनाउँदै शैक्षिक सुशासन तथा पारदर्शिता अभिवृद्धि गरिनेछ।

## ६. डिजिटल मूल्याङ्कन तथा सिकाइ अनुगमन

विद्यार्थी मूल्याङ्कनलाई छिटो, पारदर्शी तथा प्रभावकारी बनाउन डिजिटल परीक्षा, अनलाइन परीक्षण तथा प्रश्न बैंक प्रणाली विकास गरिनेछ । सिकाइ उपलब्धिको डिजिटल विश्लेषण प्रणालीमार्फत विद्यार्थीको प्रगति तथा सिकाइ अवस्था नियमित अनुगमन गरिनेछ।

## ७. साइबर सुरक्षा तथा जिम्मेवार प्रविधि प्रयोग

विद्यालय तथा विद्यार्थीमा सुरक्षित इन्टरनेट प्रयोग, साइबर सुरक्षा, डिजिटल नैतिकता तथा जिम्मेवार सामाजिक सञ्जाल प्रयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकालाई साइबर दुर्व्यवहार तथा डिजिटल जोखिमबाट सुरक्षित राख्ने प्रणाली विकास गरिनेछ।

## ८. अनुगमन, प्राविधिक सहयोग तथा दिगोपन सुनिश्चितता

ICT उपकरण तथा प्रणालीको नियमित मर्मत, प्राविधिक सहयोग तथा अद्यावधिक व्यवस्था गरिनेछ। विद्यालयमा ICT प्रयोगको प्रभाव मूल्याङ्कन, अनुगमन तथा सुधार कार्यक्रम सञ्चालन गरी दिगो ICT प्रणाली विकास गरिनेछ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT तथा इन्टरनेट सुविधा | भएको | हुने | हुने | हुने |
| २ | स्मार्ट कक्षा भएका विद्यालय | ८ | १३ | १५ | २० |
| ३ | डिजिटल शिक्षण भएको विद्यालय | ८ | १३ | १५ | २० |
| ४ | शिक्षक ICT दक्षता | ४०% | ५०% | ७०% | १००% |
| ५ | ई–लर्निङ प्रणाली | २०% | ३०% | ४०% | ५०% |
| ६ | EMIS तालिम तथा अद्यावधिक | भएको | हुने | हुने | हुने |
| ७ | साइबर सुरक्षा तालिम | भएको | हुने | हुने | हुने |
| ८ | ICT मर्मत तथा सहयोग | नभएको | हुने | हुने | हुने |
| ९ | समुदाय डिजिटल साक्षरता | शुरु भएको | हुने | हुने | हुने |
| १० | डिजिटल मूल्याङ्कन प्रणाली | नभएको | शुरु हुने | हुने | हुने |
| ११ | विद्यालयमा इ-हाजिरी व्यवस्थापन | - | १६ | २० | २५ |
| १२ | एक शिक्षक एक ल्यापटप कार्यक्रम (शिक्षक) | १० | ५५ | ५५ | ५५ |

# परिच्छेद ५

# विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्वपूर्ण सार्वजनिक सेवाको प्रभावकारी सञ्चालन, गुणस्तर अभिवृद्धि तथा अपेक्षित नतिजा हासिल गर्न सुशासन र व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । सुशासनले उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समता, समावेशिता तथा सहभागितामूलक निर्णय प्रक्रियालाई सुनिश्चित गर्दै शिक्षा प्रणालीलाई प्रभावकारी, सेवामुखी र नतिजामुखी बनाउन सहयोग पुऱ्याउँछ । प्रभावकारी शैक्षिक सुशासनका लागि स्पष्ट जिम्मेवारी, संस्थागत समन्वय, कार्यसम्पादनमा उत्तरदायित्व, स्रोतको पारदर्शी उपयोग तथा विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणालीको विकास आवश्यक हुन्छ ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच शिक्षा क्षेत्रको शासकीय तथा व्यवस्थापकीय जिम्मेवारी निर्धारण गरेको छ । यसका साथै विद्यालय, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको सहकार्य र सहभागिताले शिक्षा क्षेत्रमा सुशासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि सक्षम संस्थागत संरचना, पर्याप्त जनशक्ति, व्यवस्थापकीय क्षमता तथा सुदृढ अनुगमन र मूल्याङ्कन प्रणालीको विकास अपरिहार्य छ ।

यस परिच्छेदअन्तर्गत शैक्षिक सुशासन तथा व्यवस्थापनसँग सम्बन्धित संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीका विषयहरू समावेश गरिएको छ ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालमा संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको संस्थागत संरचनामा आवश्यक पुनर्संरचना गरी तीनै तहका सरकारमार्फत शैक्षिक सेवा प्रवाहलाई निरन्तरता दिइएको छ । प्रारम्भिक चरणका व्यवस्थापकीय चुनौतीहरू समाधान गर्न कर्मचारी व्यवस्थापन तथा संगठनात्मक संरचनामा आवश्यक परिमार्जन गरिए पनि बदलिँदो शासकीय परिवेश, ज्ञान–विज्ञान, प्रविधि, सञ्चार तथा सामाजिक चेतनाको तीव्र विकाससँगै संस्थागत संरचना, कार्यप्रक्रिया र क्षमता अभिवृद्धिमा निरन्तर सुधार आवश्यक रहेको छ । संघीय संरचनाअनुसार तीन तहका सरकारका अधिकार र दायित्व, शिक्षाको विस्तार, प्रविधिको विकास तथा सामाजिक रूपान्तरणका आयामलाई आत्मसात् गर्दै संस्थागत क्षमता विकासमार्फत शैक्षिक सुशासन प्रवर्द्धन गर्नु आजको आवश्यकता बनेको छ ।

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरसभा, नगर कार्यपालिका, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा विद्यालयहरू प्रमुख कार्यान्वयन संयन्त्रका रूपमा रहेका छन् । योजनामा समावेश नीति, कार्यक्रम तथा रणनीतिहरूको सफल

कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता विकास अपरिहार्य छ । यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन, अभिमुखीकरण तथा प्रबोधीकरण कार्यक्रममार्फत कार्यान्वयन संयन्त्रहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले स्थानीय तहका २३ वटा अधिकार क्षेत्र निर्धारण गरेको छ। विभिन्न ऐन, नियम तथा कानुनी व्यवस्थामार्फत स्थानीय तहका शैक्षिक अधिकार र जिम्मेवारीहरू थप स्पष्ट गरिएको छ। शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनाअनुसार संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्र क्रियाशील छन् । त्यस्तै, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग स्वायत्त निकायका रूपमा कार्यरत रहेका छन् । साविकका शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत सञ्चालनमा रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश सरकारअन्तर्गत हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा सञ्चालनमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनपश्चात् स्थानीय तहको अधिकार क्षेत्रभन्दा बाहिरका समन्वयात्मक तथा प्राविधिक कार्य सम्पादनका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइको व्यवस्था गरिएको छ । साथै, संघ, प्रदेश र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुदसम्बन्धी महाशाखा वा शाखामार्फत शैक्षिक प्रशासन, व्यवस्थापन तथा सेवा प्रवाहको कार्य सञ्चालन हुँदै आएको छ ।

### ५.१.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकामा शिक्षा, युवा तथा खेलकुदसम्बन्धी कार्यक्रमहरूको समन्वय, व्यवस्थापन तथा कार्यान्वयन शिक्षा, युवा तथा खेलकुद शाखामार्फत हुँदै आएको छ । तथापि, शिक्षा क्षेत्रको आर्थिक व्यवस्थापन तथा अभिलेखीकरणका लागि छुट्टै लेखा जनशक्तिको व्यवस्था नहुँदा वित्तीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई अझ व्यवस्थित र सुदृढ बनाउन आवश्यक देखिएको छ ।

नगरपालिकाभित्रका सबै विद्यालयमा विद्यालय सञ्चालन, व्यवस्थापन तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन गरिएका छन् । साथै, विद्यालय प्रशासन र दैनिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालय सहयोगी तथा माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा विद्यालय सहायकको व्यवस्था गरिएको छ । अधिकांश विद्यालयमा विद्यालय व्यवस्थापन समितिका बैठकहरू नियमित रूपमा सञ्चालन हुने गरेको पाइए पनि शिक्षक अभिभावक सङ्घको सक्रियता तथा नियमित बैठक सञ्चालनलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ । विद्यालयहरूले सामाजिक परीक्षण, अन्तिम लेखापरीक्षण तथा सार्वजनिक उत्तरदायित्वका अभ्यासलाई नियमित रूपमा अवलम्बन गर्दै आएका छन् ।

विद्यालयहरूमा नागरिक बडापत्रको व्यवस्था, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला तथा अन्तरक्रियात्मक छलफलजस्ता सुशासन प्रवर्द्धनका अभ्यासहरू प्रभावकारी रूपमा

सञ्चालन हुँदै आएका छन् । नगर शिक्षा योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्म सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता तथा गुणस्तरीय सिकाइ सुनिश्चित गर्नुका साथै अनौपचारिक तथा आजीवन शिक्षाका अवसर विस्तार, समता तथा समावेशिताको प्रवर्द्धन र जवाफदेही शैक्षिक सुशासन स्थापना गर्ने लक्ष्य लिएको छ। यस लक्ष्य प्राप्तिका लागि आवश्यक संस्थागत संरचना, कार्यप्रक्रिया तथा मानव संसाधनको क्षमता विकासलाई विशेष प्राथमिकता दिइएको छ।

शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान संरचना, प्रणाली तथा कार्यविधिको समीक्षा गर्दै संस्थागत क्षमता, व्यवस्थापकीय दक्षता तथा सेवा प्रवाहमा रहेका चुनौतीहरूको पहिचान गरिएको छ । साथै, ती चुनौतीहरूको सम्बोधन गर्दै सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा नतिजामुखी कार्यसम्पादनलाई सुदृढ बनाउन आवश्यक संरचनागत सुधार, क्षमता विकास तथा प्रक्रियागत परिमार्जनका प्रस्तावहरू यस योजनामा समावेश गरिएका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनपश्चात् शिक्षा क्षेत्रका अधिकार र जिम्मेवारीहरू तीन तहका सरकारबीच बाँडफाँड गरिए पनि विभिन्न तहका निकायहरूबीच समन्वय, सहकार्य तथा कार्यगत अन्तरसम्बन्ध अपेक्षाअनुसार सुदृढ हुन सकेको छैन । जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ तथा प्रदेश तहका सम्बन्धित निकायहरूको अस्तित्व रहँदा पनि कार्यक्षेत्रको स्पष्टता, समन्वय र साझेदारीलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिएको छ। तसर्थ, शिक्षा क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, समन्वय तथा साझेदारीलाई सुदृढ गर्दै संस्थागत क्षमता अभिवृद्धि र सुशासन प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने ।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने ।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने ।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने ।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण–सिकाइ प्रक्रियालाई सुदृढ गर्ने ।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने ।
ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**१. उत्तरदायी तथा पारदर्शी विद्यालय व्यवस्थापन प्रणाली विकास**

सुन्दरबजार नगरपालिकामा विद्यालय व्यवस्थापनलाई पारदर्शी, सहभागितामूलक तथा उत्तरदायी बनाउन स्पष्ट नीति, कार्यविधि तथा मापदण्ड लागू गरिनेछ । विद्यालयको योजना, बजेट, कार्यक्रम तथा उपलब्धिलाई सार्वजनिक गर्ने अभ्यासलाई संस्थागत गरिनेछ । विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी, सक्रिय तथा जिम्मेवार बनाउँदै निर्णय प्रक्रियामा समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

**२. विद्यालय सुधार योजना तथा नतिजामूलक व्यवस्थापन**

प्रत्येक विद्यालयले तथ्यमा आधारित विद्यालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयन गरिनेछ । सिकाइ उपलब्धि, विद्यार्थी उपस्थिती, शिक्षक कार्यसम्पादन तथा विद्यालयको समग्र गुणस्तरलाई आधार बनाएर नतिजामूलक व्यवस्थापन प्रणाली लागू गरिनेछ । विद्यालयको प्रगति नियमित समीक्षा तथा मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ ।

**३. शैक्षिक नेतृत्व क्षमता विकास**

प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षा शाखाका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय नेतृत्वलाई शैक्षिक गुणस्तर सुधार, मानव संसाधन व्यवस्थापन, वित्तीय अनुशासन तथा सिकाइमैत्री वातावरण निर्माणमा सक्षम बनाइनेछ ।

### ४. वित्तीय सुशासन तथा पारदर्शिता प्रवर्द्धन

विद्यालयको आर्थिक व्यवस्थापनलाई पारदर्शी, मितव्ययी तथा उत्तरदायी बनाउन वित्तीय कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणाली लागू गरिनेछ । विद्यालयमा नियमित लेखापरीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ। बजेट तथा स्रोतको उपयोगलाई विद्यार्थी सिकाइ सुधारसँग प्रत्यक्ष रूपमा जोडिनेछ।

### ५. विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणाली सुदृढीकरण

विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय अवस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ । अनुगमनलाई दण्डात्मकभन्दा सहयोगात्मक तथा सुधारमुखी बनाउँदै विद्यालयलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ। सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादनलाई नियमित रूपमा मूल्याङ्कन गरिनेछ।

### ६. शिक्षक तथा कर्मचारी उत्तरदायित्व प्रणाली विकास

शिक्षक तथा विद्यालय कर्मचारीको जिम्मेवारी स्पष्ट गरी कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिनेछ। नियमित उपस्थिती, समयपालन, पेशागत आचरण तथा विद्यार्थी सिकाइमा आधारित उत्तरदायित्व प्रणाली विकास गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गर्ने व्यवस्था लागू गरिनेछ।

### ७. अभिभावक तथा समुदाय सहभागिता अभिवृद्धि

विद्यालय व्यवस्थापन तथा सिकाइ सुधारमा अभिभावक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। अभिभावक–विद्यालय अन्तरक्रिया, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा समुदाय-विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयलाई समुदायप्रति उत्तरदायी संस्था बनाउने वातावरण निर्माण गरिनेछ।

### ८. बालमैत्री तथा समावेशी विद्यालय व्यवस्थापन

विद्यालयमा बाल अधिकार, लैङ्गिक समानता, समावेशिता तथा सुरक्षित वातावरण सुनिश्चित गरिनेछ । विद्यालयमा गुनासो व्यवस्थापन प्रणाली, बाल क्लब तथा बाल सहभागिता कार्यक्रम सञ्चालन गरी विद्यार्थीको आवाजलाई सम्मान गर्ने संस्कृति विकास गरिनेछ।

**लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजना निर्माण | भएको | हुने | हुने | हुने |

| क्र.स. | सूचक | आधार वर्ष<br>२०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| २ | शैक्षिक नेतृत्व विकास तालिम | भएको | हुने | हुने | हुने |
| ३ | नियमित लेखापरीक्षण तथा सामाजिक परीक्षण | भएको | हुने | हुने | हुने |
| ४ | सार्वजनिक सुनुवाइ | भएको | हुने | हुने | हुने |
| ५ | शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली | भएको | हुने | हुने | हुने |
| ६ | विद्यालय व्यवस्थापनमा अभिभावक सहभागिता | भएको | हुने | हुने | हुने |
| ७ | समुदाय–विद्यालय साझेदारी | भएको | हुने | हुने | हुने |
| ८ | बाल क्लब तथा बाल सहभागितामा कार्यक्रम सञ्चालन | केही भएको | हुने | हुने | हुने |
| ९ | गुनासो व्यवस्थापन प्रणाली | शुरु भएको | हुने | हुने | हुने |
| १० | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन र पुनर्गठन | १० | २५ | २५ | २५ |
| ११ | शिक्षा नियमावली अनुसार प्रअ व्यवस्थापन | - | २५ | २५ | २५ |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको व्यवस्थापन, सञ्चालन, नियमन तथा विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ। यस व्यवस्थाले स्थानीय तहलाई आफ्नो भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशअनुसार शिक्षा क्षेत्रको आवश्यकता पहिचान गरी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तथा दायित्व प्रदान गरेको छ।

स्थानीय शिक्षा योजना स्थानीय तहको समग्र शैक्षिक विकासका लागि तयार गरिने दीर्घकालीन, रणनीतिक तथा कार्यान्वयनमुखी मार्गदर्शक दस्तावेज हो । यस योजनाको मूल उद्देश्य शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, पहुँचयोग्य, उत्तरदायी तथा दिगो बनाउनु हो। योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा, विद्यालय शिक्षा, वैकल्पिक तथा आजीवन शिक्षा, साक्षरता कार्यक्रम, समावेशी तथा विशेष शिक्षा, शिक्षक तथा कर्मचारी व्यवस्थापन, शैक्षिक सुशासन, भौतिक पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सिकाइ उपलब्धि अभिवृद्धि तथा शैक्षिक गुणस्तर सुधारलगायतका विविध आयामलाई समेट्दछ।

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना निर्माणदेखि स्रोत परिचालन, कार्यक्रम सञ्चालन, अन्तरनिकाय समन्वय, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणसम्मका सम्पूर्ण प्रक्रियालाई स्पष्ट, व्यवस्थित र उत्तरदायी बनाउँछ । यसका लागि आवश्यक संस्थागत संरचना, कार्यविधि तथा जिम्मेवारी निर्धारण गरिनुका साथै उपलब्ध स्रोत–साधनको अधिकतम उपयोग र परिणाममुखी व्यवस्थापनमा विशेष जोड दिन्छ।

योजनाको सफल कार्यान्वयनका लागि स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय तथा अन्य सरोकारवाला निकायहरूबीच सहकार्य, समन्वय र साझेदारीलाई सुदृढ बनाउँछ। यस प्रकारको सहभागितामूलक कार्यप्रणालीले योजनाप्रति स्वामित्व अभिवृद्धि गर्नुका साथै शैक्षिक विकासका लक्ष्यहरू प्रभावकारी रूपमा हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

### ५.२.२ वर्तमान अवस्थाः

सुन्दरबजार नगरपालिकाले आफ्नो संवैधानिक तथा कानुनी अधिकारक्षेत्रअनुसार शिक्षा क्षेत्रको समग्र विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रभावकारी प्रबन्ध गर्नेछ। शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षासम्बन्धी कार्यक्रमहरूको समन्वय, सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

योजना कार्यान्वयनका क्रममा विद्यालयको शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण, विद्यालय सुधार योजनाको कार्यान्वयनमा सहजीकरण, शिक्षक दरबन्दी व्यवस्थापन तथा पुनर्वितरण, शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण तथा शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गरिनेछ । साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान शैक्षिक पहुँच विस्तार, विद्यालय पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढीकरणलाई प्राथमिकता दिइनेछ।

योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक कानुन, कार्यविधि तथा निर्देशिकाको निर्माण, पर्याप्त बजेट तथा स्रोत–साधनको सुनिश्चितता, तीनै तहका सरकारबीच समन्वय र सहकार्य, वार्षिक रणनीतिक तथा कार्यान्वयन योजना तर्जुमा, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी तथा सरोकारवालाहरूको अभिमुखीकरण र प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै तथ्याङ्कमा आधारित निर्णय प्रणाली र आवश्यक जनशक्ति व्यवस्थापनमार्फत योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

### ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने । अभिभावक शिक्षा कार्यक्रमलाई योजनावद्ध रुपम सञ्चालन गर्ने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**१. शिक्षा योजनाको संस्थागत कार्यान्वयन संरचना निर्माण**

नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना, जिम्मेवारी तथा कार्यविभाजन निर्धारण गरिनेछ । नगर शिक्षा समिति, शिक्षा शाखा, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवाला निकायबीच समन्वयात्मक कार्य प्रणाली विकास गरिनेछ । योजना कार्यान्वयनका लागि आवश्यक कार्यविधि, निर्देशिका तथा सञ्चालन मापदण्ड तयार गरी लागू गरिनेछ ।

## २. वार्षिक कार्ययोजना तथा बजेटसँग एकीकरण

नगर शिक्षा योजनाका लक्ष्य तथा कार्यक्रमलाई वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग आबद्ध गरिनेछ। योजनाका रणनीति र क्रियाकलापलाई वार्षिक कार्ययोजनामा रूपान्तरण गरी जिम्मेवार निकाय, समयसीमा, स्रोत तथा अपेक्षित उपलब्धि स्पष्ट गरिनेछ। योजना र बजेटबीचको तादात्म्यता सुनिश्चित गरी स्रोतको प्रभावकारी परिचालन गरिनेछ।

## ३. स्रोत व्यवस्थापन तथा साझेदारी विकास

शिक्षा योजनाको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय, प्राविधिक तथा मानव स्रोतको सुनिश्चितता गरिनेछ। संघीय तथा प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, सहकारी, समुदाय तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी विकास गरी स्रोत परिचालन गरिनेछ। उपलब्ध स्रोतको न्यायोचित तथा नतिजामूलक उपयोग सुनिश्चित गरिनेछ।

## ४. क्षमता विकास तथा संस्थागत सुदृढीकरण

शिक्षा योजना कार्यान्वयनमा संलग्न जनप्रतिनिधि, शिक्षा शाखाका कर्मचारी, प्रधानाध्यापक, शिक्षक कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाको क्षमता विकास गरिनेछ। योजना व्यवस्थापन, कार्यक्रम सञ्चालन, वित्तीय व्यवस्थापन, अनुगमन तथा प्रतिवेदनसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. तथ्यमा आधारित योजना कार्यान्वयन

शिक्षासम्बन्धी अद्यावधिक तथ्याङ्क, अनुसन्धान तथा प्रमाणमा आधारित निर्णय प्रणाली विकास गरिनेछ। EMIS, विद्यालय प्रोफाइल, शैक्षिक उपलब्धि तथा अन्य सूचकको विश्लेषण गरी योजना कार्यान्वयन तथा स्रोत विनियोजन गरिनेछ। तथ्याङ्क व्यवस्थापन प्रणालीलाई नियमित अद्यावधिक र प्रविधिमैत्री बनाइनेछ।

## ६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सुदृढीकरण

योजना कार्यान्वयनको नियमित अनुगमन, समीक्षा तथा मूल्याङ्कन प्रणाली विकास गरिनेछ। वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक प्रगति समीक्षा बैठक सञ्चालन गरी उपलब्धि तथा चुनौतीहरूको विश्लेषण गरिनेछ। नतिजामा आधारित अनुगमन तथा प्रतिवेदन प्रणालीमार्फत योजना कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गरिनेछ।

### ७. समन्वय तथा अन्तरनिकाय सहकार्य प्रवर्द्धन

शिक्षा क्षेत्रका विभिन्न निकाय, वडा कार्यालय, विद्यालय, समुदाय तथा अन्य सरोकारवालाबीच नियमित समन्वय तथा संवादको व्यवस्था गरिनेछ। शिक्षा योजना कार्यान्वयनमा बहुपक्षीय सहभागिता तथा साझा उत्तरदायित्वको अभ्यासलाई संस्थागत गरिनेछ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | १ | १ | १ | १ |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | ३ | ३ | ३ | ३ |
| ३ | बजेट सुनिश्चितता | भएको | हुने | हुने | हुने |
| ४ | स्रोत परिचालन | भएको | हुने | हुने | हुने |
| ५ | क्षमता विकास तालिम | भएको | हुने | हुने | हुने |
| ६ | EMIS तालिम तथा सुदृढीकरण | भएको | हुने | हुने | हुने |
| ७ | नियमित अनुगमन | भएको | हुने | हुने | हुने |
| ८ | प्रगति समीक्षा | भएको | हुने | हुने | हुने |
| ९ | अन्तरनिकाय समन्वय | भएको | हुने | हुने | हुने |
| १० | सार्वजनिक सुनुवाइ | भएको | हुने | हुने | हुने |
| ११ | सामाजिक परीक्षण | भएको | हुने | हुने | हुने |
| १२ | कार्यक्रम प्रगति समिक्षा तथा प्रतिवेदन प्रकाशन | | १ | १ | १ |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

सुन्दरबजार नगरपालिकाले शिक्षा योजनामा समावेश भएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सपुररीक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम

कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.३.२ वर्तमान अवस्था

सुन्दरबजार नगरपालिकाले शिक्षा क्षेत्रका कार्यक्रम तथा सेवाहरूको प्रभावकारिता, गुणस्तर र नतिजा सुनिश्चित गर्न नियमित अनुगमन, नियमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउनेछ । हाल शिक्षा शाखा, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्वमा अनुगमन हुने गरेको भए पनि सुधारात्मक सुझावहरूको प्रभावकारी कार्यान्वयन तथा स्थायी अनुगमन प्रणालीको विकास आवश्यक रहेको छ।

यस योजनाअन्तर्गत ऐन, नियम तथा नीतिअनुसार कार्यसम्पादन भए–नभएको परीक्षण, निर्धारित लक्ष्य तथा सूचकका आधारमा प्रगति मूल्याङ्कन, सेवा प्रवाहको वित्तीय, व्यवस्थापकीय तथा प्राविधिक पक्षको लेखाजोखा तथा समीक्षा नियमित रूपमा गरिनेछ। साथै योजनाको उपलब्धि, सिकाइ, नवप्रवर्तन तथा असल अभ्यासहरूको दस्तावेजीकरण, प्रकाशन तथा प्रचारप्रसारलाई संस्थागत गरिनेछ।

नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूलाई अभिमुखीकरण गरिने, सूचना तथा सञ्चार प्रविधिसहित विभिन्न माध्यमबाट योजनाबारे जानकारी प्रवाह गरिने तथा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि सम्बन्धित निकायहरूसँग नियमित सम्पर्क र समन्वय गरिनेछ। योजना कार्यान्वयन, अनुगमन तथा समीक्षा सम्बन्धी बैठकहरू आवश्यकता तथा स्वीकृत कार्यतालिकाअनुसार नियमित रूपमा सञ्चालन गरिनेछन्।

### ५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु
ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु
ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने।
ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने।
ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्यः**

**१. अनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत विकास**

सुन्दरबजार नगरपालिकाले शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरिनेछ । शिक्षा योजनाका लक्ष्य, सूचक, आधाररेखा, उपलब्धि मापनका विधि तथा प्रतिवेदन ढाँचालाई व्यवस्थित गरी संस्थागत गरिनेछ । शिक्षा शाखा, वडा कार्यालय, विद्यालय तथा सरोकारवालाबीच समन्वित अनुगमन प्रणाली निर्माण गरिनेछ ।

**२. नियमित अनुगमन तथा सुपरीवेक्षण**

शिक्षा योजनाअन्तर्गत सञ्चालित कार्यक्रम, परियोजना तथा विद्यालयहरूको नियमित स्थलगत अनुगमन गरिनेछ । विद्यालयको शैक्षिक, प्रशासनिक, वित्तीय तथा भौतिक पक्षको नियमित अवलोकन गरी समस्या, चुनौती तथा सुधारका क्षेत्र पहिचान गरिनेछ । अनुगमनलाई केवल निरीक्षणमा सीमित नराखी सुधारमुखी तथा सहयोगात्मक बनाइनेछ ।

**३. नतिजामा आधारित अनुगमन प्रणाली लागू**

कार्यक्रमले खर्च गरेको बजेट वा सम्पन्न गरेका गतिविधिभन्दा पनि प्राप्त नतिजा र प्रभावलाई केन्द्रमा राखी नतिजामा आधारित अनुगमन प्रणाली लागू गरिनेछ । सिकाइ उपलब्धि, भर्नादर, टिकाउ दर, शिक्षक कार्यसम्पादन, विद्यालय सुशासन तथा अन्य सूचकहरूको नियमित मापन र विश्लेषण गरिनेछ ।

**४. तथ्याङ्क संकलन, विश्लेषण तथा सूचना व्यवस्थापन**

EMIS, विद्यालय प्रतिवेदन, शैक्षिक उपलब्धि, अनुगमन प्रतिवेदन तथा अन्य तथ्याङ्क स्रोतहरूलाई एकीकृत गरी तथ्यमा आधारित निर्णय प्रणाली विकास गरिनेछ । सङ्कलित तथ्याङ्कको नियमित विश्लेषण गरी नीति निर्माण, स्रोत विनियोजन तथा कार्यक्रम सुधारमा प्रयोग गरिनेछ ।

### ५. समस्या समाधान तथा सुधारात्मक कार्ययोजना निर्माण

अनुगमनबाट प्राप्त समस्या, चुनौती तथा कमजोरीलाई समयमै सम्बोधन गर्न सुधारात्मक कार्ययोजना निर्माण तथा कार्यान्वयन गरिनेछ। विद्यालय तथा सरोकारवालालाई आवश्यक प्राविधिक सहयोग, परामर्श तथा मार्गदर्शन उपलब्ध गराइनेछ। समस्याको समाधानमा केन्द्रित अनुगमन संस्कृतिको विकास गरिनेछ।

### ६. आवधिक समीक्षा तथा प्रगति मूल्याङ्कन

त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठक सञ्चालन गरी योजनाको प्रगति, उपलब्धि तथा चुनौतीहरूको समीक्षा गरिनेछ। योजनाका सूचक तथा लक्ष्यअनुसार प्रगति मापन गरी आवश्यक सुधारका निर्णयहरू लिइनेछ। समीक्षा प्रक्रियालाई सहभागीमूलक तथा प्रमाणमा आधारित बनाइनेछ।

### ७. मध्यावधि तथा अन्तिम मूल्याङ्कन सञ्चालन

शिक्षा योजनाको मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरी योजना कार्यान्वयनको प्रभावकारिता, सान्दर्भिकता, दक्षता, प्रभाव तथा दिगोपनाको अध्ययन गरिनेछ। मूल्याङ्कनबाट प्राप्त निष्कर्ष तथा सुझावलाई आगामी योजना तथा कार्यक्रम निर्माणमा उपयोग गरिनेछ।

### ८. सरोकारवालाको सहभागिता तथा सामाजिक उत्तरदायित्व

अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा जनप्रतिनिधि, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा समुदायको सहभागिता सुनिश्चित गरिनेछ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा नागरिक प्रतिवेदनमार्फत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

### ९. सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली विकास

अनुगमन तथा मूल्याङ्कनलाई छिटो, विश्वसनीय तथा प्रभावकारी बनाउन डिजिटल ड्यासबोर्ड, EMIS, मोबाइल एप तथा अनलाइन प्रतिवेदन प्रणाली विकास गरिनेछ। विद्यालय तथा शिक्षा शाखाबीच सूचना आदानप्रदानलाई प्रविधिमैत्री बनाइनेछ।

### १०. सिकाइ, अनुसन्धान तथा पृष्ठपोषण प्रणाली विकास

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त अनुभव, सिकाइ तथा उत्कृष्ट अभ्यासलाई दस्तावेजीकरण गरी भावी योजना निर्माणमा प्रयोग गरिनेछ। अनुसन्धान, अध्ययन तथा प्रमाणमा आधारित योजना निर्माणको संस्कृति विकास गर्नुपर्छ। मूल्याङ्कनलाई केवल प्रतिवेदन तयार गर्ने प्रक्रियाभन्दा नीति सुधार तथा निर्णय निर्माणको आधारका रूपमा स्थापित गरिनेछ।

लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२& |
|---|---|---|---|---|---|
| | | २०८२ | | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | १ | १ | १ | १ |
| २ | वार्षिक अनुगमन योजना | भएको | हुने | हुने | हुने |
| ३ | नियमित विद्यालय अनुगमन | भएको | हुने | हुने | हुने |
| ४ | EMIS सुदृढीकरण | भएको | अझ व्यवस्थित हुने | | |
| ५ | त्रैमासिक  तथा वार्षिक समीक्षा | भएको | हुने | हुने | हुने |
| ६ | सार्वजनिक सुनुवाइ | भएको | हुने | हुने | हुने |
| ७ | डिजिटल अनुगमन | नभएको | हुने | हुने | हुने |
| ८ | सरोकारवाला सहभागिता | भएको | हुने | हुने | हुने |
| ९ | पृष्ठपोषण प्रणाली | भएको | हुने | हुने | हुने |

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक अधिकार सुनिश्चित गरेको छ । यस संवैधानिक व्यवस्थाअनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन तथा विकासको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास तथा शिक्षा, खुला तथा दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्र तथा औपचारिक शैक्षिक संरचनाबाहिर सञ्चालन हुने ट्युशन तथा कोचिङ केन्द्रहरूको नियमन, व्यवस्थापन र विकाससम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

स्थानीय तहको कार्यक्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरूलाई आवश्यक अनुदान उपलब्ध गराउने, वित्तीय अनुशासन कायम गर्ने, लेखापरीक्षणलाई प्रभावकारी बनाउने तथा सार्वजनिक स्रोतको पारदर्शी, उत्तरदायी र परिणाममुखी उपयोग सुनिश्चित गर्ने दायित्व पनि स्थानीय सरकारकै रहेको छ । त्यसैले उपलब्ध सीमित स्रोत–साधनको मितव्ययी, नियमित, प्रभावकारी तथा पारदर्शी व्यवस्थापन शिक्षा क्षेत्रको दिगो विकासका लागि अपरिहार्य रहेको छ ।

यस शिक्षा योजनामा वित्तीय व्यवस्थापनलाई दुई प्रमुख आयाममा केन्द्रित गरिएको छ । पहिलो, योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको यथार्थपरक आँकलन, परिचालन, व्यवस्थापन तथा उपयोग; र दोस्रो, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदान, सहायता तथा वित्तीय स्रोतहरूको उद्देश्यअनुरूप पारदर्शी, प्रभावकारी र उत्तरदायी ढङ्गले परिचालन गरी विद्यालय तथा शैक्षिक संस्थासम्म पुऱ्याउने व्यवस्था । यस प्रक्रियामार्फत समग्र शिक्षा क्षेत्रमा वित्तीय अनुशासन, सुशासन तथा जवाफदेहितालाई सुदृढ बनाइनेछ ।

शिक्षा विकासका लागि वित्तीय स्रोत तथा भौतिक पूर्वाधार दुवै आधारभूत पूर्वशर्तका रूपमा रहेका छन् । यद्यपि शिक्षामा आवश्यक स्तरको लगानी वृद्धि, यथार्थपरक योजना निर्माण तथा स्रोतको वैज्ञानिक विनियोजन अपेक्षाअनुसार हुन सकेको छैन । आवश्यकता, प्राथमिकता र तथ्यगत आधारभन्दा बाहिर गएर गरिने बजेट विनियोजनले स्रोतको प्रभावकारी उपयोगमा चुनौती सिर्जना गरेको छ । साथै सामुदायिक विद्यालयप्रति समुदायको लगानी तथा अपनत्वको भावना क्रमशः कमजोर बन्दै जानु पनि अर्को चुनौतीका रूपमा देखिएको छ । संविधानले शिक्षालाई लगानीमैत्री क्षेत्रका रूपमा विकास गर्दै सार्वजनिक तथा निजी दुवै क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति अवलम्बन गरेको सन्दर्भमा शिक्षा क्षेत्रमा लगानी विस्तारको पर्याप्त सम्भावना विद्यमान छ ।

कमजोर शैक्षिक पूर्वाधारलाई गुणस्तरीय तथा सुविधा सम्पन्न बनाउने, विद्यालयहरूको आर्थिक क्षमता सुदृढ गर्ने, शिक्षा क्षेत्रमा परिचालित स्रोत–साधनको पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने तथा स्रोत परिचालनलाई नतिजामुखी बनाउने विषयहरू आगामी दिनका प्रमुख चुनौती तथा प्राथमिकताका क्षेत्रहरू हुन् । शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका साथै विभिन्न तहका सरकारहरूको एकल अधिकारको क्षेत्रभित्र समेत समेटिएको व्यवस्थाले बहुपक्षीय स्रोत परिचालन, सहलगानी तथा साझेदारीमार्फत शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ । यस अवसरको अधिकतम उपयोग गर्दै शिक्षा क्षेत्रमा पर्याप्त, दिगो तथा न्यायोचित वित्तीय स्रोत सुनिश्चित गरिनेछ ।

## ६.२ वर्तमान अवस्था

दिगो विकास लक्ष्य (SDGs) तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षा क्षेत्रमा कुल सार्वजनिक बजेटको कम्तीमा २० प्रतिशत लगानी सुनिश्चित गर्नुपर्ने मान्यता रहे तापनि शिक्षा क्षेत्रको बजेट हिस्सा अपेक्षाअनुरूप वृद्धि हुन सकेको छैन । हाल सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानको अधिकांश हिस्सा शिक्षक तलब–भत्ता, छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक तथा भौतिक पूर्वाधार विकासजस्ता अनिवार्य शीर्षकहरूमा खर्च हुने गरेको छ । यस कारण शैक्षिक गुणस्तर अभिवृद्धि, नवप्रवर्तन तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहको स्रोत परिचालन महत्वपूर्ण बनेको छ ।

सुन्दरबजार नगरपालिकाभित्रका विद्यालयहरूको वित्तीय अवस्थाको विश्लेषण गर्दा अभिभावक तथा समुदायको प्रत्यक्ष योगदान, स्थानीय सहयोग तथा अन्य आन्तरिक स्रोतहरू विद्यालय सञ्चालनका सहायक आधारका रूपमा रहेका छन् । तथापि शिक्षा क्षेत्रको दिगो विकासका लागि सार्वजनिक लगानी, समुदायको सहभागिता तथा साझेदारीमा आधारित स्रोत परिचालनलाई थप सुदृढ बनाउनु आवश्यक छ ।

नगर शिक्षा योजना कार्यान्वयनका प्रमुख वित्तीय स्रोतहरू सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त अनुदान, राजस्व तथा अन्य वित्तीय स्रोतहरू रहनेछन् । साथै अभिभावक, समुदाय, निजी क्षेत्र, विकास साझेदार तथा शिक्षा क्षेत्रमा कार्यरत सङ्घ–संस्थाहरूको सहयोग र साझेदारीलाई पूरक स्रोतका रूपमा परिचालन गरिनेछ ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत सुनिश्चित गर्ने, विद्यालयहरूको आवश्यकता तथा प्राथमिकताका आधारमा स्रोत विनियोजन गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धिमा लगानी केन्द्रित गर्ने तथा स्रोत–साधनको पारदर्शी, मितव्ययी र परिणाममुखी उपयोगमार्फत वित्तीय सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । साथै नतिजामा आधारित स्रोत विनियोजन प्रणाली अवलम्बन गरी नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक तथा प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । यस योजनाको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको आकलन तथा सम्भावित स्रोतहरूको प्रक्षेपण निम्नानुसार प्रस्तुत गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ देखि आर्थिक वर्ष २०९२/९३ सम्म जम्मा १० वर्षको प्रस्तावित बजेट आँकलन प्रस्तुत गरिएको छ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | २२७३५०००००० | ७० | |
| २ | प्रदेश सरकार | २५९८०००००० | ८ | |
| ३ | स्थानीय सरकार | ३२४८०००००० | १० | |
| ४ | अभिभावक तथा समुदाय | १६२४०००००० | ५ | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | ९७४०००००० | ३ | |
| ६ | अपुग रकम | १२९९०००००० | ४ | |
| | जम्मा | ३२४७८०००००० | १०० | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| (क) प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | | जम्मा लागत | कै. |
| १ | तलबभत्ता | २४४ | २४४ | २४४ | २६० | २६० | २६० | २८० | २८० | २८० | ३०० | २६५२ | |
| २ | सहजकर्ता तथा सहयोगी कार्यकर्ताको क्षमता विकास | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | १९ | |
| ३ | बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड सुधार तथा व्यवस्थापन | २५ | १५ | ५ | ५ | ५ | ५ | १० | १० | १० | १० | १०० | |
| ४ | सिकाइ कुना व्यवस्थापन | १० | १० | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ६० | |
| ५ | अभिभावक शिक्षा कार्यक्रम | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० | |
| जम्मा | | २८१ | २७२ | २५७ | २७३ | २७३ | २७३ | २९८ | २९८ | २९८ | ३१८ | २८४१ | |
| (ख) आधारभूत शिक्षा | | | | | | | | | | | | | |
| १ | शिक्षक तथा कर्मचारीहरुको तलबभत्ता | १४७५ | १४७५ | १४७५ | १४७५ | १६२० | १६२० | १६२० | १६२० | १७०० | १७०० | १५७८० | |
| २ | शिक्षक पेशागत विकास कार्यक्रम | ५ | ५ | ५ | ६ | ६ | ६ | ७ | ७ | ७ | ७ | ६१ | |
| ३ | विद्यालय नक्साङ्कन/दरबन्दी मिलान/समायोजन | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | २ | |
| ४ | परीक्षा व्यवस्थापन तथा प्रमाणिकरण | ६ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ८ | ८ | ७० | |
| ५ | उत्कृष्ट शिक्षक विद्यार्थी सम्मान | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २७ | |
| ६ | उत्कृष्ट विद्यार्थी छात्रवृत्ति कार्यक्रम | २ | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | २५ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| ७ | अभिभावक सचेतना कार्यक्रम | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २८ | |
| ८ | प्रविधिमैत्री शिक्षा कार्यक्रम | ४० | ४० | ४० | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २९५ | |
| ९ | विद्यार्थी प्रतिभा प्रदर्शनी तथा शैक्षिक सामग्री निर्माण | ५ | ५ | ५ | ५ | ६ | ६ | ६ | ६ | ६ | ६ | ५६ | |
| १० | पोषण तथा दिवा खाजा | ६० | ६० | ६० | ७० | ७० | ७० | ७० | ८० | ९० | १०० | ७३० | |
| ११ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | २० | २० | २० | २५ | २५ | २५ | २५ | ३० | ३० | ३० | २५० | |
| | जम्मा | १६१७ | १६१९ | १६१९ | १६२१ | १७६७ | १७६८ | १७७० | १७८४ | १८७५ | १८८५ | १७३२४ | |
| (ग) माध्यमिक शिक्षा | | | | | | | | | | | | | |
| १ | शिक्षक तथा कर्मचारी तलबभत्ता | ६२५ | ६२५ | ६२५ | ६२५ | ६८५ | ६८५ | ६८५ | ६८५ | ७५५ | ७५५ | ६७५० | |
| २ | विषयगत शिक्षक व्यवस्थापन | ३ | ३ | ४ | ४ | ५ | ५ | ५ | ६ | ६ | ६ | ४७ | |
| ३ | विद्यालय व्यवस्थापन समिति लगाय शैक्षिक सरोकारवालाहरुको लागि क्षमता विकास कार्यक्रम | १ | १ | १ | २ | २ | २ | २ | २ | ३ | ३ | १९ | |
| ४ | उत्कृष्ट शिक्षक विद्यार्थी सम्मान कार्यक्रम | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २० | |
| ५ | नतिजा विश्लेषण | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० | |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | २० | २० | २५ | २५ | २५ | २५ | २५ | ३० | ३० | ३० | २५५ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| ७ | अपाङ्गता भएका र विपन्न विद्यार्थीलाई प्रोत्साहन | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | १७ | |
| ८ | प्रयोगशाला तथा पुस्तकालय | २० | २० | २० | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २३५ | |
| ९ | विद्यार्थी स्वास्थ्य परिक्षण तथा सरसफाई | ३ | ३ | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४४ | |
| १० | विद्यार्थी वृत्तिमार्ग निर्देशन | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २९ | |
| ११ | पढ्दै कमाउदै कार्यक्रम | २ | २ | ३ | ३ | ३ | ५ | ५ | ५ | ५ | ६ | ३९ | |
| जम्मा | | ६८० | ६८१ | ६८८ | ६९७ | ७५८ | ७६० | ७६० | ७६६ | ८३७ | ८३८ | ७४६५ | |
| (घ)अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | | | | | | | | | | | | | |
| १ | साक्षरता तथा आजीवन शिक्षा कार्यक्रम सञ्चालन | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५० | |
| २ | सामुदायिक सिकाइ केन्द्रहरुहरुको क्षमता विकास कार्यक्रम | २ | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | २५ | |
| ३ | विद्यालय बाहिर रहेका बालकालिकाको विवरण संकलन तथा सिकाइ निरन्तरता कार्यक्रम | ३ | ३ | ३ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ३७ | |
| ४ | नवसाक्षरहरुका लागि सूचना सञ्चार प्रविधि तथा उद्यमशिलता | २ | २ | २ | ३ | ३ | ३ | ३ | ४ | ४ | ४ | ३० | |
| ५ | खुला इ-पुस्तकालय निर्माण | ० | ५ | ५ | ५ | ५ | ० | ० | ५ | ५ | ५ | ३५ | |
| ६ | आयआर्जन समूह परिचालन | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| | जम्मा | २३ | २८ | २८ | ३० | ३० | २६ | २६ | ३२ | ३२ | ३२ | २८७ | |
| (ङ)पाठ्यक्रम तथा मूल्यांकन | | | | | | | | | | | | | |
| १ | पाठ्यक्रम प्रवोधीकरण कार्यक्रम सञ्चालन | ३ | ३ | ३ | ४ | ४ | ४ | ४ | ५ | ५ | ५ | ४० | |
| २ | निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली व्यवस्थापन | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३० | |
| ३ | निशुल्क पाठ्यक्रम तथा पाठ्यपुस्तक | २५ | २५ | २५ | २८ | २८ | २८ | ३० | ३० | ३० | ३० | २७९ | |
| ४ | विद्यालय अनुगमन तथा व्यवस्थापन | २ | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | २५ | |
| ५ | प्रश्नपत्र निर्माण कार्याशाला | १ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २५ | |
| ६ | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री | १ | २ | ० | ० | ० | ५ | २ | २ | ० | ० | १२ | |
| | जम्मा | ३५ | ३७ | ३५ | ३९ | ४० | ४६ | ४५ | ४६ | ४४ | ४४ | ४११ | |
| (च) शिक्षक व्यवस्थापन र विकास | | | | | | | | | | | | | |
| १ | विषयगत शिक्षक व्यवस्थापन | ३५ | ३५ | ३५ | ४० | ४० | ४० | ४० | ५० | ५० | ५० | ४१५ | |
| २ | विषयगत शिक्षक सञ्जाल निर्माण तथा परिचालन | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६० | |
| ३ | सिकाइ अनुभव आदान प्रदान कार्यक्रम | ४ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४७ | |
| ४ | शिक्षक कार्यसम्पादन करार | ० | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १४ | |
| ५ | शिक्षक प्रतिभा प्रस्तुती | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २६ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| ६ | शिक्षक उत्प्रेरणा तथा पुरष्कार कार्यक्रम | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ४ | ४ | २९ | |
| ७ | प्रधानाध्यापक नेतृत्व विकास | १ | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | २४ | |
| ८ | कार्यमूलक अनुसन्धान तथा मूल्यांकन | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | १६ | |
| | जम्मा | ५१ | ५३ | ५३ | ६० | ६२ | ६४ | ६४ | ७४ | ७५ | ७५ | ६३१ | |
| (छ)समता र समावेशीकरण | | | | | | | | | | | | | |
| १ | स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन | १५ | १५ | १८ | १८ | १८ | २० | २० | २० | २० | २० | १८४ | |
| २ | मातृभाषामा पाठ्यक्रम/ पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन | ० | ५ | ० | ० | ० | ० | ८ | ० | ० | ० | १३ | |
| ३ | अपाङ्गतामैत्री भौतिक संरचना निर्माण | २ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४७ | |
| ४ | स्वास्थ्य तथा पोषण कार्यक्रम | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २० | |
| ५ | लक्षित छात्रवृत्ति कार्यक्रम | १ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २५ | |
| | जम्मा | २० | २९ | २७ | २७ | २८ | ३० | ३८ | ३० | ३० | ३० | २८९ | |
| (ज)शिक्षामा सूचना तथा सञ्चार प्रविधि | | | | | | | | | | | | | |
| १ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | ६० | ५० | ५० | ५० | २० | २० | १० | १० | १० | १० | २९० | |
| २ | कक्षाकोठाहरु ICT मैत्री | ४० | ४० | ४० | ३० | ३० | ३० | २० | २० | २० | २० | २९० | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| ३ | विद्यालयहरुमा इ-हाजिरी व्यवस्थापन | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | |
| ४ | विद्यालयहरुमा इन्टरनेट व्यवस्थापन | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५० | |
| ५ | शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७० | |
| ६ | डिजिटल मूल्यांकन प्रणाली | ० | ५ | ५ | ५ | १० | १० | १० | १० | १० | १० | ७५ | |
| ७ | विद्यालयहरुमा आधुनिक विज्ञान प्रयोगशाला | २० | २० | २० | २० | २० | २० | १० | १० | १० | १० | १६० | |
| | जम्मा | १३७ | १२७ | १२७ | ११७ | ९२ | ९२ | ६२ | ६२ | ६२ | ६२ | ९४० | |
| (झ) विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | | | | | | | | |
| १ | आधुनिक पूर्वाधार सहितका विद्यालय भवन निर्माण | ० | १०० | ० | ० | १०० | ० | ० | १०० | ० | १०० | ४०० | |
| २ | विद्यालयहरुको भौतिक पूर्वाधार सुधार | ५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १४० | |
| ३ | आधुनिक सुविधा सहितको शौचालय निर्माण | ५ | ३० | ३० | ३० | ३० | ४० | ४० | ४० | ४० | ४० | ३२५ | |
| ४ | विद्यालयमा शुद्ध खानेपानी प्रबन्ध | ५ | ५ | ५ | १० | १० | १० | १० | १० | १० | १० | ८५ | |
| ५ | हरित विद्यालय अनुकुल विद्यालय वातावरण निर्माण | ५ | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | ९५ | |
| ६ | विद्यालयहरुमा खेलमैदान निर्माण | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १०० | |
| | जम्मा | ३० | १७० | ७० | ७५ | १७५ | ८५ | ८५ | १८५ | ८५ | १८५ | ११४५ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| (ञ)आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा | | | | | | | | | | | | | |
| १ | विद्यालयहरुमा सुरक्षा योजना निर्माण सहयोग | ५ | ५ | ५ | ५ | ० | ० | ० | ० | ५ | ५ | ३० | |
| २ | सुरक्षित विद्यालय संरचना व्यवस्थापन | ५ | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | ९५ | |
| ३ | शिक्षकलाई आपतकालीन शिक्षा तथा मनोसामाजिक सहयोग तालिम | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४८ | |
| ४ | सिकाइ क्षति न्यूनीकरण कार्यक्रम कार्यान्वयन | ५ | ७ | ७ | ७ | ७ | १० | १० | १० | १० | १० | ८३ | |
| ५ | जोखिममा रहेका बालबालिकाको पहिचान तथा सहयोग कार्यक्रम | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | १९ | |
| जम्मा | | १९ | २९ | २९ | २९ | २४ | २७ | २७ | २७ | ३२ | ३२ | २७५ | |
| (ट)विद्यालय सुरक्षा | | | | | | | | | | | | | |
| १ | विद्यालयहरुमा कम्पाउण्ड वाल निर्माण | १० | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १४५ | |
| २ | विपद् पूर्वतयारी, विपद्को समयमा शिक्षा, उत्थानशिलता लगायतका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १०० | |
| जम्मा | | २० | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २४५ | |
| (ठ)सुशासन तथा व्यवस्थापन | | | | | | | | | | | | | |
| १ | कार्यसम्पादनमा आधारित अनुदान व्यवस्थापन | ३ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ५७ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| २ | प्रधानाध्यापक प्रोत्साहन अनुदान | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० | |
| | शैक्षिक नेतृत्व विकास तालिम | १० | १० | १० | १५ | १५ | १५ | १५ | १५ | २० | २० | १४५ | |
| ३ | विद्यालय सुधार योजना निर्माण | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४९ | |
| ४ | शैक्षिक योजना कार्यन्वयन क्यालेण्डर निर्माण | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५० | |
| ५ | नगर शिक्षा समिति बैठक | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २० | |
| ६ | सार्वजनिक सुनुवाई तथा सुझाव संकलन | १ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २५ | |
| ७ | नियमित लेखापरीक्षण तथा सामाजिक परीक्षण | ४ | ४ | ६ | ६ | ६ | ७ | ७ | ७ | ८ | ८ | ६३ | |
| जम्मा | | ३० | ३५ | ३७ | ४२ | ४३ | ४४ | ४४ | ४४ | ५० | ५० | ४१९ | |
| (ड)योजना कार्यान्वयन अनुगमन तथा मूल्यांकन समन्वय र सहजीकरण | | | | | | | | | | | | | |
| १ | चौमासिक तथा वार्षिक समीक्षा | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | १७ | |
| २ | वार्षिक स्थिति प्रतिवेदन तयारी तथा प्रकाशन | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २७ | |
| ३ | विद्यालयहरुको सार्वजनिक परीक्षण | ३ | ३ | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४४ | |
| ४ | नतिजामा आधारित अनुगमन प्रणालीको विकास | २ | ५ | ५ | ५ | ८ | ८ | ८ | १० | १० | १० | ७१ | |
| ५ | विषयगत शिक्षकहरुद्धारा विद्यालय नियमित अनुगमन | २ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४७ | |

| क्र.सं. | शिक्षाका उपक्षेत्रहरु | भौतिक लक्ष्य (१० वर्ष) प्रति इकाइ लागत लाखमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ | २०९२/०९३ | | |
| | जम्मा | १० | १६ | १६ | २० | २३ | २३ | २३ | २५ | २५ | २५ | २०६ | |

# परिच्छेद ७

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

सुन्दरबजार नगरपालिकाले शिक्षा योजना वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सुपरीवेक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

सुन्दरबजार नगरपालिकाले नगर शिक्षा योजनाअन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअनुसार कार्यक्रमहरूको कार्यान्वयन गर्नेछ। योजना कार्यान्वयनमा नगरपालिका तथा विद्यालय तहबीच स्पष्ट जिम्मेवारी बाँडफाँट गरिनेछ र प्रत्येक विद्यालयले तोकिएको कार्ययोजना तथा बजेटको दायराभित्र रही कार्यक्रम सञ्चालन गर्नेछ। कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट, प्राविधिक सहयोग तथा अन्य व्यवस्थापकीय प्रबन्ध शिक्षा, युवा तथा खेलकुद शाखाबाट सुनिश्चित गरिनेछ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन तथा नतिजा सुनिश्चित गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी सक्रिय रूपमा परिचालन गरिनेछ। विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा कार्यक्रमहरूको नियमित अनुगमन तथा समीक्षा गरिने व्यवस्था मिलाइनेछ।

नगरपालिकाले विद्यालयहरूको शैक्षिक, प्रशासनिक, वित्तीय तथा भौतिक पक्षको नियमित अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गर्नेछ। अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा सरोकारवालासँग समीक्षा बैठक आयोजना गरी असल अभ्यास तथा अनुकरणीय कार्यहरूको प्रचारप्रसार गरिनेछ भने सुधार आवश्यक देखिएका क्षेत्रहरूका लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन पालिका तथा विद्यालय तहमा नीतिगत व्यवस्था अनुरूप अनुगमन तथा मूल्याङ्कन समितिहरू गठन गरी तिनलाई सक्रिय र उत्तरदायी रूपमा

परिचालन गरिनेछ । साथै अनुगमन तथा मूल्याङ्कनका निष्कर्षलाई योजना सुधार, स्रोत विनियोजन तथा भावी कार्यक्रम तर्जुमाको आधारका रूपमा उपयोग गरिनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहले आफ्नो शैक्षिक क्षेत्राधिकारअन्तर्गत शिक्षा क्षेत्रका कार्यक्रम, सेवा तथा गतिविधिहरूको अनुगमन, नियमन र मूल्याङ्कन गर्दै आएको छ । हाल शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रूपमा विद्यालय तथा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ भने जनप्रतिनिधिहरूबाट समेत समय–समयमा अनुगमन हुने गरेको छ । विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्वमा आन्तरिक अनुगमनको अभ्यास रहेको छ ।

यद्यपि अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र संयन्त्रहरू स्थापना गरिए पनि तिनको प्रभावकारी परिचालन तथा संस्थागत सुदृढीकरण अझै चुनौतीपूर्ण रहेको छ । अनुगमनबाट प्राप्त सुझावहरूको कार्यान्वयन, कार्यक्रमको नियमित समीक्षा, उपलब्धिको विश्लेषण तथा सुधारात्मक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा अपेक्षित प्रगति हुन सकेको छैन । साथै सफलता, सिकाइ, नवप्रवर्तन तथा असल अभ्यासहरूको व्यवस्थित दस्तावेजीकरण, ज्ञान व्यवस्थापन र प्रचारप्रसारको आवश्यकता समेत महसुस गरिएको छ ।

यस योजनाअन्तर्गत ऐन, नियम, नीति तथा मापदण्डअनुसार कार्यसम्पादन भए–नभएको परीक्षण, निर्धारित लक्ष्य तथा सूचकका आधारमा प्रगति मापन, रणनीति तथा नीतिगत हस्तक्षेपहरूको प्रभाव मूल्याङ्कन तथा सेवा प्रवाहको वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको नियमित अनुगमन, लेखाजोखा तथा समीक्षा गरिनेछ । यसका लागि पालिका तथा विद्यालय तहमा रहेका अनुगमन संयन्त्रहरूलाई थप सुदृढ, सक्रिय र उत्तरदायी बनाइनेछ ।

नगर शिक्षा योजनाको उद्देश्य, कार्यक्रम तथा अपेक्षित उपलब्धिबारे सरोकारवालाहरूलाई नियमित रूपमा जानकारी गराइनेछ र योजना कार्यान्वयनको अवस्थाको सम्बन्धित निकाय तथा सरोकारवालामार्फत नियमित अनुगमन गरिनेछ । अनुगमनबाट प्राप्त निष्कर्ष तथा सुझावहरूलाई योजना सुधार, स्रोत व्यवस्थापन, निर्णय प्रक्रिया तथा आगामी कार्यक्रम तर्जुमाको आधारका रूपमा उपयोग गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको विस्तृत व्यवस्था देहायबमोजिम रहनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, | संयोजक | मासिक | आगन्तुक |
| २ | नगर शिक्षा समिति | निरीक्षण, | संयोजक | मासिक | पुस्तिका, |

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ३ | वडा कार्यालय | सुपरिवेक्षण, प्रतिवेदन | अध्यक्ष तथा पदाधिकारी | मासिक | विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

## ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वियन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,
ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,
घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,
ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,
च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,
ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,
झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,
ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

### १. शिक्षा योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास

सुन्दरबजार नगरपालिकाले नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नेछ । योजनाका प्रत्येक लक्ष्य, रणनीति, कार्यक्रम तथा सूचकका लागि अनुगमन ढाँचा, जिम्मेवार निकाय, प्रतिवेदन प्रणाली तथा उपलब्धि मापनका आधारहरू निर्धारण गर्नेछ । यसले योजना कार्यान्वयनको प्रगति नियमित रूपमा मापन गर्न सहयोग पुऱ्याउनेछ ।

**२. वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक समीक्षा प्रणाली सञ्चालन**

शिक्षा योजनाअन्तर्गत सञ्चालित कार्यक्रमहरूको नियमित समीक्षा गरी प्रगति, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको पहिचान गर्नुपर्नेछ । त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठक सञ्चालन गरी योजना कार्यान्वयनको अवस्थाबारे विश्लेषण तथा निर्णय गर्ने व्यवस्था गरिनेछ ।

**३. विद्यालय तथा कार्यक्रमहरूको नियमित अनुगमन**

नगर शिक्षा योजनासँग सम्बन्धित विद्यालय, शैक्षिक कार्यक्रम तथा परियोजनाहरूको नियमित स्थलगत अनुगमन गरिनेछ । अनुगमनका क्रममा देखिएका समस्या तथा कमजोरीहरूलाई तत्काल सम्बोधन गर्ने प्रणाली विकास गरिनेछ । अनुगमनलाई सहयोगात्मक, सुधारमुखी तथा नतिजामूलक बनाइनेछ ।

**४. तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण**

शिक्षासम्बन्धी तथ्याङ्क, विद्यालय प्रोफाइल, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, भर्ना तथा टिकाउ दर लगायतका सूचनाहरूलाई एकीकृत रूपमा व्यवस्थापन बनाइनेछ । EMIS तथा डिजिटल सूचना प्रणालीलाई अद्यावधिक गर्दै तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउनेछ ।

**५. समस्या समाधान तथा सुधारात्मक कार्ययोजना कार्यान्वयन**

अनुगमन तथा समीक्षाबाट पहिचान भएका समस्या तथा चुनौतीहरूको समाधानका लागि सुधारात्मक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । विद्यालय तथा सम्बन्धित निकायलाई आवश्यक प्राविधिक सहयोग, परामर्श तथा सहजीकरण उपलब्ध गराउनेछ ।

**६. मध्यावधि तथा अन्तिम मूल्याङ्कन सञ्चालन**

नगर शिक्षा योजनाको कार्यान्वयन अवस्थाको वस्तुनिष्ठ मूल्याङ्कन गर्न मध्यावधि तथा अन्तिम मूल्याङ्कन सञ्चालन गरिनेछ । मूल्याङ्कनबाट प्राप्त निष्कर्ष तथा सुझावलाई आगामी योजना, नीति तथा कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

**७. नतिजामा आधारित व्यवस्थापन प्रणाली विकास**

कार्यक्रमले सम्पन्न गरेका गतिविधिभन्दा पनि प्राप्त नतिजा, प्रभाव तथा परिवर्तनलाई प्राथमिकता दिँदै नतिजामा आधारित व्यवस्थापन प्रणाली लागू गरिनेछ । सिकाइ उपलब्धि, पहुँच, समता, गुणस्तर तथा सुशासनसम्बन्धी सूचकहरूको नियमित विश्लेषण गरिनेछ ।

**८. सामाजिक उत्तरदायित्व तथा पारदर्शिता प्रवर्द्धन**

योजना कार्यान्वयन तथा उपलब्धिबारे सार्वजनिक जानकारी गराउने व्यवस्था मिलाइनेछ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक प्रतिवेदन तथा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गराइनेछ।

**९. क्षमता विकास तथा संस्थागत सुदृढीकरण**

शिक्षा शाखा, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा अन्य सरोकारवालाको अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा योजना व्यवस्थापन क्षमता विकास गरिनेछ । आवश्यक तालिम, अभिमुखीकरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

**१०. मूल्याङ्कनमा आधारित योजना निर्माण तथा पृष्ठपोषण प्रणाली विकास**

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त निष्कर्ष, सिकाइ तथा सुझावलाई आगामी आवधिक तथा वार्षिक योजना निर्माणको आधार बनाइनेछ । आवश्यकता पहिचान, स्रोत विनियोजन तथा कार्यक्रम छनोट प्रक्रियामा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई संस्थागत रूपमा समावेश गरिनेछ।

# अनुसूचीहरु

आज मिति २०८३ साल बैशाख २८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को एघारौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

नगर कार्यपालिकाको कार्यालय गण्डकी प्रदेश

तपशिल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम वहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण वहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल वहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| २ | सुजन मिश्र | सू.प्र.अ. | |
| ३ | कृष्ण राज [illegible] | लेखा प्रमुख | |
| ४ | | | |

झ) कृषि विभाग, ललितपुरको सूचना अनुसार मोटो/मध्यम जातको धानको बीउको मूल्य प्रति के.जी रु ६९/- र मसिनो जातको धानको बीउ प्रति के.जी रु ७२/- तोकिएकोमा बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ दफा (८) को खण्ड छ मा व्यवस्था भए अनुसार ढुवानी (ईन्धनको मूल्यमा व्यापक वृद्धि हुँदा ढुवानीको लागतमा समेत वृद्धि) तथा व्यवस्थापन खर्च वापत प्रति के.जी रु १०/- कायम गरी मोटो/मध्यम जातको धानको बीउको मूल्य प्रति के.जी. रु ७९/- र मसिनो जातको धानको मूल्य प्रति के.जी. रु ८२/- कायम गर्ने आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने ।

ञ) डेसिस कार्यक्रम मार्फत हिमालयन गोर्खा एग्रो फार्म, गोर्खा, गोरखा लाई श्रोत केन्द्र तोकिएकोमा उक्त स्थानमा गत वर्ष अनुगमनमा जाँदा बीउको गुणस्तर उपयुक्त नरहेको र यस वर्ष रामधान बीउको मात्रा ३८२ के.जी. मात्र सिफारिस भएको हुँदा ढुवानी लागत, गुणस्तर सुनिचित्ता जस्ता विषयको लेखाजोखा गर्दा उपयुक्त बीउ अन्यबाट ल्याउन सहज हुने देखिएको हुँदा अनुगमनमा नजाने निर्णय अनुमोदन गर्ने ।

ट) नगरकार्यपालिकाको मिति २०८१/१०/२५ को निर्णयबाट सुन्दरबजार नगरपालिकाको स्थानीय शिक्षा योजना मस्यौदा तयारीका लागि कार्यदल निर्माण भएकोमा हालसम्म उक्त योजनाको मस्यौदा निर्माण नभैसकेको हुँदा सो कार्यका लागि देहायको कार्यदल पुनः गठन गर्ने ।

देहाय

संयोजक : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : संयोजक, सामाजिक विकास समिति
सदस्य : शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा
सदस्य : शिक्षा अधिकृत/सहायक शिक्षा अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा
सदस्य सचिव : स्रोत व्यक्ति, शिक्षा युवा तथा खेलकुद शाखा

२०८२।१।२८ — रमेश घर्ति, प्रमुख प्रशासकीय अधिकृत

२०८२।१।२८ — कृष्ण प्रसाद कोइराला, नगर प्रमुख

आज मिति २०८३।०२।३१ गते आइतवारको दिन सुन्दरबजार नगरपालिको नगर शिक्षा योजना (१० वर्षे) को मस्यौँदा माथि रायसुझाव संकलन कार्यको लागि देहाय बमोजिमका जनप्रतिनिधि, शिक्षा योजना निर्माण समिति, शिक्षा समिति र प्रधानाध्यापकज्यूहरुको उपस्थितिमा कार्यशाला सम्पन्न गरीयो ।

**उपस्थिति विवरण**

| क्र.सं. | उपस्थितको नाम थर | पद/ कार्यालय | दस्तखत | कै. |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद कोइराला | नगर प्रमुख/सुन्दरबजार न.पा. | | |
| २ | श्री भवानी के.सी. | नगर उप-प्रमुख/सुन्दरबजार न.पा. | | |
| ३ | श्री रमेश घर्ति | प्रमुख प्रशासकीय अधिकृत/सुन्दरबजार न.पा. | | |
| ४ | श्री दिपकराज ढकाल | सामाजिक विकास स.संयोजक/सुन्दरबजार न.पा. | | |
| ५ | श्री विवेक पण्डित | प्रशासन शाखा प्रमुख/सुन्दरबजार न.पा. | | |
| ६ | श्री ऋषिराम पौडेल | योजना शाखा प्रमुख/सुन्दरबजार न.पा. | | |
| ७ | श्री बिरेन्द्र गौतम | शिक्षा शाखा प्रमुख/सुन्दरबजार न.पा. | | |
| ८ | श्री ध्रुव बहादुर कुँवर | शिक्षा समिति सदस्य | | |
| ९ | श्री रामकृष्ण अधिकारी | शिक्षा समिति सदस्य | | |
| १० | श्री डिल्लि बहादुर रौतैल | शिक्षा समिति सदस्य | | |
| ११ | श्री अनिता दुलाल | शिक्षा समिति सदस्य | | |
| १२ | श्री दुर्गादेवी पौडेल | शिक्षा समिति सदस्य | | |
| १३ | श्री उत्तम बसेल | शिक्षा समिति सदस्य | | |
| १४ | श्री शान्ता भुजेल | शिक्षा समिति सदस्य | | |
| १५ | श्री कृष्णराज सेढाई | लेखा शाखा प्रमुख | | |
| १६ | श्री ललित बहादुर तिवारी | स्रोत व्यक्ति | | |
| १७ | श्री रविन्द्र पौडेल | स.शिक्षा अधिकृत | | |
| १८ | श्री हरिकृष्ण कोइराला | प्र.अ. श्री महेन्द्र मन्दिर मा वि | | |
| १९ | श्री राजिव अधिकारी | प्र.अ.श्री माहादेवी प्रा वि | | |
| २० | श्री कृष्ण प्रसाद पोखरेल | प्र.अ. श्री सर्वोदय मा वि | | |
| २१ | श्री नवराज अधिकारी | प्र.अ. श्री पाणिनी संस्कृत मा वि | | |
| २२ | श्री शिवशंकर तिवारी | प्र.अ. श्री संस्कृति सदन मा वि | | |
| २३ | श्री रामु खनीया | प्र.अ. श्री गाउँफर्क प्रा वि | | |

आज मिति २०८३।०२।३१ गते आइतवारको दिन सुन्दरबजार नगरपालिको नगर शिक्षा योजना (१० वर्षे) को मस्यौँदा माथि रायसुझाव संकलन कार्यको लागि देहाय बमोजिमका जनप्रतिनिधि, शिक्षा योजना निर्माण समिति, शिक्षा समिति र प्रधानाध्यापकज्यूहरुको उपस्थितिमा कार्यशाला सम्पन्न गरीयो।

उपस्थिति विवरण

| क्र.सं. | उपस्थितको नाम थर | पद/ कार्यालय | दस्तखत | कै. |
|---|---|---|---|---|
| २४ | श्री सूर्य बहादुर के सी | प्र.अ. श्री विद्याज्योती मा वि | | |
| २५ | श्री ध्रुवराज अधिकारी | प्र.अ. श्री समाजसेवा मा वि | | |
| २६ | श्री भिमबहादुर लामा | प्र.अ. दुर्गादेवी प्रा वि | | |
| २७ | श्री राजेन्द्र बहादुर भुजेल | प्र.अ. श्री शान्ती निकेतन मा वि | | |
| २८ | श्री नवराज के सी | प्र.अ. श्री आदर्शबाल मा वि | | |
| २९ | श्री शोभा ढुङ्गाना | प्र.अ .श्री आदर्श प्रा वि | | |
| ३० | श्री राजिव रानाभाट | प्र.अ. श्री मर्ष्याङ्दी आ वि | | |
| ३१ | श्री ज्ञान बहादुर कार्की | प्र.अ.श्री भारति सदन मा वि | | |
| ३२ | श्री तुलसी गुरुङ | प्र.अ. श्री अकला आ वि | | |
| ३३ | श्री ओम बहादुर भुजेल | प्र.अ. श्री भक्ती नमुना मा वि | | |
| ३४ | श्री मायानाथ अधिकारी | प्र.अ. श्री भविष्य निर्माण मा वि | | |
| ३५ | श्री तिर्थराज ढकाल | प्र.अ.श्री सौभाग्य सदन मा वि | | |
| ३६ | श्री दिपकहरि कोइराला | प्र.अ.श्री सिद्धि सदन आ वि | | |
| ३७ | श्री बालकृष्ण पन्त | प्र.अ.श्री सरस्वती सदन मा वि | | |
| ३८ | श्री बुधाराम दर्जी | प्र.अ. श्री देवी सदन प्रा वि | | |
| ३९ | श्री मेन बहादुर घले | प्र.अ.श्री ग्लोवल भिजन मा वि | | |
| ४० | श्री दिनेश साप्कोटा | प्र.अ.श्री भुपु सैनिक मा वि | | |
| ४१ | श्री स्मृति गजुरेल | प्र.अ. श्री बालज्योती मा वि | | |
| ४२ | श्री अमृत भुजेल | प्र.अ. श्री भुपु लोटस मन्टेश्वरी | | |
| ४३ | श्री सानुमाया दुरा | शिक्षक, श्री सौभाग्य सदन मा वि | | |